सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१५ मंसिर २०८०, शुक्रबार (1 Dec 2023, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २२१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

जलवायु परिवर्तनबारे विश्वलाई जानकारी गराउँछौं : प्रधानमन्त्री



नेपाल-दुबई बिजनेस फोरमको कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्ड

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले जलवायु परिवर्तनको असर कम गर्न नेपालले गरेका प्रयासबारे विश्व समुदायलाई जानकारी गराउने बताएका छन्। कोप- २८ मा भाग लिन दुबई पुगेका प्रधानमन्त्री प्रचण्डले क्षतिपूर्तिका विषयमा पनि कुराकानी गर्ने बताएका छन्।

स्वागतका लागि युएईस्थित नेपाली राजदूतावासमा बिहीबार आयोजित कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले जलवायु परिवर्तनका कारण नेपालजस्ता देशले भोग्नुपरेको असरबारे पनि विश्व समुदायको ध्यानाकर्षण गराउने जानकारी दिए। प्रधानमन्त्री प्रचण्डले सम्मेलनमा माग्नेका रूपमा नभएर अधिकारका रूपमा आफ्ना एजेन्डा राख्ने तयारीका साथ आफू आएको पनि जानकारी दिए।

संयुक्त अरब इमिरेट्सका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीले आयोजना गरेको स्वागत कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले कोप- २८ मा जलवायु परिवर्तनबाट नेपाललाई परेको असरको क्षतिपूर्तिको रूपमा वित्तीय र प्राविधिक सहयोगको अधिकारलाई बलियो ढंगबाट उठाउने जानकारी दिए।

नेपाली समुदायको उपस्थिति रहेको कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले अब हुने निर्वाचनमा विश्वमा छरिएर रहेका नेपालीले भोट हाल्न पाउने व्यवस्था भइरहेको जानकारी दिए। विदेशमा बसेका नेपालीले निर्वाचनमा भाग लिन नपाउँदा लोकतन्त्र बलियो नहुने उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले विदेशमा रहेका नेपालीको मताधिकारका लागि सरकार गम्भीर भएको बताए।

युएईका लागि नेपाली राजदूत क्षेत्रीले युएई र नेपालबीच व्यापार, पर्यटन र प्रविधिमा सहकार्य गर्न सके नेपालको आर्थिक विकासमा ठूलो योगदान पुग्ने विश्वास व्यक्त गरे।

जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप- २८)मा सहभागी हुन प्रधानमन्त्री प्रचण्ड बुधबार राति संयुक्त अरब इमिरेट्स पुगेका थिए।

» पृष्ठ २ मा क्रमशः

मध्यपहाडी संकल्प यात्रामा एमाले

बैतडीको झुलाघाटबाट सुरु भएको १९औँ दिनमा पाँचथरको चिवाभञ्ज्याङ पुगेर टुंगिने संकल्प यात्रामा एमालेले मध्यपहाडी लोकमार्गमा पर्ने २६ जिल्लाका नागरिकसँग प्रत्यक्ष भलाकुसारी गर्दै, अभियानलाई राष्ट्रिय शक्तिको रूपमा प्रयोग गर्ने र राष्ट्र निर्माणका लागि योजना बनाउने घोषणा

यात्रा सुरु गर्दै बैतडीबाट ओलीले भने-



● अहिले सालिक बनाएर महाराजाधिराज भनेर तमासा गर्ने असंवैधानिक काम भइरहेको छ। गणतन्त्र र लोकतन्त्रको विरोध गर्ने दुस्साहस भइराख्या छ। हामी रैती हुन सक्दैनौं। फेरि हामी जन्मिँदै कोही राजा हुन जन्मिन्छ, कोही दास हुन जन्मिन्छ, कोही धनी हुन, कोही गरिब हुन जन्मिन्छ भनेर मान्दैनौं।

● म प्रधानमन्त्रीबाट हटाइएपछि यो अढाई वर्षमा देशको राजनीति अस्थिरतामा गयो। अर्थतन्त्र ओरालो लाग्यो। रोजगारीका अवसर समाप्त भए। कृषिको आधुनिकीकरण भएन। उद्योगधन्दा खोल्ने त कुरै छोडिदिऊँ, भएका पनि बन्द हुँदै गए।

बैतडीमा **लोकेश साउद**

प्रमुख प्रतिपक्षी दल एमाले मध्यपहाडी संकल्प यात्रामा निस्किएको छ। अध्यक्ष केपी ओलीले मध्यपहाडी लोकमार्गको पश्चिमी बिन्दु बैतडीको झुलाघाटमा बिहीबार बिहान ८:३० मा राष्ट्रिय झन्डा फहराएर 'समृद्धिका लागि संकल्प यात्रा २०८०' सुरु गरेका हुन्।

विभिन्न स्थानमा सभा, अन्तर्क्रिया र स्थानीयसँग भेटघाटको कार्यक्रम रहेको यात्रा २ पुसमा लोकमार्गको पूर्वी बिन्दु पाँचथरको चिवाभञ्ज्याङ पुगेर सकिनेछ। यात्राको पहिलो दिन बैतडी सदरमुकाम गोठालापानीमा पहिलो सभा गरेको छ। सभालाई सम्बोधन गर्दै ओलीले प्रतिगामी शक्तिहरू सक्रिय हुन थालेको भन्दै आफूहरू गणतन्त्रबाट पछाडि फर्किएर रैती र दास नबन्ने चेतावनी दिएका छन्।

» पृष्ठ २ मा क्रमशः



बैतडीको झुलाघाटमा राष्ट्रिय झन्डा झन्डोत्तलन गरेर संकल्प यात्रा आरम्भ गर्दै एमाले अध्यक्ष केपी ओली
तस्बिर : **विनोदसिंह विष्ट**/रासस

यस्तो छ १९ दिने यात्रा तालिका

पहिलो दिन (१४ मंसिर)	**बैतडीको झुलाघाटमा राष्ट्रिय झन्डा झन्डोत्तोलन, गोठालापानीमा आरम्भ सभा**
दोस्रो दिन (१५ मंसिर)	प्रस्थान बिन्दु : **अमरगढी** (डडेल्धुरा) सभा : **सिलगढी** (दिपायल)
तेस्रो दिन (१६ मंसिर)	प्रस्थान बिन्दु : **सिलगढी** सभा : **मंगलसेन** (अछाम)
चौथो दिन (१७ मंसिर)	प्रस्थान बिन्दु : **मंगलसेन** सभा : **राकम** (दैलेख)
पाँचौं दिन (१८ मंसिर)	प्रस्थान बिन्दु : **दैलेख बजार** सभा : **सुर्खेत**
छैटौं दिन (१९ मंसिर)	प्रस्थान बिन्दु : **सुर्खेत** छलफल : **रिम्ना** (रुकुम पश्चिम)
सातौं दिन (२० मंसिर)	प्रस्थान बिन्दु : **रुकुमकोट** (रुकुम पू.) सभा : **वामी टक्सार** (गुल्मी)
आठौं दिन (२१ मंसिर)	प्रस्थान बिन्दु : **गल्कोट** (बाग्लुङ) सभा : **कुश्मा** (पर्वत)
नवौं दिन (२२ मंसिर)	प्रस्थान बिन्दु : **पोखरा** सभा : **सुन्दरबजार** (लमजुङ)
१०औं दिन (२३ मंसिर)	प्रस्थान बिन्दु : **गोरखा बजार** सभा : **विदुर** (नुवाकोट)
११औं दिन (२४ मंसिर)	प्रस्थान बिन्दु : **विदुर** सभा : **कुन्ताबेंसी** (काभ्रे)
१२औं दिन (२५ मंसिर)	प्रस्थान बिन्दु : **धुलिखेल** सभा : **चरिकोट** (दोलखा)
१३औं दिन (२६ मंसिर)	प्रस्थान बिन्दु : **मन्थली** (रामेछाप) सभा : **हर्कपुर** (ओखलढुंगा)

» पृष्ठ २ मा क्रमशः

समाजवादी र कांग्रेसका नेता-कार्यकर्ता एमालेमा

झुलाघाट-चिवाभञ्ज्याङ संकल्प यात्राका क्रममा एकीकृत समाजवादीका केही नेता-कार्यकर्ता एमाले प्रवेश गरेका छन्। केन्द्रीय सदस्य नरेन्द्र विष्ट, बैतडी जिल्ला अध्यक्ष महादेव भट्ट, प्रदेश कमिटी सदस्य पार्वती भट्टलगायत नेताहरू एमाले प्रवेश गरेका हुन्। त्यस्तै, कांग्रेस महासमिति सदस्य रमेश कोली, पाटन नगरपालिकाकी निवर्तमान उपप्रमुख सरस्वती कोलीलगायतलाई पनि अध्यक्ष ओलीले एमालेमा स्वागत गरे।

सबैजसो शीर्ष नेता संकल्प यात्रामा

यात्रामा अध्यक्ष ओलीसँगै पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरू युवराज ज्ञवाली, रामबहादुर थापा 'बादल', विष्णुप्रसाद पौडेल र सुरेन्द्र पाण्डे पनि छन्। त्यस्तै, महासचिव शंकर पोखरेल, उपमहासचिव पृथ्वी सुब्बा गुरुङ, विष्णु रिमाल, सचिवहरू लेखराज भट्ट, गोकर्ण विष्ट, योगेश भट्टराई, छविलाल विश्वकर्मा, रघुवीर महासेठ र पद्मा अर्याल सहभागी छन्। स्थायी कमिटी सदस्यहरू, केन्द्रीय निकायका प्रमुखलगायत नेताहरू पनि यात्रामा छन्। झुलाघाटमा झन्डोत्तोलन कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव शंकर पोखरेलले 'समृद्ध नेपाल, सुखी नेपाली'का परिकल्पनाकार पार्टी अध्यक्ष केपी ओलीको नेतृत्वमा सुरु गरिएको यात्रा राष्ट्र निर्माणको यात्रा आरम्भ गर्नका लागि महत्वपूर्ण हुने बताए।

जाजरकोटमा पनि पठाइयो अस्थायी आवासको पहिलो किस्ता



शिवालय गाउँपालिकाका ३३ सय नौ लाभग्राहीका लागि रकम पठाइयो, अन्य पालिकाबाट विवरण आउनै बाँकी

(विस्तृत पृष्ठ ३)

नेपाली उड्डयन क्षेत्र इयूको कलोसूचीमा यथावत्



प्राधिकरण भन्छ- नेपाल वायुसेवा निगम र श्री एयरलाइन्सको सेफ्टी परिपालना कमजोर हुँदा इयूले सुरक्षासूचीबाट हटाएन

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

उच्च अदालतका ६ इजलासमा अनलाइनबाटै बहस गर्न सकिने

शिल्पा कर्ण/नयाँ पत्रिका

उच्च अदालतका ६ इजलासमा भिडियोबाट बहसको सुरुवात भएसँगै अब अनलाइनबाटै पनि बहस गर्न सकिने भएको छ। यसअघि दुई उच्च अदालतमा यस्तो व्यवस्था गरिएकामा चारवटा थपिएका हुन्।

उच्च अदालत दिपायल र उच्च अदालत विराटनगरको इलाम इजलासमा अनलाइनबाट बहस गर्न सक्ने गरी प्राविधिक व्यवस्थापन र जनशक्ति व्यवस्थापन गरिएकोमा अब उच्च अदालत सुर्खेतको जुम्ला इजलास, दिपायलकै महेन्द्रनगर इजलास, विराटनगरको धनकुटा इजलास र उच्च अदालत पाटनको हेटौंडा इजलासमा पनि श्रव्यदृश्यमार्फत बहसको सुरुवात भएको हो। बिहीबार प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले यी अदालतहरूमा अनलाइन बहसको सुरुवात गरेका हुन्।

> पुसभित्रै उच्चहरूमा पेसी तारेख अटोमेसनको पनि तयारी

सर्वोच्च अदालतका अनुसार विभिन्न सात किसिमका बहस श्रव्यदृश्यबाट गर्न सकिनेछ। प्रचलित कानुनबमोजिम जारी गरिने पक्राउ पुर्जी, जरुरी पक्राउ पुर्जीको स्वीकृति, हिरासतमा वा निगरानी कक्षमा राख्ने आदेश, थुनछेकसम्बन्धी कार्य, बयान, बकपत्र र बहस पैरवी नेपालभरमा जहाँबाट पनि श्रव्यदृश्यमार्फत गर्न सकिनेछ।


श्रव्यदृश्यबाट हुने बहस पैरवीले पेसी स्थगित हुने सम्भावना कम रहेको तथा न्याय कम खर्चिलो हुने अपेक्षा गरिएको प्रधानन्यायाधीश श्रेष्ठको भनाइ छ। विशेषगरी विकट र जिल्ला अदालतबाट उच्च अदालत टाढा पर्ने कारण समय र खर्च पनि बढी लाग्ने हुँदा त्यस्ता जिल्लालाई प्राथमिकता दिँदै अनलाइन बहसको सुरुवात गरिएको उनले बताए।

'सर्वोच्चमा पहिलेदेखि नै यस्तो व्यवस्था थियो।

» पृष्ठ २ मा क्रमशः



कृषिमा आबद्ध महिला धेरै, जमिनको हकमा पुरुषको वर्चस्व



भोजराज भण्डारी/नयाँ पत्रिका

नेपालको कृषि क्षेत्रमा महिलाको आबद्धता धेरै भए पनि कृषि जग्गामा स्वामित्व वा हक सुरक्षित हुनेमा पुरुष बाहुल्य देखिएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले बिहीबार सार्वजनिक गरेको तथ्यांकअनुसार नेपालमा १८ वर्षभन्दा माथिका एक करोड ३२ लाख ११ हजार तीन सय ४९ जना कृषि क्षेत्रमा आबद्ध छन्। त्यसमा महिलाको संख्या ६८ लाख ६३ हजार चार सय १२ र पुरुषको संख्या ६३ लाख ४७ हजार नौ सय ३६ रहेको तथ्यांक छ। कृषि क्षेत्रमा महिलाको आबद्धता ५२ प्रतिशत भए पनि कृषि जग्गामा

» पृष्ठ २ मा क्रमशः

■ २०.२८% कृषक महिलाको हातमा एकल अधिकारको लालपुर्जा

कृषि क्षेत्रमा महिलाको आबद्धता ५२ प्रतिशत भए पनि कृषि जग्गामा स्वामित्व तथा हक सुरक्षण भने ३४.४ प्रतिशत मात्रै रहेको तथ्यांकले देखाएको छ। त्यसमध्ये पुरुषको स्वामित्व ६५.६ प्रतिशत रहेको छ। एकल जमिनको हकधारमा पुरुषको तुलनामा महिला धेरै पछि परेका छन्। जसमा महिलाको नाममा २०.८ प्रतिशतको एकल लालपुर्जा रहेको छ भने पुरुषको ४२.९ प्रतिशत छ। लैंगिक विश्लेषणको दृष्टिकोणले कृषक परिवारमा कुल वयस्क पुरुषमध्ये सबैभन्दा बढी ४७.६ प्रतिशत बागमती प्रदेशमा, सबैभन्दा कम ४०.१ प्रतिशत मधेश प्रदेशमा रहेको छ। कार्यालयले गत ६ वैशाखदेखि १९ जेठ ०७८ सम्म ७७ वटै जिल्लामा सार्दै राष्ट्रिय कृषि गणना गरेको थियो।

तथ्यांक कार्यालयले कृषि जग्गामाथि लैंगिक स्वामित्वको विवरण कृषि गणनाको इतिहासमा पहिलोपटक संकलन गरेको हो। यस सूचकबाट कृषि जग्गामा रहेको विद्यमान लैंगिक असमानता मापन गर्न सम्भव भएको कार्यालयले जनाएको छ। महिलाको कृषि जग्गामाथिको पहुँचमा भएको वृद्धिले कृषिको उत्पादकत्वमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्ने गरेको अध्ययनहरूबाट देखिएको प्रतिवेदनमा उल्लेख छ।

नक्कली नागरिकता बनाई आफैँ कार्यरत बैंकको पैसा लिएर विदेश भाग्ने तयारी गरिरहेका अधिकृतलाई आठ वर्ष कैद

काठमाडौं/ नक्कली नागरिकता बनाई कृषि विकास बैंकमा जम्मा रहेको रकम लिएर विदेश भाग्ने तयारी गरिरहेका अधिकृतलाई विशेष अदालतले सजाय सुनाएको छ। ५ मंसिरमै कसुर कायम भए पनि दोषीलाई बिहीबार सजाय सुनाइएको हो। न्यायाधीशद्वय यमुना भट्टराई र खुसीप्रसाद थारूको इजलासले कृषि विकास बैंकमा शाखा अधिकृत रहेका केदारप्रसाद गौतम र कृष्णहरि थापालाई जनही ८/८ वर्ष कैद सजाय सुनाइएको छ। आठजना प्रतिवादी रहेकामध्ये पाँचजना माथि कसुर कायम भएको छ भने तीनजनालाई विशेषले सफाइ दिएको छ। मुद्दा दायर भएको चार वर्षपछि यस विषयमा फैसला भएको छ।

गौतम कृषि विकास बैंकको स्वयम्भु शाखामा कार्यरत थिए। जहाँ उनले २०७१ असोजदेखि २०७२ असारसम्मको रकम हिनामिना गरेको भेटिएको थियो। गौतमले तेजबहादुर थापा नामले नक्कली नागरिकता बनाई रेमिटबाट आएको फर्जी कारोबार देखाएर बैंकमा विभिन्न आर्थिक गतिविधि गर्ने गरेका थिए।

नक्कली राहदानीसमेत बनाएर नेपालबाहिर फरार हुने उद्देश्यले योजनाबद्ध ढंगले गौतमले थापाको परिचय खडा गरेर कार्य गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानबिनले देखाएको थियो। उनले कार्यालय समयबाहेकमा समेत बैंकमै बसी बैंकलाई हानी-नोक्सानी पुऱ्याउने कार्य गर्दथे। आठ वर्ष नै कैद सजाय पाएका कृष्णहरि थापाको पनि यसमा मिलेमतो देखिएको थियो। उनले पनि नक्कली नागरिकता बनाएका थिए। राजीव थापा नामले कृष्णहरिले नागरिकता बनाई केदारसँग मिलेर नक्कली बैंक खाता खोल्ने, भारतमा बसी बैंकमा भएको रकम र हिनामिना भएको रकम व्यवस्थापनमा भूमिका खेलेकोजस्ता आरोप अख्तियारले लगाएको थियो। जुन पुष्टि भएको छ। यसैगरी, इजलासले सम्झना पोखरेल गौतम, सन्दीप गुप्ता र सूर्यबहादुर लिम्बूलाई जनही १/१ महिना कैद सजाय सुनाएको छ। सम्झना केदारप्रसादकी श्रीमती हुन्।

आफु पछिका सन्ततीको लागी जोगो गरौं। बिदेशिने हरुले भन्दा देशमा थोरै पैसा र समय लगाएर धेरै धन कामाउनु होस् ।।।

काठमाडौं, पोखरा, बिराटनगर, चितवन, तथा अन्य शहरहरुमा दश लाख देखि होमइस्टे र घडेरीहरुमा, लगानी गर्न इच्छुक, लगानी कर्ताहरुलाई सम्पर्क गर्न हुन अनुरोध गर्दछौं। जग्गा हेर्न, जाने आउने खर्च, कम्पनीको हुने जानकारी गराउँदछौं।

बुढानिलकण्ठ ४, पासिकोट, काठमाडौं।
०१-४३७४४१३, ९८४११७०७७३, ९८४१३६२६१३,

नवौं दिनमा सकियो नक्कली भुटानी शरणार्थी मुद्दामा बहस

शिल्पा कर्ण/नयाँ पत्रिका

बहुचर्चित नक्कली भुटानी शरणार्थीसम्बन्धी मुद्दाको बिहीबार सुनुवाइ सकिएको छ। नवौं दिनमा सुनुवाइ सकिएसँगै शुक्रबार आदेश आउने सम्भावना रहेको उच्च अदालत पाटनले जनाएको छ।

उच्चले थुनामा रहेका १६ अभियुक्त तथा धरौटीमा छुटेका दुईजनालाई थुनामै राख्ने कि छाड्ने भन्ने विषयमा आदेश दिनेछ। गृह संयन्त्रकै दुरुपयोग गरी नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाई विदेश पठाइदिने प्रलोभनमा करोडौं ठगीसम्बन्धी मुद्दामा राजनीतिक नेतृत्व पनि मुछिएकाले यसको फैसलामाथि धेरैको चासो छ।

५ मंसिरदेखि यो मुद्दा न्यायाधीशहरू जनक पाण्डे र प्रकाश खरेलको इजलासमा हेर्दाहेर्दैमा राखी निरन्तर सुनुवाइ भइरहेको छ। 'बिहीबार जवाफी बहस सकिएर हेर्दाहेर्दैमा गएको छ। सम्भवतः शुक्रबार आदेश आउँछ,' उच्च अदालतका उपरजिस्ट्रार तीर्थराज भट्टराईले भने।

> उच्च अदालत पाटनले शुक्रबार फैसला सुनाउँदै

जिल्ला अदालत काठमाडौंले १ असारमा मुद्दाका मुख्य प्रतिवादीविरुद्ध बलिया प्रमाण भएको भन्दै थुनामा राख्ने आदेश दिएको थियो। हाल कारागारमा रहेकामध्ये १६ जनालाई पुर्पक्षका लागि थुनामा राख्ने र तीनजनालाई धरौटीमा रिहा गर्ने आदेश गरेको थियो। यही आदेश बदरको माग गर्दै सरकारी पक्ष र प्रतिवादीहरू उच्च अदालत पुगेका हुन्। यस प्रकरणका पक्षहरूले दायर गरेका कुल २१ वटा निवेदन उच्चमा विचाराधीन छन्। जसमध्ये दुईवटा मात्र सरकारले दर्ता गराएको हो। धरौटीमा छाडिएका टंककुमार गुरुङ र केशव तुलाधरलाई सरकारले विपक्षी बनाएको छ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको आदेशले पूर्वगृहमन्त्री बालकृष्ण खाण, पूर्वमन्त्री टोपबहादुर रायमाझी, उनका छोरा सन्दीप रायमाझीसमेत १६ जना थुनामा छन्। उनीहरू थुनामुक्त हुनुपर्ने मागसहित उच्च पुगेका हुन्। उनीहरूलाई थुनामै राख्ने, धरौटीमा छाड्ने वा साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने विषयमा उच्चले जिल्लाको आदेश पुनरावलोकन गर्नेछ।

खाण गृहमन्त्री भएकै वेला शरणार्थीसम्बन्धी अध्ययन प्रतिवेदन नै किर्ते गरी प्रतिवेदनमा पैसा उठाइएका नेपालीहरूको नाममा भुटानी शरणार्थी बनेर थपिएको थियो। त्यसका लागि मन्त्रालयमै आर्थिक लेनदेन भएका प्रमाणहरूसमेत संकलन गरी प्रहरीले मुद्दा दायर गरेको हो।

तत्कालीन गृहमन्त्री टेकनारायण पाण्डेले प्रहरीको बयानमा मन्त्रीका लागि आफूले पैसा मगाएर बुझाएको बयान दिएका थिए। त्यसबाहेक मोबाइलका च्याट, बिचौलियाका बयान, कागजपत्र किर्ते गरेको प्रतिवेदन, बिचौलियाहरूलाई सहयोग पुग्ने गरी गृह मन्त्रालयले त्यसवेला गरेका निर्णयहरूलाई प्रहरीले प्रमाण बनाएको छ। सोही आधारमा उनीहरू थुनामा गएका हुन्।

बलिया प्रमाणकै कारण प्रतिवादीका कानुन व्यवसायीलाई उच्च अदालतमा प्रतिरक्षा गर्न हम्मे परेको थियो। प्रहरीले ठगी, संगठित अपराध, किर्तेका साथै राज्यविरुद्धको अपराध मुद्दासमेत गत जेठमा दायर गरेको थियो। यो घटनाले देशकै छविमा दाग लागेको थियो भने प्रहरीले उच्च तहको अपराधको अनुसन्धान गर्न सकेकोमा प्रशंसासमेत कमायो।

घटनाको दोस्रो चरणमा पनि प्रहरीले अनुसन्धान गरिरहेको छ। थप १८ जनाले प्रहरीमा जाहेरी दिएका छन्। जसमा पहिलो चरणको अनुसन्धानमा छुटेका उच्चपदस्थलाई पनि छानबिनको दायरामा ल्याउन माग भएको छ। तर, सरकारले अनुसन्धान प्रभावित गर्न यसअघि अनुसन्धान गरेका उपत्यकाका प्रहरी अधिकारीको हेरफेर गरेको आरोप लागेको छ। मुद्दाका फरार प्रतिवादीहरूसमेत समातिएका छैनन्।

पूर्वमन्त्रीद्वय खाण र रायमाझीसहित पूर्वगृहसचिव टेकनारायण पाण्डे, पूर्वसभासद् आङटावा शेर्पा, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, हज कमिटीका पूर्वअध्यक्ष शमशेर मियाँ, तत्कालीन गृहमन्त्रीका सल्लाहकार इन्द्रजित राई थुनामा छन्। खाणका स्वकीय सचिव नरेन्द्र केसी, टोपबहादुरका छोरा सन्दीप, बिचौलियाहरू केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, रामशरण केसी, गोविन्द चौधरी, हरिभक्त महर्जन र सागर राई जेलमै छन्। बलिया प्रमाण रहेको भन्दै जिल्ला अदालतले उनीहरूलाई थुनामा पठाएको थियो। यो मुद्दामा एक हजारभन्दा धेरै पीडित भए पनि करिब डेढ सयले मात्र जाहेरी दिएका छन्।

मध्यपहाडी...

पृष्ठ १ बाट क्रमशः

'अहिले हामी देखिरहेका छौं, कहीं उहिले राजतन्त्र थियो, त्यो राजतन्त्रको अहिले सालिक बनाएर महाराजाधिराज भनेर तमासा गर्ने असंवैधानिक काम भइरहेको छ। गणतन्त्रको विरोध गर्ने दुस्साहस भइरहेको छ, लोकतन्त्रको विरोध गर्ने दुस्साहस भइराख्या छ,' उनले भने, 'तसर्थ म हाम्रा दाजुभाइ, दिदीबहिनीहरूलाई भन्न चाहन्छु- हामी पछाडि फर्कन सक्दैनौं, फेरि हामी रैती हुन सक्दैनौं। हामी फेरि छुवाछुत र अनेक प्रकारका प्रथाहरूतर्फ फर्किन सक्दैनौं। फेरि हामी जन्मिँदै कोही राजा हुन जन्मिन्छ, कोही दास हुन जन्मिन्छ, कोही धनी हुन, कोही गरिब हुन जन्मिन्छ भनेर मान्दैनौं।'

ओलीले देशमा लोकतान्त्रिक प्रणाली भए पनि प्रक्रियामा गम्भीर कमीहरू आएको बताए। त्यसले अन्योल र निराशा बढाउँदा जनता पलायन हुने क्रम बढेको र प्रतिगामी शक्तिहरू सक्रिय बन्न थालेको उनको टिप्पणी छ।

'आज लोकतान्त्रिक प्रणालीको उचित ढंगले अभ्यास हुन सकेको छैन। यसैकारण कमिसनतन्त्र बढेको छ, तस्करी बढेको छ,' उनले भने, 'देशको बेहाल अवस्था भएकाले जनतामा अन्योल र निराशा बढ्दै गएको छ। जनता पलायन हुँदै गएको हुनाले अहिले प्रतिक्रियावादी, प्रतिगामी शक्तिहरू मौका आउँछ कि भनेर दुलाबाट टाउको निकालेर फेरि सल्बलाउन थालेका छन्।' देशमा गरिबी, अभाव र भोकमरी अन्त्यका लागि सरकार गम्भीर बन्नुपर्ने उनको सुझाव छ।

१४औं दिन (२७ मंसिर)	प्रस्थान बिन्दु : **दिक्तेल** (खोटाङ) छलफल : **भोजपुर**
१५औं दिन (२८ मंसिर)	प्रस्थान बिन्दु : **भोजपुर** सभा : **वसन्तपुर** (तेह्रथुम)
१६औं दिन (२९ मंसिर)	प्रस्थान बिन्दु : **वसन्तपुर** कार्यक्रम : **आँसीडाँडा** (तेह्रथुम)
१७औं दिन (३० मंसिर)	प्रस्थान बिन्दु : **संक्रान्तिबजार** सभा : **फिदिम** (पाँचथर)
१८औं दिन (१ पुस)	प्रस्थान बिन्दु : **फिदिम** सभा : **छैन**
१९औं दिन (२ पुस)	**फिदिमबाट यात्रा सुरु गरेर चिवाभञ्ज्याङ हुँदै काठमाडौं प्रस्थान**
(५ पुस)	काठमाडौंमा औपचारिक रूपमा यात्रा समापनको सूचना संप्रेषण

अध्यक्ष ओलीले यात्रा अभियानलाई राष्ट्रिय शक्तिको रूपमा प्रयोग गर्ने पनि बताए। 'झुलाघाट-चिवाभञ्ज्याङ यात्राका क्रममा आमजनतासँग भेटघाट, भलाकुसारी, संवाद गर्दै जानेछौं,' उनले भने, 'यसलाई राष्ट्रिय शक्तिको रूपमा प्रयोग गर्नेछौं, राष्ट्र निर्माणका लागि योजना बनाउन अघि बढेका छौं।'

झुलाघाटदेखि चिवाभञ्ज्याङसम्म मध्यपहाडी लोकमार्गको दूरी एक हजार सात सय ७९ किलोमिटर छ। २६ जिल्लामा हुने यो यात्रालाई ओलीले 'जाडो महिनाको गरम अभियान' भनेका छन्। ओलीले वर्तमान सरकारले विकासको लय समात्न र राष्ट्रियताको पक्षमा बोल्न नसकेको आरोप पनि लगाए। 'हामीले सरकार छोडेपछि, म प्रधानमन्त्रीबाट हटाइएपछि यी अढाई वर्षमा देशको राजनीति अस्थिरतामा गयो। यी अढाई वर्षमा देशको अर्थतन्त्र ओरालो लाग्यो। रोजगारीका अवसर समाप्त भए। कृषिको आधुनिकीकरण भएन। उद्योगधन्दा खोल्ने त कुरै छोडिदिऊँ, भएका पनि बन्द हुँदै गए,' उनले भने, 'व्यापारी-व्यवसायीहरू हतोत्साही भए। ऋणको ब्याज तिर्न सकेका छैनन्, साँवाको कुरा छोडिदिऊँ। देश झनझन् अप्ठ्यारोमा पर्दै छ। अहिले कर्मचारी पाल्ने पनि पैसा सरकारसँग छैन। सरकारले आन्तरिक ऋण उठाएर कर्मचारी पाल्नुपर्ने अवस्था पहिलो चार महिनामा परेको छ भने कस्तो अवस्था होला।'

झुलाघाटदेखि चिवाभञ्ज्याङसम्मको पुष्पलाल राजमार्ग आफू सरकारका हुँदा प्राथमिकताको योजना भएकाले अहिले त्यसको अवस्था बुझ्न र त्यस आसपासमा बसोवास गर्ने जनताको कुरा सुन्न संकल्प यात्रा सुरु गरेको उनको भनाइ थियो। निर्माण ठप्प भएको पुष्पलाल राजमार्ग तीन वर्षमा हामीले अगाडि बढायौं। हामीले छोडेपछि फेरि जस्ताको त्यस्तै छ,' उनले भने, 'तर, अहिले हामी यो राजमार्गलाई हेरौं, यस राजमार्गको पुनर्निर्माणलाई पनि हेरौं, यहाँका जनताका समस्यालाई पनि हेरौं, यहाँका बेरोजगारीका समस्यालाई कसरी सामाधान गर्न सकिन्छ, त्यो पनि हेरौं।'

ओलीले आफ्नो पालामा विकासका धेरै काम भएको दाबी गरे। 'सरकारलाई तुइन विस्थापित गरेर पुल बनाएकोमा पिर छ। सरकारलाई बाटाघाटा बनाएकोमा पिर छ। म प्रधानमन्त्री हुँदा विभिन्न करिडोर, पूर्व-पश्चिम हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, पूर्व-पश्चिम रेल, जनकपुरमा रेल कति काम भए भनेर साध्य छैन,' उनले भने, 'भुइँचालोमा भत्किएका घर तीन वर्षमा बने। बारा-पर्सामा आँधी-तुफानले भत्काएका घर बनायौं।'

ओलीले बैतडी अनेक अग्रज र योद्धाहरूको जिल्ला भएको भन्दै चर्चा गरे। यहाँ सहिद, लेखक, कलाकारले ख्याति कमाएको बताए। सहिद दशरथ चन्द बैतडीका हुन्। उनको स्मृतिमा राष्ट्रिय प्रतिष्ठान बनाउन पार्टीले पहल गर्ने आश्वासन दिए। उनले आफू प्रधानमन्त्री छँदा सीमानाका झुलाघाटमा पक्की पुल निर्माण गर्न उत्तराखण्डका मुख्यमन्त्री र गभर्नरलाई साथमा राखेर भारतीय प्रधानमन्त्री मोदीसँग वार्ता गरेको पनि दाबी गरे।

'म भारत भ्रमण गएको वेला दार्चुलाका माननीयज्यूलाई पनि सँगै लगेर पुल बनाउन भारततर्फ जमिन नमिलेको विषयमा कुरा गरेर समाधान खोजियो। विभिन्न ठाउँमा झोलुंगे पुलहरू बनायौं। तुइनहरू विस्थापित गऱ्यौं,' उनले भने, 'ठेकेदारको कमजोरीले एउटा तुइन बाँकी रहेछ। त्यसमा एउटा दुर्घटना भयो। भारततर्फका सुरक्षाकर्मीले नगर्नुपर्ने काम गरे। हाम्रो एकजना व्यक्तिको धामीजी (जयसिंह धामी)को निधन भयो, देश रोयो। तर, त्यतिवेला हामी सरकारबाट हटेपछि एउटा गठबन्धन भन्ने सरकार मुखमा भोटेताल्चा लगाएर बस्यो। चुइँक्क बोलेन।' उनले पहिचानका नाममा नागरिकलाई विभाजन गर्न खोजिएको आरोप पनि लगाए। एमालेले नै पहिचानको सवाल सबैभन्दा बढी सम्बोधन गरेको र संविधानमै समानुपातिक समावेशिताका सिद्धान्त सामेल गराएको उनको दाबी छ। 'पहिचानको राजनीति भनेको अरूलाई घृणा गर्ने, निषेध गर्ने, अरूमाथि हमला गर्ने, हिंसा फैलाउने, अराजकता र आतंक मच्चाउने हुन सक्दैन,' उनले भने।

कृषिमा आबद्ध...

पृष्ठ १ बाट क्रमशः

स्वामित्व तथा हक सुरक्षण भने ३४.४ प्रतिशत मात्रै रहेको तथ्यांकले देखाएको छ। त्यसमध्ये पुरुषको स्वामित्व ६५.६ प्रतिशत रहेको छ। एकल जमिनको हकधारमा पुरुषको तुलनामा महिला धेरै पछि परेका छन्। जसमा महिलाको नाममा २०.८ प्रतिशतको एकल लालपुर्जा रहेको छ भने पुरुषको ४२.९ प्रतिशत छ। बाँकी संयुक्त वा अन्य विभिन्न नाममा रहेको तथ्यांक कार्यालयका उपप्रमुख डा. हेमराज रेश्मीले बताए। उनले भने, 'महिला स्वयंले निर्णय गर्न पाउने महिलाको स्वामित्व कति छ भनेर हेर्दा पछि परेको पाइयो, अझै पनि महिला सशक्तीकरण भएको रहेनछ भन्ने बुझियो।'

कार्यालयका अनुसार २७ लाख २३ हजार ६ सय २५ जना पुरुषले जमिनको पूरा हक लिएका छन् भने १४ लाख ३० हजार सात सय १९ जना महिला कानुनी रूपमा हकदार छन्। त्यस्तै, प्रदेशगत रूपमा कृषि जग्गामा स्वामित्व हक सुरक्षित गर्नेमा सबैभन्दा धेरै गण्डकी प्रदेशमा रहेको छ। उक्त प्रदेशमा ३४.६ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा २९ प्रतिशत रहेको छ। लैंगिक विश्लेषणको दृष्टिकोणले कृषक परिवारमा कुल वयस्क पुरुषमध्ये सबैभन्दा बढी ४७.६ प्रतिशत बागमती प्रदेशमा, सबैभन्दा कम ४०.१ प्रतिशत मधेश प्रदेशमा रहेको छ। कार्यालयले गत ६ वैशाखदेखि १९ जेठ ०७८ सम्म ७७ वटै जिल्लामा सातौं राष्ट्रिय कृषि गणना गरेको थियो। जसमा अन्य तथ्यांक सार्वजनिक भए पनि महिला सशक्तीकरणको अवस्था देखाउने उद्देश्य रहेको रेश्मीको भनाइ छ।

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय टेकु, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०८/१५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय टेकु, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, व्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहाँहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण:
नेपाल सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा मिति २०७६/०४/०३ मा दर्ता नं. ७६८५ कायम भई काठमाण्डौ जिल्ला, काठमाण्डौ मा.न.पा, वडा नं. १५ बिजेश्वरी स्थित रजिर्ष्टाड कार्यलय रहेको **साइमा फेशन** (प्रोपाईटर शेख यासिनको नाति, शेख अमिनको छोरा, रौतहट जिल्ला, लक्ष्मीपुर गा.वि.स/न.पा वडा नं. ०६, बस्ने **मो प्रवेज आलम** (ना.प्र.नं ३२३०६०/२३२, जारी मिति २०६३/१२/१६, जिल्ला प्रशासन कार्यालय, रौतहट)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. शेख यासिनको नाति, शेख अमिनको छोरा, रौतहट जिल्ला, लक्ष्मीपुर गा.वि.स/न.पा वडा नं. ०६, बस्ने **मो प्रवेज आलम** (ना.प्र.नं ३२३०६०/२३२, जारी मिति २०६३/१२/१६, जिल्ला प्रशासन कार्यालय, रौतहट)।
२. शेख यासिनको नाति, शेख अमिनको छोरा, रौतहट जिल्ला, लक्ष्मीपुर गा.वि.स/न.पा वडा नं. ०६, बस्ने **मो तवरेज आलम** (ना.प्र.नं २०६०/१६६०, जारी मिति २०६९/०८/२५, जिल्ला प्रशासन कार्यालय, रौतहट)।

धितो सुरक्षणको विवरण:
१. **मो तवरेज आलम**को नाममा मालपोत कार्यालय, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, कनकपुर गा.वि.स/न.पा वडा नं. १ स्थित कित्ता नं. १९५६ को क्षेत्रफल (०-१५-०-० (बि.क.धु.क) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. ऋणी **साइमा फेशन**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय टेकु, काठमाण्डौ फोन नं. ०१-५३१५३१२

नेपाल खुला विश्वविद्यालय
सामाजिक शास्त्र तथा शिक्षा संकाय
डीनको कार्यालय
मानभवन, ललितपुर

नेपाल खुला विश्वविद्यालय
स्था: २०७३

फोन नं. : ०१-५४२४१०८
Website: www.nou.edu.np

भर्ना आवेदन सम्बन्धी सूचना।

(वेवसाइटमा प्रकाशित मिति: २०८०।०८।१४ गते)

नेपाल खुला विश्वविद्यालय, सामाजिक शास्त्र तथा शिक्षा संकाय अन्तर्गत तपसिलका तह र विषयका कार्यक्रमहरूमा शैक्षिक सत्र वि.सं.२०८० हिउँदे सत्रको सेमेष्टर प्रणाली अन्तर्गत प्रथम सेमेष्टरमा भर्ना आवेदन आव्हान सम्बन्धी सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ। भर्ना आवेदन फारम मिति २०८०/०८/१४ गते देखि मिति २०८०/०८/३० गते सम्ममा भरिसक्नु पर्नेछ।

भर्नाको लागि आवेदन आव्हान गरिएका तह र विषयहरू :
१. **MPhil in Social Sciences :** २ वर्षे कार्यकम (सेमेष्टर प्रणाली)
बिषयहरु: (English, Sociology, Anthropology, Political Sciences and Economics):
२. **Masters in Educational Sciences (MES) :** २ वर्षे कार्यक्रम (सेमेष्टर प्रणाली)
बिषयहरु: (Education Studies, Nepali Education, and English Education):
३. **Masters in Pedagogical Sciences (MPS):** एक बर्षे कार्यक्रम (सेमेष्टर प्रणाली)
४. **Masters in Media and Communication Studies:** २ वर्षे कार्यक्रम (सेमेष्टर प्रणाली)

भर्ना सम्बन्धी अन्य विस्तृत जानकारीको लागि विश्वविद्यालयको वेवसाइट ***www.nou.edu.np*** मा हेर्नुहुनको लागि अनुरोध गरिन्छ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/०८/१५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय सुर्खेतबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीतकर्तालाइ यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
ऋणीको नाम : रुपा विश्वकर्मा बाबुको नाम : गाईने कामी पतिको नाम : गगन सिंह एल. जी. ससुराको नाम : हिरा सिंह सुनार ठेगाना: दहचौर-०२ सुर्खेत, हाल: गुर्भाकोट-१२, सुर्खेत ना.प्र.नं. : ६४३०४६/२४, जारी मिति : २०६३/११/०८ जारी गर्ने कार्यालय: जिल्ला प्रशासन कार्यालय, सुर्खेत **कर्जा शीर्षक: व्यक्तिगत आवधिक कर्जा** **कर्जा लिएको शाखा : सुर्खेत** **सुरक्षण रहेको धितोको विवरण** १) श्री मालपोत कार्यालय मेहेलकुना, सुर्खेतमा हिरा सिं सुनारको नाममा दर्ता कायम रहेको सुर्खेत जिल्ला, गुमी न.पा./गा.वि.स. वडा नं. ९ क स्थित कि.नं. ४९ को क्षेत्रफल १६०८।२७ वर्ग मिटरको जग्गा तथा सोमा निर्माण भएको घरटहरा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २) श्री मालपोत कार्यालय मेहेलकुना, सुर्खेतमा गगन सिंह एल जीको नाममा दर्ता कायम रहेको सुर्खेत जिल्ला, गुमी न.पा./गा.वि.स. वडा नं. ७ ख स्थित कि.नं. १२४ र १२३ को क्षेत्रफल क्रमशः २६२.४५ व.मी र २६२.४५ व.मी को जग्गाहरु तथा सो जग्गाहरुमा निर्माण भएको घर टहरा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	**क) नाम : गगन सिंह एल. जी.** बाबुको नाम : हिरा सिंह सुनार बाजेको नाम : नन्दराम सुनार ठेगाना : दहचौर-०६, सुर्खेत हाल : गुर्भाकोट-१२, सुर्खेत ना.प्र.नं.: २६०७८/२१६३, जारी मिति: २०५२/१२/१३ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुर्खेत **ख) नाम : हिरा सिं सुनार** बाबुको नाम : नन्दराम सुनार बाजेको नाम : कालुराम सुनार ठेगाना : दहचौर-०६, सुर्खेत हाल : गुर्भाकोट-१२, सुर्खेत ना.प्र.नं. : १८३१६/२३६७, जारी मिति : २०४०/०५/०८ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुर्खेत **ग) नाम : प्रनिश ल्वागुन** बाबुको नाम : गगन सिंह एल. जी. बाजेको नाम : हिरा सिं सुनार ठेगाना : शुभाघाट गंगामाला-०६, सुर्खेत हाल : गुर्भाकोट-१२, सुर्खेत ना.प्र.नं. : ६४-०१-७३-०४६६१ जारी मिति : २०७३/०८/१५ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुर्खेत

चम्पावती हाइड्रोपावर लि.
नार्गाजुन १, काठमाडौंको

१४ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०८/१५)

आदरणीय शेयरधनी महानुभावहरू,
यस कम्पनीको मिति २०८०/०८/०९ गते बसेको संचालक समितिको बैठकको निर्णायानुसार कम्पनीको १४ औं वार्षिक साधारणसभा देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावको जानकारी एवं उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावली २०७६ को नियम १८(३) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

साधारणसभा बस्ने मिति, समय र स्थान
मिति : २०८०/०९/०७ गते शनिबार (२३ डिसेम्बर २०२३)
समय: विहान ११ वजे
स्थान: कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं।

छलफलका विषयहरू
(क) साधारण प्रस्ताव
(१) आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
(२) लेखापरीक्षणको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात, आर्थिक वर्ष. २०७९/८० को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
(३) आर्थिक वर्ष. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
(४) सर्वसाधारणको लागि शेयर (IPO) निष्काशन गर्ने सम्बन्धमा।

ख) विशेष प्रस्ताव
(१) कम्पनीको अधिकृत तथा जारी पूँजी वृद्धी लगायत कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा।

ग) विविध।

आज्ञाले,
प्रशासकीय अधिकृत

जलवायु...

पृष्ठ १ बाट क्रमशः

जलवायु परिवर्तनले हिमाल र हिमाली क्षेत्रमा पारेको प्रभावको एजेन्डा लिएर प्रधानमन्त्री प्रचण्ड दुबई पुगेका हुन्। प्रचण्डले सम्मेलनलाई शनिबार सम्बोधन गर्ने कार्यक्रम छ। कोप- २८ सम्मेलन बिहीबार युएईको दुबईमा सुरु भएको छ। प्रधानमन्त्री प्रचण्ड मंसिर १५ र १६ मा 'वर्ल्ड क्लाइमेट एक्सन समिट'अन्तर्गत 'हाई लेभल सेग्मेन्ट'मा सहभागी हुने कार्यक्रम छ। युएई भ्रमणका वेला उनी युएईको ५२औं एकता दिवसमा आयोजित समारोहमा सहभागी हुने कार्यक्रम छ।

प्रधानमन्त्री प्रचण्डले जलवायु सम्मेलनकै दौरानमा उच्चस्तरीय साइड इभेन्ट आयोजना गर्न लागेका छन्। 'हिमालको आवाज : हामीलाई जलवायु संकटबाट कसले बचाउँछ ?' शीर्षकको कार्यक्रममा सहभागी हुन संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसहितलाई निमन्त्रणा गरिएको परराष्ट्र स्रोतले जनाएको छ। हिमालको एजेन्डालाई कोप सम्मेलनका वेला छलफलको प्रक्रियामा ध्यानाकर्षण गराउन नेपालले यो कार्यक्रम आयोजना गर्न लागेको हो। संयुक्त राष्ट्रसंघीय महासचिव गुटेरेसले हालसालै नेपाल भ्रमणका क्रममा जलवायु परिवर्तनले हिमाल तथा हिमाली जनजीवनमा पारेको प्रभावको प्रत्यक्ष अवलोकन गरेपछि नेपालबारे अन्तर्राष्ट्रिय क्षेत्रको ध्यान खिचिएको छ।

उच्च अदालतका...

पृष्ठ १ बाट क्रमशः

अब सबै उच्च अदालतमा श्रव्यदृश्यबाट बहस गर्न आवश्यक तयारी गर्दै छौं, ६ ठाउँमा व्यवस्थापन भइसकेको छ,' उनले भने।

विशेषगरी दिपायलमा श्रव्यदृश्यबाट बहसको प्रविधि प्रभावकारी भइरहेको सर्वोच्चले जनाएको छ। पछिल्लो एक वर्षमा १२ सयभन्दा बढी पटक अनलाइनबाटै बहस भएको सर्वोच्चको अभिलेख छ। देशभरका सबैभन्दा बढी अनलाइन बहस नै दिपायलमा हुने मुख्य रजिस्ट्रार लालबहादुर कुँवरले जानकारी दिए। उक्त अदालतमा अनलाइनबाट हुने बहस कैदी वा थुनुवाले पनि हेर्न पाउने व्यवस्था गरिएको छ। विद्युत् र इन्टरनेटमा बाधा नहोस् भन्नका लागि इलाममा बहस गर्ने कानुन व्यवसायीले झापा जिल्ला अदालत र दिपालयमा बहस गर्नका लागि कैलाली जिल्ला अदालतमा बसेर बहस गर्ने गरी व्यवस्था गरिएको छ। न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना र न्यायपालिकाको सूचना प्रविधिसम्बन्धी १० वर्षे गुरुयोजनाअन्तर्गत न्यायालयलाई प्रविधिमैत्री बनाउने कार्य भइरुहेको सर्वोच्चले जनाएको छ।

त्यस्तै, प्रधानन्यायाधीश श्रेष्ठले देशभरका उच्च अदालतहरूमा पेसी तारेख अटोमेसन पनि पुस पहिलो साताभित्रै लागू गर्ने गरी प्राविधिक तयारी भइरहेको जानकारी दिए। यसै वर्ष ११ भदौबाट सर्वोच्चमा मुद्दा नम्बर राखेपछि प्रविधिले आफैं अर्को पेसी दिने प्रणाली (अटोमेसन) सुरु भएको छ।

जाजरकोटमा पनि पठाइयो अस्थायी आवासको पहिलो किस्ता

शिवालय गाउँपालिकाका ३३ सय नौ लाभग्राहीका लागि रकम पठाइयो, अन्य पालिकाबाट विवरण आउनै बाँकी



● **शेरबहादुर शाही**, अध्यक्ष, शिवालय गाउँपालिका

वडाबाट आएको विवरणलाई प्रशासनमा पठाएका छौं, यीमध्ये पनि कसैका दुईवटा घर हुन सक्छ, कोही लाभग्राही सूचीमै नपरेका पनि हुन सक्छन् । त्यसैले फेरि फाराम भर्न लगाएर वास्तविक पीडितलाई अनुदान दिन्छौं, यसका लागि दुई-तीन दिन लाग्न सक्छ ।

रुकुम पश्चिममा **मनीष खड्का**

भूकम्प प्रभावितका लागि अस्थायी आवास निर्माण गर्न जाजरकोटमा पनि पहिलो किस्ताबापतको रकम स्थानीय तहमा पठाउन सुरु भएको छ । जिल्ला विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोषले बिहीबार शिवालय गाउँपालिकामा पहिलो किस्ता पठाएको हो । रुकुम पश्चिममा मंगलबारदेखि नै यो प्रक्रिया सुरु भएर स्थानीय तहले लाभग्राहीलाई रकम वितरणसमेत सुरु गरिसकेका छन् ।

शिवालय गाउँपालिकामा पहिलो दिन तीन हजार तीन सय नौ लाभग्राहीलाई पहिलो किस्ता पठाइएको जिल्ला प्रशासन कार्यालय जाजरकोटका लेखापाल एकराज उपाध्यायले बताए । उनका अनुसार प्रतिलाभग्राही २५ हजारका दरले आठ करोड २७ लाख २५ हजार पठाइएको छ ।

पालिकाले भने लाभग्राहीको विवरण पुनः पहिचान गरी रकम वितरण गर्ने जनाएको छ । शुक्रबारदेखि नै यो प्रक्रिया थालिने पालिका अध्यक्ष शेरबहादुर शाहीले बताए । 'वडाबाट आएको विवरणलाई प्रशासनमा पठाएका छौं, यीमध्ये पनि कसैका दुईवटा घर हुन सक्छ, कोही लाभग्राही सूचीमै नपरेका पनि हुन सक्छन्,' उनले भने, 'त्यसैले फेरि फाराम भर्न लगाएर वास्तविक पीडितलाई अनुदान दिन्छौं, यसका लागि दुई-तीन दिन लाग्न सक्छ ।'

जिल्ला प्रशासन कार्यालय जाजरकोटका लेखापाल एकराज उपाध्यायले अन्य स्थानीय तहबाट भने लाभग्राही विवरण प्राप्त हुन नसकेको बताए । विवरण प्राप्त भएलगत्तै स्थानीय तहमा रकम पठाइने बताए । शुक्रबारदेखि अन्य तहबाट पनि लाभग्राही विवरण आउने उनको विश्वास छ ।

जाजरकोटमा ३४ हजार चार ९८ घरमा भूकम्पले क्षति पुऱ्याएको प्रारम्भिक विवरण छ । जसमध्ये नौ हजार सात सय ९४ घरमा पूर्ण र २४ हजार सात सय सात घरमा आंशिक क्षति पुगेको छ ।

■ रुकुम पश्चिमका स्थानीय तहमा साढे २१ करोड गयो

जिल्ला विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले रुकुम पश्चिमका स्थानीय तहमा भने मंगलबारदेखि नै पहिलो किस्ताको रकम पठाउन थालेको थियो । बिहीबारसम्म २१ करोड ४६ लाख २५ हजार रुपैयाँ पुगेको छ । बिहीबार मात्रै आठबिसकोट र चौरजहारी नगरपालिका तथा त्रिवेणी गाउँपालिकाका लागि १८ करोड ९२ लाख ७५ हजार पठाइएको जिल्ला विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले जनाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बढुवालका अनुसार सबैभन्दा बढी आठबिसकोटमा चार हजार लाभग्राहीका लागि दश करोड, चौरजहारीमा दुई हजार पाँच सय ११ लाभग्राहीका लागि ६ करोड २७ लाख ७५ हजार र त्रिवेणी गाउँपालिकामा एक हजार ६० लाभग्राहीका लागि दुई करोड ६५ लाख रकम गएको छ ।

अहिलेसम्म गएको रकम पनि आठबिसकोटमै सबैभन्दा धेरै छ । त्यहाँ चार हजार पाँच सय परिवारका लागि ११ करोड २५ लाख रुपैयाँ पठाइएको छ । त्यस्तै, चौरजहारी नगरपालिकामा दुई हजार पाँच सय ११ परिवारका लागि ६ करोड २५ लाख ७५ हजार, त्रिवेणी गाउँपालिकामा एक हजार एक सय २४ परिवारका लागि दुई करोड ८१ लाख र सानीभेरी गाउँपालिकामा चार सय ५० परिवारका लागि एक करोड १२ लाख ५० हजार पहिलो किस्ताबापत गएको बढुवालले बताए ।

तीन दिनमा जिल्लाभरमा गरेर आठ हजार पाँच सय ८५ लाभग्राहीलाई जिल्ला विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोषबाट पहिलो किस्ता स्थानीय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोषमा गएको छ । स्थानीय तहले लाभग्राही यकिन गरेर जिल्लामा पठाइरहेका छन् भने त्यसका आधारमा जिल्लाबाट धमाधम पहिलो किस्ता स्थानीय तहमा गइरहेको छ ।

स्थानीय तहहरूले पनि कोषमा आएको रकम धमाधम वितरण गरिरहेको बताएका छन् । त्रिवेणी गाउँपालिकामा बुधबार नै ६४ परिवारलाई वितरण गरिएको थियो । अन्य पालिकाले पनि वितरण प्रक्रिया सुरु भएको जनाएका छन् । आठबिसकोट नगरपालिकाका प्रमुख रवि केसीले शुक्रबारबाट अनुदान वितरणको काम सुरु हुने बताए । रुकुम पश्चिममा २६ हजारभन्दा बढी घरमा क्षति पुगेको प्रारम्भिक विवरण छ । अस्थायी आवासका लागि सरकारले रुकुम पश्चिम र जाजरकोटका लागि ५०-५० करोड पठाएको छ ।

अस्थायी आवास निर्माण सरकारको प्राथमिकता

कमलराज भट्ट/**नयाँ पत्रिका**

सरकारले जाजरकोट भूकम्पबाट प्रभावित नागरिकको जीवनयापन सहज बनाउन अस्थायी आवास निर्माणलाई प्राथामितामा राखेको जनाएको छ । राष्ट्रिय सभाअन्तर्गत राष्ट्रिय सरोकार तथा सुशासन समितिको बिहीबार बसेको बैठकमा उपस्थित उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले पालमुनि बसेकालाई छतमुनि ल्याउनु सरकारको प्राथमितका रहेको बताए ।

गृहमन्त्री श्रेष्ठले भूकम्पपीडित थप समस्यामा नपरून् भनेर सरकारले नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीलाई अस्थायी आवास निर्माणमा खटाउने निर्णय गरेको जानकारी दिए । उनका अनुसार अस्थायी आवास छिटोभन्दा छिटो बनाउनका लागि जनशक्ति अपुग हुन नदिन सुरक्षा निकाय परिचालनको निर्णय भएको हो ।

सम्बन्धित जिल्लास्थित जिल्ला विपत् व्यवस्थापन समितिले सुरक्षा अंगलाई आवश्यकतानुसार परिचालित गर्न सक्ने व्यवस्था मिलाइएको र थप जनशक्ति आवश्यक परे उपलब्ध गराइने उनको भनाइ छ । 'जिल्ला सुरक्षा समितिले नै निर्णय गरेर अस्थायी आवास निर्माणमा सेना, सशस्त्र, प्रहरीलाई परिचालन गर्न सक्छ । त्यसले पनि पुगेन भने अन्तबाट पनि पठाउँछौं,' उनले भने, 'जिल्लाबाट तुरुन्तै परिचालन हुन्छ ।'

त्यसैबीच, सरकारले जाजरकोट भूकम्प प्रभावितलाई अस्थायी आवास निर्माणका लागि किस्तामै रकम दिइने स्पष्ट पारेको छ । एकमुस्ट ५० हजार उपलब्ध गराउन कतिपय सांसदले आवाज उठाइरहेका वेला सरकार भने दुरुपयोग हुन नदिन दुई किस्तामै दिने निर्णय कार्यान्वयन गराउने नीतिमा देखिएको छ । अस्थायी आवासको रकम दुरुपयोग नहोस् र इमानदारिताका साथ प्रभावित परिवारले घर बनाओस् भनेर दुई किस्ताको व्यवस्था गरिएको बताए । समिति सभापति दिलकुमारी थापाले ५० हजार नै एकैचोटि दिँदा हुँदैनथ्यो भन्ने चासो राखेपछि मन्त्री श्रेष्ठले किस्तामा दुई-तीन दिनको मात्रै फरक हुने र त्यो एकमुस्टभन्दै हुने उनले जिकिर गरे ।

आवास लागि तत्काल राहतस्वरूप उपलब्ध गराउन जाजरकोट र रुकुम पश्चिमलाई ५-५ करोड दिने गृहमन्त्री स्तरबाट निर्णय भएको छ । लगत्तै जाजरकोट र रुकुम पश्चिममा अस्थायी आवास निर्माण प्रयोजनका लागि ५०-५० करोड दिने मन्त्रिपरिषद्बाट निर्णय भयो । केही समयअघि प्रभावित बझाङलाई २५ करोड, बाजुरालाई १४ करोड र सल्यानमा दुई करोडसमेत गरेर अहिले एक अर्ब ५१ करोड रकम पठाइएको गृहसचिव भट्टराईले जानकारी गराए । स्थानीय वडाको सिफारिसमा स्थानीय विपत् व्यवस्थापन कोषले भुक्तानी गर्न सक्ने गरी कानुनमै संशोधनमार्फत सहजीकरण गरिएको उनले बताए ।

■ भूकम्पको क्षति कति ?

संसदीय समितिमा गृहसचिव दिनेश भट्टराईले जाजरकोट भूकम्पबाट १५४ को मृत्यु र तीन सय ६६ जना घाइते भए भने ६५ हजारभन्दा बढी घरमा क्षति पुगेको तथ्यांक पेस गरेका छन् । उनका अनुसार मानवीय क्षतितर्फ जाजरकोटमा एक सय एकजनाको मृत्यु र एक सय ४५ जना घाइते तथा रुकुम पश्चिममा ५३ जनाको मृत्यु र दुई सय २१ जना घाइते भएका छन् ।

गृहको विवरणअनुसार नौजनाको उपचार भइरहेको छ । जाजरकोटबाट ट्रमा सेन्टरमा एकजना, टिचिङमा दुई, न्युरोमा एक, भेरीमा एक, प्रदेश अस्पताल सुर्खेतमा एक गरी ६ जनाको उपचार भइरहेको छ । रुकुम पश्चिमतर्फ भेरी अस्पतालमा दुई, टिचिङमा एक गरी ३ जना उपचाररत छन् ।

भौतिक क्षतितर्फ जाजरकोटमा नौ हजार सात सय ९४ घर पूर्ण क्षति र २४ हजार घरमा आंशिक क्षति भएको छ । रुकुम पश्चिममा १६ हजार पाँच सय ७० घर पूर्ण र नौ हजार नौ सय ६१ घरमा आंशिक क्षति भएको छ । जाजरकोटमा ३५ हजार र रुकुम पश्चिममा २७ हजार घरमा क्षति पुगेको विवरण छ ।

जाजरकोटमा सार्वजनिक भवन पूर्ण वा आंशिक क्षति भएको हालसम्म देखिएको छैन । रुकुम पश्चिममा १६ वटा पूर्ण र २१ वटा आंशिक क्षति भएको छ । रुकुम पूर्वमा पनि डेढ सय घर पूर्ण वा आंशिक क्षति भएका छन् । सल्यानमा साढे ६ सयभन्दा बढी घर पूर्ण वा आंशिक क्षति भएका छन् । रोल्पामा सयभन्दा बढी घरमा क्षति भएको विवरण छ । प्युठानमा २१ घरमा आंशिक क्षति भएको छ ।

कुलमा २६ हजार पाँच सय ५७ घर पूर्ण क्षति भएको छ भने ३५ हजार चार सय ५५ घरमा आंशिक क्षति भएको छ । सार्वजनिक भवन १६ वटा पूर्ण र ३४ वटा आंशिक क्षति भएको गृहको तथ्यांक छ ।

■ राहत सामग्री

सरकारले भूकम्प प्रभावितका लागि तत्काल राहतका लागि वस्तुगत सामग्री पठाएको थियो । यी सामग्री सरकारले खरिद गरेको नभई विभिन्न दातृ सहयोगी निकाय, संस्थाका तर्फबाट प्राप्त भएका सामग्री रहेको गृहसचिव दिनेश भट्टराईले जानकारी दिए ।

उनका अनुसार जाजरकोटमा हाउस टेन्ट एक हजार ६ सय ३४, त्रिपाल ४१ हजार चार सय दुई, ब्ल्यांकेट ३१ हजार ६ सय ५४, भुइँमा ओछ्याउने म्याट्रेस १३ हजार चार सय ९२ र सिलिप ब्याग दुई हजार चार सय ८५ पठाइएको छ । बिहीबार पनि केही सिरक र म्याट्रेस पठाइएको छ ।

रुकुम पश्चिममा हाउस टेन्ट आठ सय तीन, त्रिपाल २२ हजार दुई सय ५०, ब्ल्यांकेट ६ हजार १७, म्याट्रेस ५ हजार दुई सय एक र सिलिप ब्याग एक हजार तीन सय १४ पठाइएको गृहको तथ्यांक छ । दुवै जिल्लामा आवश्यक खाद्यान्न सामग्री पनि पठाइएको छ ।

'प्रभावित क्षेत्रमा पुऱ्याउँदा कुनै गुणस्तरीय भयो, कुनै गुणस्तरीय भएन भन्ने गुनासो छ । यसमा हामीले दातृ निकायबाट जस्तो प्राप्त भएको छ, त्यही सामग्री त्यहाँ पठाएको हो,' गृहसचिव भट्टराई भन्छन् ।

धरापमा पारेर दुई गैंडा मार्ने आठ तस्कर पक्राउ

खाल्टो खनेपछि घाँसले छोपी २० दिन ढुकेर मारिएको थियो गैंडा



चाडपर्वका वेला खनिएको थियो खाल्टो

● **डा. सिन्धुप्रसाद ढुंगाना**, महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग



अनुसन्धानमा पाइएअनुसार गैंडालाई पासो थाप्न तस्करले सातवटा खाल्टो खनेका थिए । ती खाल्टो चार्डपर्वको अवसर पारेर निकुञ्जभित्र खनिएको थियो । त्यसमाथि गैंडाले मन पराउने घाँस बिछ्याएर प्राकृतिकजस्तै बनाई तस्करहरू एक किलोमिटरपर मचानमा ढुकेर बसेका थिए ।

भरतपुरमा **विवेक पोखेल**

चितवन राष्ट्रिय निकुञ्जको कोर एरियामा खाडलको धरापमा पारेर दुईवटा गैंडा मारी खाग तस्कर गरेको अभियोगमा आठजना पक्राउ परेका छन् । गैंडालाई खाल्टोमा पारेर मार्ने, खाग बिक्री गर्न खोज्ने तथा योजना बनाउने अभियुक्तलाई बिहीबार निकुञ्जको कार्यालय कसरामा सार्वजनिक गरिएको हो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. सिन्धुप्रसाद ढुंगानाका अनुसार निकुञ्जभित्र खाल्टो खनेर त्यसलाई प्राकृतिक बनाई गैंडालाई पासोमा पारिएको अनुसन्धानले देखाएको छ । गैंडा मार्न तस्करले सातवटा खाल्टो खनेका थिए । खाल्टोलाई प्राकृतिक बनाउन र गैंडालाई आकर्षिक गर्न खाल्टोमाथि गैंडालाई मन पर्ने घाँसले छोपिएको ढुंगानाले बताए । 'अध्ययनका क्रममा चाउचाउका खोल, पानीका बोतल, प्लास्टिक ब्ल्यांकेट, टर्च, डेक्चीलगायत गैंडा मरेकै क्षेत्रमा भेटिएको थियो । सिकारीले आगो बालेजस्तो पनि देखिन्छ । गैंडा पासोमा परे-नपरेको प्रत्यक्ष हेरैै बसेको र खाल्टोमा फसेपछि त्यसलाई मारेर खुर काटेको देखिन्छ,' उनले भने ।

ढुंगानाले पाँच दिनअघि गैंडा मरेको क्षेत्रमा सुरक्षा गस्ती गएको पत्रकार सम्मेलनमा बताए पनि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान विभागको प्राविधिक टोलीले २० दिनसम्म तस्करको टोली जंगलमै वास बसेर सो घटना घटाएको जनाएको छ । ३० कात्तिकका दिन निकुञ्जको पूर्वी क्षेत्रस्थित कोर इलाका चपरचुली सुरक्षा पोस्टबाट करिब ३.५ किलोमिटर दक्षिण-पूर्व चुरे पहाडको फेदी क्षेत्रमा दुईवटा अलग-अलग खाल्टोको धरापमा १८ र ६ वर्षका पोथी गैंडा खागविहीन अवस्थामा मृत फेला परेका थिए ।

नौ वर्षमा मरे २३४ गैंडा

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार आर्थिक वर्ष ०७२/७३ देखि हालसम्ममा दुई सय ३४ गैंडा मरेका छन् । चितवन, पर्सा र बर्दियामा पाइने एकसिंगे गैंडा सामान्यतया बुढो भएर, रोगी भएर, भिरबाट लडेर, दलदलमा फसेर, बाढीले बगाएर, आपसमा जुधेर, बाघ र गोहीको आक्रमणमा परेर मर्छन् भने चोरी-सिकारीले मार्ने गर्छन् । आव ०७२/७३ मा १४, ०७३/७४ मा २५, ०७४/७५ मा २६, ०७५/७६ मा ४३, ०७६/७७ मा २६, ०७७/७८ मा ३३, ०७८/७९ मा ३७ र ०७९/८० मा २२ गैंडा मरेको निकुञ्जले जनाएको छ ।

पत्रकार सम्मेलनमा जानकारी दिइएअनुसार खाग बिक्री गर्न ग्राहक खोजिरहेको अवस्थामा चितवनको राप्ती नगरपालिका- ५ र ६ को क्षेत्रबाट उनीहरू पक्राउ परेका हुन् । चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनका अनुसार गत ९ मंसिरमा ६ जना चितवनको राप्ती- ६ बाट पक्राउ परेका थिए ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका- ३ लेबर्ट बस्ने ३३ वर्षीय रमेश खाती, राप्ती- ११ थाकलटार बस्ने ४२ वर्षीय पासाङ भन्ने आइतेसिंह मोक्तान, मकवानपुरको राक्सीराङ गाउँपालिका- ९ घर भई हेटौंडा- ४ बस्ने ४४ वर्षीय शमशेर थिङ, मकवानपुरको मनहरी गाउँपालिका- ६ नयाँबस्ती बस्ने ५६ वर्षीय थिङ बाजे भन्ने ग रिएको सीताराम थिङ, रोल्पाको सुनछहारी- ६ फगाम घर भई हेटौंडा- ५ बस्ने अर्जुन रोका र गोरखाको बारपाक घर भई भरतपुर महानगरपालिका- ११ लामाटोल बस्ने ७७ वर्षीय घले भन्ने धनबहादुर गुरुङ राप्ती- ६ बाट पक्राउ परेका थिए । त्यसको दुई दिनपछि चितवनको कोराक घर भई राप्ती-११ थाकलटार बस्ने ४० वर्षीय उनबहादुर स्याङ्तान र मकवानपुरको मनहरी- ७ ज्यामिरे घर भई माडीको बाँदरभुल्ला बस्ने ५६ वर्षीय स्याङ्बो भन्ने इन्द्रबहादुर तामाङ राप्ती- ५ बाट पक्राउ परेका हुन् ।

अनुसन्धान टोलीले उनीहरूको साथबाट ४८० ग्राम र ६० ग्राम तौलको दुई थान खाग, दुई थान पल्सर मोटरसाइकलसहित १६ प्रकारका सामग्री बरामद गरेको छ । अनुसन्धानले यो घटनामा पेसेवरभन्दा पनि खाग बेच्न सक्यो भने पैसा कमाउन सकिन्छ भन्ने कुराले प्रेरित व्यक्तिहरू संलग्न रहेको देखाएको छ । उनीहरूले यी दुई गैंडा पनि खाग कहाँ लगेर बेच्ने भन्ने योजनाबिनै मारेका थिए । ग्राहकको खोजीमा रहेका उनीहरूसामु सिआइबीका अनुसन्धान अधिकृतहरू खाग किन्ने ग्राहक बनेर पुगेका थिए ।

बैंक ठग्ने अधिकृतलाई आठ वर्ष कैद

काठमाडौं/ नक्कली नागरिकता बनाई कृषि विकास बैंकमा जम्मा रहेको रकम लिएर विदेश भाग्ने तयारी गरिरहेका अधिकृतलाई विशेष अदालतले सजाय सुनाएको छ । ५ मंसिरमै कसुर कायम भए पनि दोषीलाई बिहीबार सजाय सुनाइएको हो । न्यायाधीशद्वय यमुना भट्टराई र खुसीप्रसाद थारूको इजलासले कृषि विकास बैंकमा शाखा अधिकृत रहेका केदारप्रसाद गौतम र कृष्णहरि थापालाई जनही ८/८ वर्ष कैद सजाय सुनाइएको छ । आठजना प्रतिवादी रहेकामध्ये पाँचजना माथि कसुर कायम भएको छ भने तीनजनालाई विशेषले सफाइ दिएको छ । मुद्दा दायर भएको चार वर्षपछि फैसला भएको हो ।

गौतम कृषि विकास बैंकको स्वयम्भु शाखामा कार्यरत थिए । जहाँ उनले २०७१ असोजदेखि २०७२ असारसम्मको रकम हिनामिना गरेको भेटिएको थियो । गौतमले तेजबहादुर थापा नामले नक्कली नागरिकता बनाई रेमिटबाट आएको फर्जी कारोबार देखाएर बैंकमा विभिन्न आर्थिक गतिविधि गर्ने गरेका थिए । नक्कली राहदानीसमेत बनाएर नेपालबाहिर फरार हुने उद्देश्यले योजनाबद्ध ढंगले गौतमले थापाको परिचय खडा गरेर कार्य गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानबिनले देखाएको थियो । आठ वर्ष नै कैद सजाय पाएका कृष्णहरि थापाको पनि यसमा मिलेमतो देखिएको थियो । उनले पनि नक्कली नागरिकता बनाएका थिए । राजीव थापा नामले कृष्णहरिले नागरिकता बनाई केदारसँग मिलेर नक्कली बैंक खाता खोल्ने, भारतमा बसी बैंकमा भएको रकम र हिनामिना भएको रकम व्यवस्थापनमा भूमिका खेलेकोजस्ता आरोप अख्तियारले लगाएको थियो ।

यसैगरी, इजलासले सम्झना पोखरेल गौतम, सन्दीप गुप्ता र सूर्यबहादुर लिम्बूलाई जनही १/१ महिना कैद सजाय सुनाएको छ । सम्झना केदारप्रसादकी श्रीमती हुन् । सम्झना आफ्नो नाममा रहेको जग्गाजमिन बेची भारत जाने तयारीमा थिइन् । अनियमित तरिकाबाट प्राप्त रकम लुकाउने दुराशयपूर्ण उद्देश्य राखेको भन्दै उनलाई समेत प्रतिवादी बनाइएकोमा कसुर ठहर भएको हो । यसैगरी, गुप्ताले गौतमले निकालेको रकम अन्य खातामा जम्मा गरिदिने र भारत पुऱ्याउन सहयोग गर्ने गरेका थिए । अर्कोतिर लिम्बूले पनि वसन्त राई भनी नक्कली नामले किर्ते नागरिकता बनाएको खुलेको थियो । उनले पनि गुप्तालेभन्दै गौतमलाई सहयोग गर्ने गरेका थिए । यसै मुद्दामा प्रतिवादी बनाइएका भरतबहादुर बानियाँ, जेनी श्रेष्ठ गौतम र सुमन भुजेलले सफाइ पाएका छन् । बानियाँ स्वयम्भु शाखाका तत्कालीन शाखा प्रबन्धक हुन् भने श्रेष्ठ गौतमकी कान्छी श्रीमती हुन् । भुजेल भने गैरकानुनी तवरले आर्जित सम्पत्तिले जग्गा कारोबारसमेतका कार्यमा संलग्न रहेको अभियोग थियो । बिगो तथा जरिवाना भने तोकिएको छैन ।

दुर्घटनामा एकै परिवारका तीनको मृत्यु

अनियन्त्रित मोटरसाइकल पुलमुनि खस्दा श्रीमान्-श्रीमतीसँगै पाँच महिनाकी शिशुको पनि गयो ज्यान

मकवानपुर/ मकवानपुरगढी गाउँपालिकामा बिहीबार दिउँसो मोटरसाइकल दुर्घटना हुँदा एकै परिवारका तीनजनाको मृत्यु भएको छ । मकवानपुरगढी- २ धवाडीपुलस्थित भित्री सडक खण्डमा सुकौराबाट कान्ति लोकपथतर्फ आउँदै गरेको प्रदेश ३-०२-०१२ प ६९११ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा मकवानपुरगढी- २ कुर्ले पाखाका ३५ वर्षीय भीमबहादुर स्याङ्तान, उनकी श्रीमती ३४ वर्षीया रूपा स्याङ्तान र करिब पाँच महिनाकी छोरी छिन् । मोटरसाइकल पछाडि बसेकी रूपा र छोरीको घटनास्थलमै तथा भीमबहादुरको उपचारका लागि चितवनस्थित पुरानो मेडिकल कलेज भरतपुर लैजाँदै गर्दा बाटोमा मृत्यु भएको मकवानपुरका प्रहरी प्रवक्ता डिएसपी लक्ष्मी भण्डारीले जानकारी दिए । उनका अनुसार स्याङ्तानलाई हेटौंडा अस्पताललले थप उपचारका लागि चितवन रेफर गरेको थियो । मोटरसाइकल अनियन्त्रित भएर पुलछेउबाट अन्दाजी १० मिटर तल खसेको प्रहरीले जनाएको छ ।

जिप दुर्घटना एकको ज्यान गयो

बाजुरा/ कर्णाली करिडोर सडकअन्तर्गत पर्ने हिमाली गाउँपालिकाको धुलाचौरबाट बुढीनन्दा नगरपालिकाको कोल्टीतर्फ आउँदै गरेको जिप दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । एकजना सामान्य घाइते भएका छन् । मृत्यु हुनेमा मुगु जिल्लाको खत्याड गाउँपालिका- ९ घर भएका करिब २८ वर्षीय मदन सार्की रहेको जिल्ला प्रहरी कार्यालय बाजुराका प्रवक्ता प्रहरी निरीक्षक किशोरसिंह ऐरीले जानकारी दिए ।

प्रहरीका अनुसार धुलाचौरबाट कोल्टीतर्फ आउँदै गरेको लु.१ज ४८२९ नम्बरको बोलेरो जिप बिहीबार बिहान करिब ११ बजेतिर हिमाली गाउँपालिका- ६ को बोल्डिकनजिकै दुर्घटना भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका मदनलाई उपचारका लागि कोल्टी प्राथमिक स्वास्थ्य चौकीमा पुऱ्याइएको थियो । लगत्तै अस्पतालले मृत घोषणा गरेको प्रहरी निरीक्षक ऐरीले बताए ।

जिपमा सवार गौमुल गाउँपालिका- ३ का अन्दाजी १९ वर्षीय वसन्त धामी घाइते छन् । उनको खुट्टामा चोट लागेको र अवस्था सामान्य रहेको प्रहरी निरीक्षक ऐरीले जानकारी दिए ।



निरपेक्ष होइन, सापेक्षिक स्वतन्त्रताको पक्षमा

मर्यादित स्वतन्त्रताभित्र पत्रकारिताका आधारभूत सिद्धान्तहरू शुद्धता, सन्तुलन, विश्वसनीयता, शिष्टता, नैतिकता, स्वच्छता सबै सन्निहित रहन्छन्



● सञ्जीव कार्की



अग्रलेख

स्वतन्त्रताको अर्थ नेपाली बृहत् शब्दकोशमा यसरी गरिएको छ, 'कुनै प्रकारको शासनिक बाधा, बन्धन आदि नभई उचित कार्य र व्यवहार गर्न पाउने अधिकार।' यसले उचित कार्य र व्यवहार गर्न पाउने अधिकार भनेर स्वतन्त्रतामा उचित शब्द पनि थपिदिएको छ। स्वतन्त्रता भनेको मनलाग्दी गर्न पाउने व्यवस्था नभएर योग्य र सुयोग्य सूचना पाउने नागरिक हक भएको प्रस्ट छ। सबै सूचना र समाचार प्रसारण, प्रकाशनलायक हुँदैनन्। त्यसैले पत्रकारसँग समाचार स्क्रिनिङको योग्यता र आचरण आवश्यक हुन्छ। त्यो योग्यता र आचरणसहितको स्वतन्त्रता नै उसको अभिव्यक्ति स्वतन्त्रता हो।

स्वतन्त्रताको निरपेक्ष अर्थ खोज्न थालियो भने स्वतन्त्रता मर्यादाविहीन र अराजक बन्छ। स्वच्छन्दता स्वतन्त्रता हुन सक्दैन। बेलगामपनलाई स्वतन्त्रताको अर्थ भिराइयो भने समाज बढ्दो रूपले अराजक बन्दै जानेछ। पाएजति सूचना बजारमा पठाउनु स्वतन्त्रताको दुरुपयोग हुन्छ। नियमको उल्लंघन हुन थालेपछि नियन्त्रण र नियोजनको विषय पनि उठ्छ नै। कानुन आकर्षित बन्छ। त्यसैले हाम्रो प्रेसलगायत अन्य सामाजिक सञ्जालको स्वतन्त्रता नियन्त्रणउन्मुख बन्दै छ। हामीले नियमन र निषेध दुई फरक कुरा हुन् भनेर बुझ्न आवश्यक छ।

मर्यादित स्वतन्त्रता आजको आवश्यकता हो। प्रेस स्वतन्त्रताको नाममा जुन हदका कार्य भएका छन्, तिनले प्रेस स्वतन्त्रताको खिल्ली नै उडाएका छन्। स्वतन्त्रताको परिभाषामा अराजकता थपेका छन्। आममान्छेको चासो र स्वतन्त्रताको लडाइँ लडेकाहरूको चिन्ता अनि चर्चाको विषय अशिष्ट स्वतन्त्रताको विपक्षमा छ।

स्वतन्त्रता सामाजिक नैतिकताको विषय हो। अभद्र र अश्लील स्वतन्त्रता जंगली अभ्यास हुन्छ। मानवीय, सभ्यता र शिष्ट अनुशासित समाजमा मर्यादित स्वतन्त्रताकै अभ्यास गरिन्छ। पंक्तिकार मर्यादित पत्रकारितामा मर्यादित स्वतन्त्रताको पक्षधर हुन रुचाउँछ। वाक्-स्वतन्त्रताको अर्थ वाक्-मर्यादा गुमाउनु हुन सक्दैन। मर्यादित स्वतन्त्रताको पक्षधर हुनु अधिकार र गौरवको विषय हो, हीनताको होइन। मर्यादित स्वतन्त्रताभित्र पत्रकारिताका आधारभूत सिद्धान्तहरू शुद्धता, सन्तुलन, विश्वसनीयता, शिष्टता, नैतिकता, स्वच्छता सबै सन्निहित रहन्छन्।

वाक्-स्वतन्त्रतालाई लोकतन्त्रको प्राणवायु मानिन्छ। स्वतन्त्रताको महत्त्व के र कति हुन्छ, त्यो स्वतन्त्रताको उपयोग गर्न नपाएका पुस्ता र विश्वमा वाक्-स्वतन्त्रता खोसिएका मुलुकका मानिसहरूले अभिव्यक्त गर्ने पीडामा देख्न सकिन्छ। 'मेरो कलम नभाँच, मेरो बोल्ने मुख नथुन, मेरो हातगोडामा नेल नठोक' भन्ने बिपी कोइरालाका समकालीन सबै कम्युनिस्ट कांग्रेस र ०४६ सालसम्मको स्थिति व्यहोर्ने आममानिसलाई स्वतन्त्रताको अर्थ राम्ररी थाहा छ। राजा ज्ञानेन्द्रले ०६१ सालमा सञ्चार माध्यममा गरेको निषेधको परिणति के भयो दुनियाँ जगजाहेर छ।

छिमेकी मुलुक चीन, उत्तर कोरिया, लाओस, भियतनाम, क्युबाजस्ता कम्युनिस्ट शासन भएका मुलुकका जनता र तिनको उकुसमुकुस र छटपटीमा वाक्-स्वतन्त्रताको तिर्खा व्याप्त भएको देख्न सकिन्छ। हाम्रै छिमेकी मुलुक भुटानमा पनि राजनीतिक स्वतन्त्रताको हक कुण्ठित छ, जसको पीडा एक लाखभन्दा बढी भुटानी शरणार्थीलाई आश्रय दिँदा हामीले पनि केही अनुभूत गरेकै हो। प्रजातन्त्रको मौलिक हक हो, वाक्-स्वतन्त्रता। नेपालका ००७ साल, ०२९ साल ०३६ र ०४६ साल ०५२ र ०६२/०६३ सालका सशस्त्र, निःशस्त्र, सत्याग्रह, जनयुद्ध मधेश आन्दोलन आदिमा भएको प्रदर्शन, पोखिएको रगत, सुम्पिएको जीवनको अभीष्ट हरेक तह र तप्का हरेक भूगोलका मान्छेहरूको प्रजातान्त्रिक स्वतन्त्रता सुनिश्चित गर्नकै लागि थियो।

प्रेस स्वतन्त्रतालाई लोकतान्त्रिक व्यवस्थाको मेरुदण्ड मानिन्छ। कसैको हस्तक्षेप, नियन्त्रण र नियोजनविना स्वतन्त्र तवरले कार्य गर्ने लेख्ने, बोल्ने, संघसंगठन खोल्न वा निर्बाध रूपमा आफ्ना गतिविधि गर्न पाउने अवरोधरहित अवस्थाको प्रावधान हो स्वतन्त्रता। लोकतान्त्रिक मूल्य, मान्यता र अस्मिताको जीवन्तता र गतिशीलतालाई वाक्-स्वतन्त्रताको परिधिको रूपमा व्याख्या विश्लेषण गरिन्छ। विचार अभिव्यक्तिको स्वतन्त्रताले खुला समाजको वृद्धि र विकासमा बहुकोणबाट मद्दत पुऱ्याइरहेको हुन्छ। विचार प्रवाह गर्ने, आफ्नो मार्गनिर्देश सम्प्रेषण गर्ने स्वतन्त्रताले नागरिकलाई बलियो बनाउन र अन्यायको विरुद्ध प्रथम प्रतिरोध गर्न बल प्रदान गर्छ।

स्वतन्त्र र निष्पक्ष ढंगले गर्ने टिप्पणी आलोचना र विरोधले गलत प्रवृत्तिलाई सचेत गराउने र केही हदसम्म नियन्त्रण गर्ने काम पनि गर्छ। तर, संवैधानिक हकको रूपमा नै सुरक्षित अभिव्यक्ति स्वतन्त्रता प्रयोग गर्न नजान्दा यसको मर्यादा उल्लंघन हुन पुग्छ। यसमा नेता, पत्रकारलगायत सबै बारम्बार चुकेका छन्। आधुनिक सूचना प्रविधिका कारण हरेक मान्छेको हातमा सञ्चारमाध्यमका थरीथरी साधन पुगेका छन्। आज, एक क्लिकमा कुनै पनि अभिव्यक्ति तत्क्षण विश्वव्यापी हुन सक्ने अवसर प्राप्त छ। परिणामतः जुनसुकै घटना पनि सामाजिक सञ्जालमा पुग्छ र तत्काल टिप्पणी प्रतिटिप्पणी हुन थालिहाल्छ। यसर्थ पनि सञ्चार क्षेत्र अत्यन्तै संवेदनशील क्षेत्र हो भन्ने भुल्नु हुँदैन। वाक्-स्वतन्त्रताको नाममा छाडा बोली, अश्लीलताको प्रदर्शन र असभ्य टिप्पणीले यसको मूल मर्मलाई नै घात गर्छ।

हामी स्वतन्त्रताको नाममा जुन कुरा गरिरहेका छौँ र निर्बाध पाउने हक भनिरहेका छौँ, त्यो मर्यादामाथिको उपहास हो। स्वतन्त्रताको पनि मर्यादा र नैतिकताका सीमारेखा छन्। 'ब्रेकिङ न्युज'को होडले लोकप्रिय बन्ने ध्याउन्न र अभिव्यक्ति अधिकारको नाममा कतै हामीले कर्तव्य र जिम्मेवारी बिर्सिरहेका त छैनौँ ?

जान-अन्जानमा हतारोमा विचार अभिव्यक्त गर्दा क्षणमै कसैको जिन्दगी बर्बाद पार्ने र सामाजिक हैसियत धुलिसाथ पारिदिने कामसमेत भएका छन्। गलत सन्देश प्रवाह गर्दा र कतिपय संवेदनशील विषयका सन्देश प्रकाशन गर्दा पर्ने दीर्घकालीन असरलाई, व्यक्तिगत चरित्र हत्यालाई संवैधानिक बन्दोबस्तीले मात्रै बचाउन सकिन्न। त्यसैले सचेतता अत्यन्तै जरुरी हुन्छ र छ। लोकतन्त्र बलियो बनाउन हरेक विषयमा जनमत, सचेत खबरदारी र पारदर्शिता अपरिहार्य हुन्छ। तर, सबै विषयमा पारदर्शिताको माग गर्दै स्वतन्त्रताको कुरा गर्नु कर्तव्यप्रति आँखा चिम्लनु पनि हो।

> सामाजिक सद्भाव बिथोलिने, समाज भड्किने, प्रविधिबाट नभएर प्रयोगकर्ताबाट हो। यसर्थ, नयाँ र प्रविधिमैत्री पुस्तालाई सामाजिक विमर्श र ज्ञान उत्पादनमा सहजीकरण गरौँ। गलत ज्ञान र गलत अफवाहबारे सचेत गराऔँ। प्रविधिको नियमन गरौँ।

स्वच्छ आलोचना, स्वस्थ र सैद्धान्तिक टिप्पणीले समाजलाई अग्रगमनको मार्गदर्शन मिल्छ। प्रवृत्तिगत आलोचनाले व्यक्तिको मानमर्दन हुँदैन। यसैगरी, विचारमा बहुलता भएको समाजमा सबैको एकै विचार मान्यता र विश्वास पाउन सकिँदैन। त्यसैले कतिपय अभिव्यक्ति अलि असहज र अस्वाभाविक तवरमा पनि आउँछन्। यस्तोमा, दमनको हतियारले तह लगाउने नभएर नैतिक दबाबसहित मर्यादा र सीमामा बसेर प्रतिरोध गर्नुपर्छ।

लोकतन्त्रको आधारभूत तत्त्व अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता नै हो। तर, यो मर्यादित, अनुशासित र अनुकरणीय भने हुनुपर्छ। यसर्थ, वाक्-स्वतन्त्रता मर्यादासहितको विशिष्ट संस्कृतिसमेत हो। नैतिक र जवाफदेही स्वतन्त्रताले मात्रै लोकतन्त्र मजबुत हुन सक्छ। प्रविधिको क्षणिक लाभ र कस्मेटिक आकर्षणभन्दा यसले पार्ने दूरगामी जोखिममा ध्यान पुग्नु जरुरी छ। समग्र मिडियामा निषेध नभएको र अभिव्यक्तिको स्वतन्त्रता प्रकट गर्ने ठाउँ अरू पनि भएको अवस्थामा टिकटकमाथिको सरकारी प्रतिबन्ध विशेष आपत्तिको विषय नहुनुपर्ने हो। यद्यपि समस्या कन्टेनको हो, माध्यमको होइन। सामाजिक सद्भाव बिथोलिने, समाज भड्किने, प्रविधिबाट नभएर प्रयोगकर्ताबाट हो। यसर्थ, नयाँ र प्रविधिमैत्री पुस्तालाई सामाजिक विमर्श र ज्ञान उत्पादनमा सहजीकरण गरौँ। गलत ज्ञान र गलत अफवाहबारे सचेत गराऔँ। प्रविधिको नियमन गरौँ।

वाक्-स्वतन्त्रताको जति नै मूल्य, महत्त्व र अर्थ वाक्-मर्यादाको पनि छ। निर्बाध वाक्-स्वतन्त्रताको माग गर्नेले वाक्-मर्यादाको पक्ष कहिल्यै बिर्सन नमिल्ने विषय हो।

संवैधानिक व्यवस्था : नेपालको संविधान ०७२ को धारा १७ ले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। धारा १७ (२) (क) मा प्रत्येक नागरिकलाई 'विचार र अभिव्यक्तिको स्वतन्त्रता हुने' उल्लेख गर्दै प्रतिबन्धात्मक वाक्यांशमा त्यस्तो अधिकार भए पनि त्यस व्यवस्थाले 'नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता वा संघीय एकाइ वा विभिन्न जात, जाति, धर्म सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्ने, जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गालीबेइज्जती, अदालतको अवहेलना हुने अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिनेछैन' भनी उल्लेख छ। यसले सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा प्रतिबन्ध लगाउन सकिने भन्छ।

अधिकारसँग कर्तव्यजस्तै वाक्-स्वतन्त्रतासँग वाक्-मर्यादा, वाक्-सीमा र वाक्-कर्तव्यका पक्षहरू अन्योन्याश्रित भएर रहेका हुन्छन्। वाक्-स्वतन्त्रता र वाक्-मर्यादा एकै सिक्काका दुई पाटा हुन्। जसरी सिक्काको दुई पाटोविना सिक्का खोटो हुन्छ, त्यसैगरी वाक्-मर्यादा र वाक्-स्वतन्त्रताविनाको समाज खोटो हुन पुग्छ।


वाक्-स्वतन्त्रता अनुशासित र मर्यादित भए मात्र सभ्य समाज र संस्कृति निर्माण सहज हुन सक्छ। यसर्थ, वाक्-मर्यादाको सवाललाई वाक्-स्वतन्त्रताको संकुचन नभएर कर्तव्य र अधिकारलाई सँगसँगै बुझिने कडीको रूपमा लिइनुपर्छ। तर, वाक्-स्वतन्त्रता मर्यादित तब मात्र हुन्छ, जब शासन र शासक मर्यादित र जिम्मेवार हुन्छन्। जिम्मेवार निकाय र सरकारलाई मात्र गैरजिम्मेवार स्वतन्त्रताको हनन गर्ने हक र नैतिक तागत रहन्छ। नियन्त्रित स्वतन्त्रताको विरोध र मर्यादित स्वतन्त्रताको पक्षमा आजको प्रेस र सामाजिक सञ्जाल रहनु जरुरी छ। वाक्-स्वतन्त्रता विशिष्ट प्रयोग हो, अश्लील अभ्यास किमार्थ होइन। स्वतन्त्रता निरपेक्ष होइन, सापेक्षित हुँदा नै यसको मर्यादा रहन्छ। अनियन्त्रित स्वतन्त्रता सामाजिक र नैतिक जोखिम हो भन्ने भुल्न हुँदैन।

(कार्की विधावारिधिका शोधार्थी हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **कृष्ण पोखरेल**लाई



रास्वपाले आफूलाई 'बहुलवादी लोकतान्त्रिक' पार्टी भनेको छ। उनीहरूले अँगालेको यो विचार 'नयाँ' हो ?

विचारका हिसाबले त यो विश्व र नेपालमै पनि अभ्यासमा रहेकै विचार हो। लिबरल डेमोक्रेसीलाई मान्ने दल नेपालमा कांग्रेसलगायत अरू पनि छन्। तर, उनीहरूले सैद्धान्तिक अस्पष्टतालाई चिरेर आफूमाथि लाग्दै आएको लोकप्रियतावादीको आरोपलाई भने खारेज गरिदिएका छन्। हाम्रो वैचारिक धार पनि छ भनेर स्पष्ट पारेका छन्। उनीहरू नयाँ अठोट लिएर आएका 'नयाँ' मान्छे भने हुन्। उनीहरूले हामी 'डेलिभरी'मा विश्वास गर्छौं भनेका छन्।

संघीयताबारे उनीहरूको अडानलाई कसरी हेर्नुभएको छ ?

उनीहरूले संघीयतालाई नकारेका छैनन्। उनीहरूले पहिलेदेखि नै 'रेट्रोफिटिङ'को कुरा गरिरहेका थिए। रास्वपाको जोड संघीयतालाई डेलिभरी गर्न सक्ने गरी चुस्त बनाउनुपर्नेमा भएको देखेको छु। अन्य दलले जसरी प्रदेशलाई दोस्रो, तेस्रो तहका नेता, कार्यकर्तालाई थन्क्याउने स्थानका रूपमा प्रयोग गरेका छन् त्यसरी हुँदैन, चुस्त बनाउनुपर्छ भन्नेमा उनीहरूको जोड देखिन्छ। यो गभर्नर सिस्टममा जाने पनि हुन सक्छ। उनीहरूको भनाइलाई प्रदेश खारेज वा नमान्ने अर्थमा बुझेको छैन। यसैमा सुधार खोजेको रूपमा बुझेको छु।

रास्वपाले आफ्नो राजनीतिक कित्ता स्पष्ट पार्दा कस्तो सन्देश गएको छ ?

रास्वपाले आफ्नो विचारलाई स्पष्ट पार्ने काम एकदमै सही र महत्त्वपूर्ण समयमा गरेको ठानेको छु। परिवर्तनका विरोधी शक्तिहरू चलमलाउँदै बाहिर आउन थालेका वेला रास्वपाले पूर्ण लोकतान्त्रिक गणतन्त्रात्मक शासन अपनाउने, उदार अर्थतन्त्र अँगाल्ने विचार अघि सारेर आफूहरूलाई परिवर्तनकै पक्षधरका रूपमा उभ्याएका छन्। यो टाइमिङ एकदमै महत्त्वपूर्ण छ। यसले परिवर्तनका उपलब्धिको रक्षा गरेर अघि बढ्नुपर्छ भन्ने स्पष्ट सन्देश दिएको छ। उनीहरूले सीधै नभने पनि हामी पश्चगामी होइनौँ पनि भन्न खोजेका छन्।

प्रेरक प्रसंग

चरा र किसानको कथा

यो गाउँका एउटा किसानको कथा हो। ती किसानको गाउँभन्दा केही पर थोरै खेत थियो। रोपाइँ भएको केही दिनपछि उसको खेतको भित्तामा एउटा चराले गुँड बनायो। सो चराले केही दिनपछि दुइटा अन्डा पाऱ्यो र ती अन्डाबाट दुई साना बचेरा निस्के। किसानको खेतवरपर ती बचेरा रमाउँदै हुर्कन थाले। यसैबीच, खेतमा बाली काट्ने वेला आयो। गाउँका सबै किसानले आ-आफ्नो खेतको धान काट्न थाले। एक दिन खेतमा ती बचेराले किसानले 'ओहो धान त पाकिसकेछ! भोलि छिमेकीलाई काट्न पठाउनुपर्ला' भन्दै गरेको सुने। यो सुनेर ती बचेराहरू बढो खिन्न भए। साँझ आमा फर्केपछि ती बचेराले किसानले भनेको कुरा सुनाए र भने, 'आमा, यहाँ हाम्रो यो नै अन्तिम दिन हो। हामी राति नै यो ठाउँ छोडेर अन्त जानुपर्छ।'

माउ चराले जवाफ दिन्छे, 'अहिले नै गइहाल्नुपर्दैन, केटाकेटी हो। भोलि धान काटिन्छ जस्तो लाग्दैन मलाई त।' भोलिपल्ट किसानका छिमेकी खेतमा धान काटिदिन आएनन्। माउ चराले भनेको मिल्यो। साँझपख खेतमा आएर हेर्दा धान नकाटिएको देखेपछि किसान गनगनाउन थाल्यो, 'हत्तेरी, भोलिचाहिँ आफन्तलाई धान काट्न पठाउँछु।' चराका बचेरा किसानको कुरा सुनेर फेरि खिन्न भए। राति आमालाई किसानको योजना सुनाए। हिजोजस्तै आज पनि उनले भनिन्, 'चिन्ता नलेऊ। आज पनि हामी जानुपर्दैन। उसका आफन्त आउँदैनन्।' चरीले भनेझैँ किसानका आफन्त पनि धान काटिदिन आएनन्। आज पनि खेत नकाटिएको देखेपछि किसान फतफताउन थाल्यो र भन्यो, 'भएन, भोलि चाहिँ आफैँ आएर काट्छु।' बचेराहरूले यो कुरा पनि आमालाई सुनाए। यो सुनेपछि माउ चरीले भनिन्, 'बच्चा हो, अबचाहिँ खेत छोड्ने समय आयो। हामी आजै राति यो खेत छोडेर अर्को ठाउँमा जानेछौँ।' उनीहरूले सोधे, 'किन र आमा ?' 'नानी हो, अघिल्लो दुईपटक ऊ अरूको भर परेको थियो। त्यसैले उसको धान काटिएन। तर, यसपटक उसले यो जिम्मेवारी आफ्नै काँधमा लिएको छ। त्यसैले ऊ अवश्य आउनेछ।' त्यो रात चरा र उसका बचेराहरू किसानको खेतबाट उडेर अन्यत्र गए। यो कथाले अरूको मद्दत लिनुमा कुनै खराबी छैन, तर यदि तपाईं समयमा नै काम गर्न र समयमै पूरा गर्न चाहनुहुन्छ भने त्यो कामको जिम्मेवारी तपाईं आफैँले लिनुपर्छ भन्ने शिक्षा दिन्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कर एक ठाउँबाट मात्र लेऊ !

सरकारले नागरिकलाई सताउने काम नगरोस्। राज्य नागरिकको अभिभावक हो। उसैले नागरिकलाई सताउने काम गरे उनीहरूले न्याय कसरी पाउँछन् ? जनताले बाटो हिँडेको कर तिर्नुपर्छ। सास फेरेको कर तिर्नुपर्छ। सानोतिनो व्यापार गर्नेले पनि स्थानीय तहदेखि केन्द्रसम्म कर बुझाउनुपर्छ। यो ज्यादती हो।

एउटा व्यक्तिले व्यापार गरेबापत राज्यलाई एक ठाउँमा कर तिरे पुग्ने व्यवस्था गरिनुपर्छ। स्थानीय निकाय, आन्तरिक राजस्व विभाग, वाणिज्य विभाग, यी सबै सरकारी निकाय भएपछि एकठाउँमा कर बुझाए भएन ? किन हरेक ठाउँमा कर लिएको ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

रास्वपा 'नयाँ' ठहरिने सूत्र

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले आफ्नो राजनीतिक बाटो यकिन गरेछ। उसले लिएको 'बहुलवादी लोकतान्त्रिक' शासनको नीति नेपाली कांग्रेसलगायत लोकतान्त्रिक दलले लिएकैजस्तो हो। अब उसले आफ्नो कामबाट आफूलाई 'नयाँ' भएको प्रमाणित गर्नुपर्नेछ। रास्वपाले आफ्ना नेताहरूको छवि बेदाग राख्दै 'डेलिभरी'मा ध्यान दिनुपर्छ। नीतिगत अलमललाई तोडेर अघि बढेकोमा बधाई छ।

● **सुभाष खड्का**
बालकोट, भक्तपुर

दोर्दीलाई धन्यवाद

नेपालमा पहिलोपटक रामबहादुर गुरुङ र सुरेन्द्र पाण्डेबीच समलिंगी विवाह दर्ता गरिदिएर दोर्दी गाउँपालिका-२ वडा कार्यालयले उनीहरूको संवैधानिक हक एवं मानवअधिकार रक्षा गरिदिएको छ। स्थानीय निकायको यो कार्यबाट उनीहरूले न्यायको महसुस गर्न पाएका छन्। यसले समानताको हकको समेत रक्षा भएको छ।

● **उपेक्षित उषा**
काठमाडौं

एमालेको संकल्प यात्रा र पप्पुलाई रातो कार्पेट !

बिहीबारदेखि एमालेको एक हजार सात सय ७९ किलोमिटरको संकल्प यात्रा बैतडीको झुलाघाटबाट सुरु भएको छ। 'सम्बन्ध स्थानीय सन्देश राष्ट्रिय'को नारासहितको यो १९ दिने संकल्प यात्राले प्रचण्ड सरकारका कमजोरीको भण्डाफोर गर्दै आफ्नो संगठन बलियो पार्ने उद्देश्य राखेको छ। यात्राको उद्देश्य पूरा हुने, नहुने कुरा आगामी दिनमा देखिने नै छ। नेतृत्वको नैतिक पक्ष राम्रो हुँदा जनताले उनीहरूको आवाज सुन्छन्।

संकल्पयात्राको शुभारम्भको ठीक एक साताअघि मात्रै एमाले अध्यक्ष ओलीले पर्सा जिल्लामा पुगी नेपालका सबैभन्दा विवादास्पद छवि बोकेका पप्पु कन्स्ट्रक्सनका मालिक हरिनारायण रौनियारलाई रातो टीका लगाई एमालेमा प्रवेश गराए। यस्ता पात्रलाई रातो कार्पेट बिछ्याउँदा एमालेको छवि राम्रो हुन्छ ? ओलीले केवल पप्पुलाई मात्र होइन, पर्सा जिल्लामा वन तस्करी गरी नौ महिना कारागार बसेका माओवादी नेता जालिम मियालाई पनि एमालेमा प्रवेश गराई सांसदको टिकट दिएका थिए।

०७२ सालमा हत्या अभियोग लागेको लक्ष्मी महतो कोइरीलाई त्यो कुरा जान्दाजान्दै ०७९ मा सांसदको टिकट दिए, तर भीम रावल र धनश्याम भुसालजस्तो बेदाग र जनप्रिय नेताहरूलाई टिकट नै नदिएर आफ्नो प्रतिशोध साधे। किन ओलीको खराब कामको पार्टीभित्र विरोध हुँदैन ? दासत्व स्विकार्ने हो भने यस्तो संकल्पयात्राको कुनै औचित्य हुँदैन। मिसन ०८४ पनि दिवास्वप्नमै सीमित हुनेछ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, जोरपाटी

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अवसानको बाटोमा इजरायल

गाजामा इजरायलको क्रूर एवं निरन्तरको हमला अन्ततः आत्मघाती हुनेछ र यसले शक्तिशाली 'यहुदी राज्य'को पतनमा योगदान पुऱ्याउनेछ



देश / विदेश

● मरवान बिसारा

आपराधिक नीतिको पराकाष्ठा झल्काउने गरी गाजामा इजरायलको क्रूर एवं निरन्तरको हमला अन्ततः आत्मघाती साबित हुनेछ र यसले शक्तिशाली 'यहुदी राज्य'को पतनमा योगदान पुऱ्याउनेछ। वास्तवमा इजरायलले 'आत्मरक्षा'का नाममा प्यालेस्टिनी जनताको नियतवश औद्योगिक स्तरमा गरेको हत्याले उसको सुरक्षा बढाउँदैन वा भविष्य सुरक्षित गर्दैन। बरु यसले असुरक्षा बढाउनेछ, अस्थिरतालाई प्रोत्साहन गर्नेछ, इजरायललाई अलग्याउनेछ र सम्पूर्ण क्षेत्रलाई द्वन्द्वग्रस्त बनाएर इजरायलको दीर्घकालीन अस्तित्वलाई नै खतरामा पार्नेछ। मलाई इजरायलले आफ्नो औपनिवेशिक शासन नत्यागी पश्चिम एसियामा आफ्नो भविष्य सुरक्षित पार्छ जस्तो लाग्दैन। सन् १९९० ताका इजरायलले केही समयका लागि (अमेरिकी हालिमुहालीमै) भए पनि सहअस्तित्वका लागि प्यालेस्टिनी र अरब राज्यसँगको 'शान्ति प्रक्रिया'मार्फत सामान्यतातर्फ जाने निर्णय लिएको देखिन्थ्यो। तर, इजरायलको औपनिवेशिक प्रकृति हाबी रह्यो। तसर्थ, इजरायलले आफूले गरेको कब्जा एवं अतिक्रमण समाप्त गर्न र आफ्ना छिमेकीसँग शान्तिपूर्ण रूपमा सहअस्तित्वमा बस्ने असंख्य अवसर गुमायो। इजरायली कूटनीतिज्ञ अब्बा इबानको कुख्यात ठट्टालाई दोहोऱ्याउने हो भने इजरायलले 'अवसर गुमाउने कुनै अवसर गुमाएको छैन।' आफ्नो अतिक्रमण-कब्जा समाप्त गर्नुको साटो इजरायलले प्यालेस्टिनी क्षेत्रमा औपनिवेशिकता थप बढायो। अवैध बस्ती विस्तार गरिए, पूर्वाधार एवं संरचना निर्माण गरियो र प्यालेस्टिनीलाई बेवास्ता गर्ने यहुदीलाई समर्थन गर्ने दोहोरो प्रणाली स्थापना गरियो। दक्षिण अफ्रिकामा एक 'अपर्थाइड' (राज्यस्तरबाट लागू गरिने नश्लभेद) भएसँगै प्यालेस्टाइनमा अर्को अपर्थाइड खडा गरियो।

अशान्ति र औपनिवेशिकताको छायामा रहेको मुलुक फासीवादतर्फ ढल्किन थाल्यो र जोर्डन नदीदेखि भूमध्यसागर समेट्ने ऐतिहासिक प्यालेस्टाइनमा यहुदी सर्वोच्चता स्थापना गरियो। समयक्रममा प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको नेतृत्वमा उग्र-दक्षिणपन्थी पार्टीले सत्ताकब्जा गरे, इजरायलका संस्थालाई कमजोर पारे र दुईथरी जनताको सहअस्तित्वमा आधारित शान्तिका सबै सम्भावनालाई मेटाइदिए। यिनले सबै सम्झौताको सम्भावना अस्वीकार गरे र वेस्ट बैंकमा रहेका प्यालेस्टिनी धपाएर अवैध यहुदी बस्ती विस्तार गरेर ऐतिहासिक प्यालेस्टाइनलाई निल्न थाले। यिनले विश्वको सबैभन्दा ठूलो खुला जेल गाजापट्टीको घेराबन्दीलाई पनि कडा पारे र यो क्षेत्र सार्वभौम प्यालेस्टाइन राज्यको बाँकी भूमिसँग जोडिएको छ भन्ने तथ्यलाई इन्कार गरे।

त्यसपछि आयो ७ अक्टोबरको हमला अर्थात् एक रुखो प्रतिक्रिया। यो प्रतिक्रियाले २० लाख मानिसलाई खुला जेलमा थुन्ने इजरायलको औपनिवेशिक उद्यम न सम्भव छ, न दिगो छ भन्ने देखायो। यो रुखो प्रतिक्रियाले प्यालेस्टिनी द्वन्द्वको मूल कारकका रूपमा रहेको बेदखली, अतिक्रमण र कब्जालाई सम्बोधन नगरी द्वन्द्व समाप्त नहुने देखायो। तत्पश्चात नेतन्याहु सत्ताले आफ्नो असली रूपलाई यथावत् राख्दै रुखो प्रतिक्रियाले निम्त्याएको त्रासदीलाई युद्धघोषका रूपमा फैलाउँदै प्यालेस्टिनीमाथिको नश्लभेदी अमानवीकरणलाई चुल्याए। अर्थात्, नरसंहारकारी युद्ध मच्चाए। नेतन्याहु सत्ताले 'राक्षस'विरुद्ध युद्ध छेडे, जसमा हमास मात्रै नभई गाजाका आमजनता पनि परे। इजरायलका राष्ट्रपतिदेखि लिएर कैयौँ नेताले सबै प्यालेस्टिनीमाथि हमला हुनुपर्छ भन्ने आशय व्यक्त गरे, अर्थात् गाजा क्षेत्रमा कोही पनि निर्दोष मानिस भएनन्।

त्यसयता अमेरिका एवं पश्चिमी सहयोगीको समर्थनमा इजरायल मानव सभ्यता र अन्तर्राष्ट्रिय कानुनको बेवास्ता गर्दै प्रतिशोधी र विस्तारवादी बन्यो। अस्पताल, विद्यालय, मस्जिद, आवासीय भवनलगायत नागरिक



तस्बिर : ओहाद ज्विगेनबर्ग/एपी

संरचना इजरायलको औपनिवेशिक युद्धको तारो बन्यो। हजारौँ प्यालेस्टिनी नागरिकलाई युद्धका विपक्षी सेनाका रूपमा व्यवहार गरियो, अर्थात् बालबालिका, डाक्टर, शिक्षक, पत्रकार र सबै उमेरका मानिसको हत्या गरियो। तर, यो विदेशी अतिक्रमणकारी इजरायल यस क्षेत्रका आदिवासीमाझ टिक्न सक्नेछैन, किनभने उसको यो रक्तपातयुक्त आक्रमणले यस क्षेत्रका आदिवासीलाई अभूतपूर्व ढंगले एकताबद्ध गरेको छ। इजरायल अब आफ्नो हिंसात्मक नश्लभेदी अभ्यासलाई जायज ठहऱ्याउन काल्पनिक धर्मशास्त्रीय दाबी पनि गर्न सक्नेछैन। ईश्वरले बालबालिकाको हत्या गर्ने अनुमति दिनै सक्दैन। त्यसैगरी, इजरायलका अमेरिकी र पश्चिमा अभिभावकले पनि यस्ता हत्याको अनुमति दिनु हुँदैन। जसै पश्चिमा सार्वजनिक मत इजरायलविरुद्ध जान्छ, यी मुलुकका नेता नैतिकताका लागि नभए पनि बृहत् पश्चिम एसियामा स्वार्थ रक्षा गर्न आफ्नो अडान परिवर्तन गर्नेछन्। फ्रान्सको अडानमा भएको थोरबहुत परिवर्तन अर्थात् इजरायललाई गाजाका बालबालिकाको हत्या रोक्न माग गर्नु यसको संकेत हो। यो खराब युद्ध समाप्त भएपछि इजरायलसँग कुनै असल विकल्प छैन। मौजुदा अव्यावहारिकताको बाबजुद अमेरिकी राष्ट्रपति जो बाइडेनको दुई-राज्य समाधानको दृष्टिकोणलाई अँगाल्ने र गाजाका लागि अमेरिकाले कोरेको रातो रेखा अर्थात् पुनर्कब्जा, जातीय सफाया र भूमि संकुचनलाई अस्वीकार गर्ने सुझाव महत्त्वपूर्ण छन्। तर, नेतन्याहु र उनको गठबन्धनले अमेरिकाको सल्लाहलाई बेवास्ता गर्दै फेरि दुवै पक्षलाई खतरामा पारेको छ।

गाजायुद्ध हुनुभन्दा धेरै अघि इजरायली पत्रकार एरी सावित र आन्तरिक सुरक्षा निकाय सिन बेटका पूर्वप्रमुख अमी आयलोनले यदि इजरायलले उपनिवेशलाई विस्तार गर्दै विनाशकारी मार्ग पछ्याउँछ भने इजरायलको अन्त्य हुने आकलन गरेका थिए। यी दुवैजनाको पुस्तक निरन्तर अतिक्रमण भए इजरायलको भविष्य अन्धकारमय हुने चेतावनी दिइएको छ। सबै हिंसात्मक अतिक्रमणकारी अर्थात् प्राचीनकालका क्रुसेडर्सदेखि अहिलेका औपनिवेशिक शक्ति इजरायल अवश्यम्भावी ढंगले समाप्त हुनेछन्। प्यालेस्टिनी र अरबका मानिसको जतिसुकै रगत बगाए पनि यिनको नियति समाप्तिमै टुंगिनेछ। गाजायुद्ध समाप्तिको सुरुवात हुन सक्छ। जसरी अपर्थाइड दक्षिण अफ्रिकाको नृशंस सर्वोच्चतावादी सत्ता ढल्यो, त्यसरी नै ढिलोचाँडो इजरायली सत्ता पनि ढल्नेछ।

(बिसारा अल जजिराका वरिष्ठ राजनीतिक विश्लेषक हुन्)

अल जजिराबाट

चीनका मित्र, कम्युनिस्टका बैरी किसिन्जरको निधन

वासिङ्टन / अमेरिकाका पूर्वविदेशमन्त्री हेनरी किसिन्जरको सय वर्षको उमेरमा बुधबार निधन भएको छ । उनी आबद्ध परामर्श संस्था 'किसिन्जर एसोसिएट इन्क'ले एक वक्तव्य जारी गर्दै उनको मृत्यु भएको बताएको हो ।

रिचर्ड निक्सन र गेराल्ड फोर्ड गरी दुई राष्ट्रपतिको कार्यकालमा विदेशमन्त्री रहेका किसिन्जरले सो पदमा रहेर दोस्रो विश्वयुद्धपछि सोभियत संघ र अमेरिकाबीच सुरु भएको शीतयुद्धलाई आकार दिन भूमिका खेले । यस क्रममा उनी ल्याटिन अमेरिका, भियतनामका कम्युनिस्टविरुद्ध आक्रामक रहे । तर, उनी सबभन्दा ठूलो कम्युनिस्ट शक्ति सोभियत संघविरुद्ध दोस्रो शक्ति चीनलाई उतार्न सफल भए ।

यही उद्देश्यले किसिन्जरले १९७१ जुलाईमा बेइजिङको गोप्य भ्रमण गरे र राष्ट्रपति रिचर्ड निक्सनको चीन भ्रमणको बाटो खुलाएका थिए । जुन भ्रमणले चीनसँग अमेरिकाको कूटनीतिक सम्बन्ध स्थापना गरायो । अमेरिकासँगको सम्बन्ध सुधारिएपछि चीनमा वैदेशिक लगानीको बाटो खुल्यो, जसले कालान्तरमा चीनलाई आजको विशाल आर्थिक शक्ति बन्न सघायो । यसले उनी चीनका मित्र मानिन थालेका थिए ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
व्यावसायिक तथा सिप विकास तालिम प्रतिष्ठान
भैसेपाटी, ललितपुर

प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति २०८०।८।१५

यस प्रतिष्ठानबाट मिति २०८०/०४/२१ र २०८०/०६/२५ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम छोटो अवधिको (Basic) तालिम कार्यक्रम संचालन गर्न परामर्श सेवा खरिदका लागि आशयपत्र माग गरिएकोमा पेश हुन आएका विभिन्न आशयपत्रहरु मुल्याङ्कनबाट छनौट भई यस प्रतिष्ठानबाट २०८०/०६/२४ र २०८०/०८/१४ गते प्रकाशित सूचना अनुसार संक्षिप्त सूचीमा छनौट भई सूचीकृत भएका आशयपत्रदाताहरुबाट मिति २०८०/०९/१६ गते दिनको १२ बजे भित्र प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नका लागि यस प्रतिष्ठानको मिति २०८०/०८/१४ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै प्राविधिक तथा आर्थिक प्रस्ताव सम्बन्धी विस्तृत विवरण सहितको सूचना यस प्रतिष्ठानको आधिकारिक वेभसाइट www.vsdta.gov.np बाट download गरी लिन सकिनेछ ।

राजापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजापुर, बर्दिया
लुम्बिनी प्रदेश नेपाल
☎ ०८४-४६०१६७
☎ ०८४-४६०१११

बोलपत्र स्विकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८०/०८/१५

उपरोक्त सम्बन्धमा तपशिलको सामाग्री खरिद कार्य गर्न गराउन यस कार्यालयबाट प्रकाशित सुचना अनुसार कार्यालयमा रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये कार्यालयको निर्णय अनुसार तपशिल बमोजिम बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही ठहरिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा १ र २ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी ७ दिने यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

क्र.सं.	ठेक्का नं.	कामको नाम	छनौट गरिएको बोलपत्रदाता	कबोल अङ्क -मु.अ.कर र पि.एस. सहित
१	6/RM/NBC/ WD/2080/081	६ नं. वडा कार्यालय भवन निर्माण	रजनि निर्माण सेवा बगनाहा-९ बर्दिया	६२,५४,६१९.५०
२	5/RM/NBC/ WD/2080/081	९ नं. वडा कार्यालय भवन निर्माण	शिवा कन्स्ट्रक्सन् ठाकुरबाबा-१ बर्दिया	६४,०३,८५०।-

महेन्द्रजंग शाही
प्रमुख प्रशासकीय अधिकृत

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदशे नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/०८/१५

यस रत्ननगर नगरपालिका नगरकार्यपालिका कार्यालय रत्ननगर, चितवनको विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्रहरु/सिलवन्दी दरभाउ पत्र आह्वान सम्बन्धी सूचना अनुसार यस कार्यालयद्धारा सम्पादन हुन गईरहेको तपसिल बमोजिमका कार्यहरुको लागि दर्ता हुन आएका छुट्टाछुटै बोलपत्रहरु मध्ये देहाय बमोजिमको बोलपत्रहरु/सिलवन्दी दरभाउपत्र न्युनतम मुल्याङ्कित तथा सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २(१) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि ७(सात) दिने आशयको सूचना प्रकाशन गरिएकोछ ।

तपसिल :

क्र. सं.	कामको विवरण	बोलपत्र दाताको नाम र ठेगाना	कबोल गरेको रकम (भ्याट र पि.एस.सहित)
1	Construction of Asphalt Road, Ward No.07 & 08 (RAT/CHITWAN/Works/NCB/06/2080-81)	श्री Perisha Construction and Supplier Pvt. Ltd, Bharatpur, Chitwan	रु. ८०,७७,९४०।५६ -अस्सी लाख सतहत्तर हजार नौं सय चालिस रुपैयाँ पैसा छपन्न मात्र .)
2	Construction of Swastheka Lagi Byayamsala Nirman Pratyak Wardma (Na.Gau. Yo.) 1 Dekhi 16 Ward, 16 Sthanma Nirman (Supply and Installation of Open Gym Instruments) (RAT/CHITWAN/Works/NCB/07/2080-81)	श्री Power Product House Pvt.Ltd, Purano Thimi, Bhaktapur	रु. ७६,८१,७३९।११ -छैहत्तर लाख एकासी हजार सात सय उनान्चालिस रुपैयाँ पैसा एघार मात्र .)
3	Road Maintenance work, Ward No.1 to 16 (RAT/CHITWAN/Works/SQ/04/2080-81)	New S.B. Construction, Ratnanagar-12, Chitwan	न्युनतम् दरभाउ पेश भएको ।

प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार
सहरी विकास मन्त्रालय
काठमाडौं उपत्यका विकास प्राधिकरण
जिल्ला आयुक्तको कार्यालय भक्तपुर
दरबार स्क्वायर, भक्तपुर

बोलपत्र तथा शिलबन्दी दरभाउपत्र छनौट गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित : २०८०/०८/१५

यस कार्यालयबाट मिति २०८०/०६/२४ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रदाता र शिलबन्दी दरभाउपत्रदाताहरुको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही देखिन आएको निम्न विवरण अनुसारको बोलपत्र छनौट गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि. नं	ठेक्का नं	कामको विवरण र स्थान	निर्माण व्यवसायीको नाम	कबोल अङ्क (भ्याट र पि एस समेत)
१	KVDA/BKT/SQ/ WORKS/080/81-01	Construction of Stone Masonary Wall, Drain & Sub Base Laying Works at Changunarayan-08 Khuwa Pasal to Panchanakya School	M/S JB Construction	11,60,206.06
२	KVDA/BKT/SQ/ WORKS/080-81-02	Construction of Rigid Pavement & other associated Works at Madhyapur Thimi-03 Araniko Sahakari to Balkot	M/S Chaulagain Builders & Suppliers Pvt. Ltd.	11,10,038.49
३	KVDA/BKT/SQ/ WORKS/080/81-03	Construction of Stone Masonary Retaining Wall at Suryabinayak 01 Sirutar Chardobato Kharibot Thapa Gau Sadak	M/S B.N.P. Construction And Suppliers Private Limited	8,49,015.60
४	KVDA/BKT/SQ/ WORKS/080/81-04	Construction of Stone Masonary Retaining Wall at Suryabinayak 08,Luthabu Darjeeling Height	M/S JB Construction	10,81,832.00
५	KVDA/BKT/SQ/ WORKS/080/81-05	Construction of Rigid Pavement & other associated Works at Suryabinayak-04,Dhadhikot Himalayan Tol Sudhar Samaj Road	M/S Chaulagain Builders & Suppliers Pvt. Ltd.	13,94,556.74
६	KVDA/BKT/NCB/ WORKS/080/81-01	Construction of Stone Masonary Wall & Trail for Agni Rekha at Changunarayan-07,Basbari Marg & Banpadhero Bahalban Chhetra	M/S Subodita Construction Pvt.Ltd.	14,82,929.11
७	KVDA/BKT/NCB/ WORKS/080/81-05	Construction of Rigid Pavement & other associated Works at Madhyapur Thimi-06,Shubhanagar Tole	M/S Jalpari Construction & Suppliers Pvt. Ltd.	16,83,495.43

जिल्ला आयुक्त

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-०७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र मिति २०८०/१/५ को राष्ट्रिय स्तरको दैनिक पत्रिका "नागरिक"मा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा विभिन्न मितिमा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँगा गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही ओप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि पुनः यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु ओप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	१) नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, विराटनगर मोरङमा प्रा.फ.नं. २८२५८, अन्तर्गत मिति २०७३/०२/२३ मा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ५, मा स्थित **ॐ शुभ लक्ष्मी अटो ट्रेडर्स** **प्रोप्राइटर तथा जमानीकर्ता: डिल्लीराज बस्नेत** स्थायी ठेगाना : मोरङ जिल्ला, कसेनी गा.वि.स वडा नं ७ हालको ठेगाना : मोरङ जिल्ला विराटनगर उ.म.न.पा. वडा नं ५, बाबु : छत्र बहादुर बस्नेत बाजे :जनक बहादुर बस्नेत	डम्बर बहादुर कार्कीकी छोरी, छत्र बहादुर बस्नेतकी बुहारी, डिल्लीराज बस्नेतको पत्नि, मोरङ जिल्ला, कसेनीगा गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ५ बस्ने लिला कुमारी बस्नेतको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगातमा दर्ता कायम रहेको मोरङ जिल्ला, कसेनी गा.वि.स. वडा नं. ७/घ स्थित कित्ता नं. ४३८ र कसेनी गा.वि.स. वडा नं. ९/ङ स्थित कित्ता नं.१२६ को क्षेत्रफल क्रमशः ०-३-६$^{१/२}$, र ०-४-१३$^{१/२}$ (विगाहा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । **जमानीकर्ताहरुको विवरण** **१) बिबेक राज बस्नेत** स्थायी ठेगाना : मोरङ जिल्ला, बेलबारी न.पा. वडा नं. ५ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ५, बाबु : डिल्लीराज बस्नेत बाजे : छत्र बहादुर बस्नेत **२) लिला कुमारी बस्नेत** स्थायी ठेगाना : मोरङ जिल्ला, कसेनी न.पा. वडा नं. ७ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ५ बाबु : डम्बर बहादुर कार्की ससुरा : छत्र बहादुर बस्नेत पति: डिल्लीराज बस्नेत
२)	२) निर्मल बस्नेत स्थायी ठेगानाः मोरङ जिल्ला, कसेनी गा.वि.स वडा नं. ७ हालको ठेगानाः मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ३ बाबु : राम बहादुर बस्नेत बाजे : जनक बहादुर बस्नेत	सनमान बस्नेतको नाति, जनक बहादुर बस्नेतको छोरा, मोरङ जिल्ला, कसेनीगा गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ३ बस्ने श्री राम बहादुर बस्नेतको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगातमा दर्ता कायम रहेको मोरङ जिल्ला, कसेनी गा.वि.स. वडा नं. ७/घ स्थित कित्ता नं. ५९ को क्षेत्रफल ०-१०-० (विगाहा) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । **जमानीकर्ताहरुको विवरण** **१) राम बहादुर बस्नेत** स्थायी ठेगाना : मोरङ जिल्ला, कसेनीगा गा.वि.स वडा नं. ७ हालको ठेगाना : मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ३ बाबु : जनक बहादुर बस्नेत बाजे : सनमान बस्नेत **२) देवी माया बस्नेत** स्थायी ठेगाना : मोरङ जिल्ला, कसेनी गा.वि.स वडा नं. ७ हालको ठेगाना : मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ३ बाबु : कपिल मणि दाहाल ससुरा : जनक बहादुर बस्नेत पति : राम बहादुर बस्नेत
३)	३) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगंजमा प्रा.फ.र.नं. ९९०/०७७/०७८ अन्तर्गत मिति २०७७/०४/२५ मा साझेदारी ऐन, २०२० बमोजिम दर्ता भएको मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ४ स्थित **श्री कृष्ण सप्लायर्स** **साझेदारीहरुको नाम** **१. सुर्य बहादुर दाहाल** **२. डिल्लीराज बस्नेत** **३. श्याम बहादुर चौहान**	१) शेर बहादुर दाहालको नाति, चोल बहादुर दाहालको छोरा, मोरङ जिल्ला होक्लाबारी गा.वि.स वडा नं १ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं १ बस्ने सुर्य बहादुर दाहालको नाममा मालपोत कार्यालय मोरङ लगातमा दर्ता कायम रहेको मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं १, स्थित कित्ता नं. ४३२५ र ४३२६ को क्षेत्रफल क्रमशः ०-०-११-० र ०-०-९-० (विगाहा)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) किर्ती बहादुर कार्कीकी छोरी, जित बहादुर चौहानकी बुहारी, श्याम बहादुर चौहानकी पत्नि, मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. २२ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १ बस्ने अनु कार्की (चौहान) नाममा मालपोत कार्यालय मोरङको लगातमा दर्ता कायम रहेको मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ६ स्थित कित्ता नं. ३३०८ को क्षेत्रफल ०-०-९० (विगाह) र शेरावाग गा.वि.स. वडा नं.३ स्थित कित्ता नं.८०० , ८०१, ८०२, ८०३ र ८०४ को क्षेत्रफल क्रमशः १२६.९७, १२६.९७, १६९.३, १६९.३ र ५०७.९३ (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) जनक बहादुर बस्नेतको नाति, छत्र बहादुर बस्नेतको छोरा, मोरङ जिल्ला, कसेनीगा गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला विराटनगर उ.म.न.पा. वडा नं १, बस्ने श्री डिल्ली राज बस्नेतको नाममा मालपोत कार्यालय मोरङको लगातमा दर्ता कायम रहेको मोरङ जिल्ला डांगीहाट न.पा. वडा नं.४ ण स्थित कित्ता नं. ८५६ क्षेत्रफल ०-२-०-० को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ४) श्री कृष्ण सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **जमानीकर्ताहरुको विवरण** **१) रेखा घिमिरे** स्थायी ठेगाना: सुनसरी जिल्ला इलाह गा.वि.स. वडा नं ६ हालको ठेगाना: मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं १ बाबु : कृष्ण बहादुर घिमिरे ससुरा: चोल बहादुर दाहाल पति :सुर्य बहादुर दाहाल **२) डिल्लीराज बस्नेत** स्थायी ठेगाना: मोरङ जिल्ला कसेनी गा.वि.स वडा नं ७ हालको ठेगाना: मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं १ बाबु : छत्र बहादुर बस्नेत बाजे : जनक बहादुर बस्नेत **३) सुर्य बहादुर दाहाल** स्थायी ठेगाना: मोरङ जिल्ला होक्लाबारी गा.वि.स वडा नं १ हालको ठेगाना: मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं १ बाबु : चोल बहादुर दाहाल बाजे : शेर बहादुर दाहाल **४) श्याम बहादुर चौहान** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा नं १० हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं १ बाबु : जीत बहादुर चौहान बाजे : जनक बहादुर चौहान **५) अनु कार्की** स्थायी स्थायी: मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. २२ हाल ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं १ बाबु : किर्ती बहादुर कार्की ससुरा : जीत बहादुर चौहान पति : श्याम बहादुर चौहान **६) लिला कुमारी बस्नेत** स्थायी ठेगाना : मोरङ जिल्ला, कसेनी गा.वि.स. वडा नं ७ हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं ५ बाबु : डम्बर बहादुर कार्की ससुरा : छत्र बहादुर बस्नेत पति : डिल्लीराज बस्नेत
४)	४) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय सा.फा.नं. ७५७ अन्तर्गत मिति २०७२/०९/३० मा साझेदारी ऐन, २०२० बमोजिम दर्ता भएको मोरङ जिल्ला विराटनगर उ.म.न.पा. वडा नं ५, स्थित **जय माँ लक्ष्मी ट्रेडर्स** **साझेदारहरु** **१. दिल्ली राज बस्नेत** **२. श्याम बहादुर चौहान** **३. सुर्य बहादुर दाहाल** **४. राम बहादुर बस्नेत**	१. सनमान बस्नेतको नाति, जनक बहादुर बस्नेतको छोरा, मोरङ जिल्ला, कसेनीगा गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ३ बस्ने श्री राम बहादुर बस्नेतको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगातमा दर्ता कायम रहेको मोरङ जिल्ला, कसेनी गा.वि.स. वडा नं. ७/घ स्थित कित्ता नं. ५९ को क्षेत्रफल ०-१०-० (विगाह) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २. जनक बहादुर बस्नेतको नाति, राम बहादुर बस्नेतको छोरा, मोरङ जिल्ला, कसेनीगा गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ३ बस्ने श्री निर्मल बस्नेतको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगातमा दर्ता कायम रहेको मोरङ जिल्ला, डाँगीहाट गा.वि.स. वडा नं. ४/ठ स्थित कित्ता नं. २३०० को क्षेत्रफल ०-१-१०-० (विगाह) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) जय माँ लक्ष्मी ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **जमानीकर्ताहरुको विवरण** **१) दिल्ली राज बस्नेत** स्थायी ठेगाना : मोरङ जिल्ला, कसेनी गा.वि.स. वडा नं ७ हालको ठेगाना : मोरङ जिल्ला विराटनगर उ.म.न.पा. वडा नं ५, बाबु : छत्र बहादुर बस्नेत बाजे : जनक बहादुर बस्नेत **२) सुर्य बहादुर दाहाल** स्थायी ठेगाना : मोरङ जिल्ला, होक्लाबारी गा.वि.स. वडा नं १ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं १ बाबु : चोल बहादुर दाहाल बाजे : शेर बहादुर दाहाल **३) निर्मल बस्नेत** स्थायी ठेगाना : मोरङ जिल्ला, कसेनी गा.वि.स वडा नं. ७ हालको ठेगाना : मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं.३ बाबु : राम बहादुर बस्नेत बाजे : जनक बहादुर बस्नेत **४) श्याम बहादुर चौहान** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा नं १० हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं १ बाबु : जीत बहादुर चौहान बाजे : जनक बहादुर चौहान **५) लिला कुमारी बस्नेत** स्थायी ठेगाना : मोरङ जिल्ला, कसेनी गा.वि.स. वडा नं ७ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं ५ बाबु : डम्बर बहादुर कार्की ससुरा : छत्र बहादुर बस्नेत पति : डिल्लीराज बस्नेत **६) देवी माया बस्नेत** स्थायी ठेगाना : मोरङ जिल्ला, कसेनी गा.वि.स वडा नं. ७ हालको ठेगाना : मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ३ बाबु : कपिल मणि दाहाल ससुरा : जनक बहादुर बस्नेत पति : राम बहादुर बस्नेत **७) रेखा घिमिरे** स्थायी ठेगाना : सुनसरी जिल्ला, इलाह गा.वि.स. वडा नं ६ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं १ बाबु : कृष्ण बहादुर घिमिरे ससुरा : चोल बहादुर दाहाल पति : सुर्य बहादुर दाहाल **८) अनु कार्की** स्थायी स्थायी : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. २२ हाल ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं १ बाबु : किर्ती बहादुर कार्की ससुरा : जीत बहादुर चौहान पति : श्याम बहादुर चौहान **९) राम बहादुर बस्नेत** स्थायी ठेगाना : मोरङ जिल्ला, कसेनीगा गा.वि.स वडा नं. ७ हालको ठेगाना : मोरङ जिल्ला, बेलवारी न.पा. वडा नं. ३ बाबु : जनक बहादुर बस्नेत बाजे : सनमान बस्नेत

नोटः ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सूचनाः

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै भ्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार १५ मंसिर ०८०

नेपाली उड्डयन क्षेत्र इयूको कलोसूचीमा यथावत्

प्राधिकरण भन्छ- नेपाल वायुसेवा निगम र श्री एयरलाइन्सको सेफ्टी परिपालना कमजोर हुँदा इयूले सुरक्षासूचीबाट हटाएन

नवीन अर्याल/नयाँ पत्रिका



युरोपेली युनियनले नेपाली उड्डयन क्षेत्रलाई उडान सुरक्षा चासो (कालोसूची)को लिस्टबाट हटाएन । इयूले बिहीबार सार्वजनिक गरेको एयर सेफ्टी लिस्टमा नेपालमा दर्ता भएका सबै वायुसेवा कम्पनीहरूले निरन्तरता पाएका छन् । युरोपेली युनियनले डिसेम्बर २०१३ देखि नेपाली वायुसेवालाई युरोपेली आकाशमा उडान गर्न नपाउने गरी कालोसूचीमा राख्दै आएको छ । नेपालको नियमनकारी निकायदेखि वायुसेवा कम्पनीहरूसम्मले उडान सुरक्षा मापदण्ड अझै पूर्ण रूपमा परिपालना गरिनसकेको इयूको ठहर छ । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का उच्च अधिकारीहरू उडान सुरक्षामा सुधार भएको भन्दै कालोसूचीबाट हट्नेमा आशावादी थिए ।

इयूको प्राविधिक टोलीले भदौमा नेपाल आएर एक सातासम्म हवाई क्षेत्रको अडिट गरेको थियो । सोही अडिटकै आधारमा इयूकै एयर सेफ्टी कमिटीले नेपाललाई तत्काल सुरक्षा चासोबाट हटाउन आवश्यक तयारी नपुगेको अडिट रिपोर्ट नियमनकारी निकाय क्यानलाई बुझाएको हो । अडिट रिपोर्टमा नेपाल वायुसेवा निगम र श्री एयरलाइन्सको सुरक्षा परिपालना कमजोर रहेको कारण सुरक्षा चासोबाट नहटाएको क्यानको जिकिर छ । निगमको सन्दर्भमा इयूको सेफ्टी अडिट कमिटीले निगमको वर्तमान संगठन संरचना, कार्यपद्धति, आर्थिक एवं प्राविधिक क्षमता, जनशक्ति एवं सेवा प्रवाह गुणस्तर, सोको अभिलेखीकरणलगायत समग्र संस्थागत संरचनामा आमूल परिवर्तन गर्नु संस्थागत सुदृढीकरण अत्यावश्यक रहेको औंल्याएको छ । श्री एयरलाइन्सका सम्बन्धमा वर्तमान कार्यपद्धति सन्तोषजनक रहे तापनि थप सुधारका लागि प्रभावकारी कार्यप्रणाली एवं कार्यपद्धति अवलम्बन गर्नुपर्ने अडिट रिपोर्टमा औंल्याइएको क्यानले जनाएको छ ।

यस्तै, अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ), इयूलगायत अन्तर्राष्ट्रिय निकायले सेवाप्रदायक र नियामक एउटै निकाय हुँदा हवाई सुरक्षामा खेलाँची भइरहेको औंल्याउँदै क्यानलाई टुक्र्याएर नियामक र व्यवस्थापक छुट्टाछुट्टै निकाय बनाउन सुझाव दिँदै आएका छन् । क्यानलाई सेवाप्रदायक र नियामक निकायका रूपमा छुट्याउने गरी तयार गरिएको नेपाल नागरिक उड्डयन ऐन, २०७३ को मस्यौदा वर्षौं बितिसक्दासमेत थन्क्याएर राखिएको छ ।

इयूले नेपाली उड्डयन क्षेत्रलाई कालोसूचीबाट नहटाउँदा नेपालमा दर्ता भएका वायुसेवा कम्पनीले युरोपेली देशमा उडान गर्न पाएका छैनन् । निगमले वाइडबडी जहाज खरिद गरेसँगै कोरिया, जापान र साउदी अरेबिया उडानको योजना बनाएको थियो । तर, इयूको प्रतिबन्धकै कारण युरोप उडान गर्ने कार्ययोजना बनाउन सकेको छैन ।

जुलाई २०१२ मा आइकाओले नेपाली वायुसेवाको उडान सुरक्षामा जोखिम बढेको भन्दै सुरक्षा चासोको लिस्टमा राखेको थियो । आइकाओको त्यही अडिटलाई आधार बनाएर इयूले पनि नेपाली वायुसेवालाई कालोसूचीमा राखेको हो । आइकाओले नेपाली हवाई क्षेत्रको सुरक्षामा प्रगति भएको ठहर गर्दै सन् २०१७ मै सुरक्षा चासोको लिस्टबाट हटाइसकेको छ । तर, इयूको सुरक्षा चासो भने करिब ११ वर्षदेखि यथावत् छ ।

अढाई महिना ग्राउन्डेड भएर उडेको दुई महिनामै निगमको न्यारोबडी फेरि ग्राउन्डेड

दिनकै सवा करोडसम्म आम्दानी गुम्ने

काठमाडौं/ अढाई महिना ग्राउन्डेड भएर नियमित उडान सुरु गरेको दुई महिनामै नेपाल वायुसेवा निगम (नेवानि)को न्यारोबडी जहाज पुनः ग्राउन्डेड भएको छ । बायाँ इन्जिनमा समस्या आएपछि बुधबार राति बैंककबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरको ९एन-एकेएक्स कलसाइनको जहाज ग्राउन्डेड गरिएको हो ।



सो जहाजमा अब तीन साइकल (उडान-अवतरण) मात्र बाँकी छ, जुन इन्जिन मर्मत तथा फेरबदलका लागि राखिएको हो । १० मंसिरमा भारतको मुम्बईबाट काठमाडौंमा आएलगत्तै इन्जिनको बोरोस्कोप गरिएको थियो । बोरोस्कोप रिपोर्ट हेरेर इन्जिन निर्माता कम्पनीले जहाज १० साइकल मात्र उडाउन मिल्ने सुझाव दिएको थियो । त्यसयता जहाज हङकङ, दोहा र बैंककमा ६ साइकल उडान गरिसकेको छ । अब इन्जिन फेरेर मात्र जहाज उडाउन मिल्ने निगम स्रोतको भनाइ छ । ग्राउन्डेड एकेएक्सको दायाँ इन्जिन इजरायली कम्पनी इजरायल एरोस्पेस इन्डस्ट्रिज (आइएआई)बाट भाडामा ल्याइएको हो ।

यसअघि इन्जिनमै समस्या आएर ३१ असार ०८० मा ग्राउन्डेड भएको एकेएक्स जहाजलाई साढे दुई महिनापछि ११ असोजमा भाडाको इन्जिन राखेर नियमित उडान गरेको थियो । बिग्रिएको इन्जिन मर्मतका लागि इजरायली कम्पनी आइएआईलाई दिएर सोही कम्पनीबाट इन्जिन भाडामा ल्याइएको हो । निगम व्यवस्थापनले १७ सेप्टेम्बर (३१ भदौ)मा इन्जिन मर्मत तथा फेरबदलका लागि जहाज इजरायल पठाएको थियो । साढे दुई महिनासम्म आइएआईले एकेएक्सको इन्जिन मर्मत गरेर हस्तान्तरण गरेको छैन । त्यसअघि आइएआईले नै निगमको अर्को न्यारोबडी ९एन-एकेडब्लूको इन्जिन तीन महिनामा मर्मत सक्नुपर्ने भए पनि नौ महिना लगाएको थियो ।

निगम व्यवस्थापनको लापरबाहीले दुई महिनाअधि ७५ दिन जहाज ग्राउन्डेड हुँदा करिब ७९ करोड आम्दानी गुमेको थियो । साथै, अन्तर्राष्ट्रिय उडान पनि अस्तव्यस्त बनेको थियो । न्यारोबडी जहाज एक दिन ग्राउन्डेड हुँदा एक करोड पाँच लाख आम्दानी गुम्ने निगम स्रोत बताउँछ । अहिले ग्राउन्डेड भएको जहाजको इन्जिनमै समस्या आएको हुँदा कति दिनसम्म ग्राउन्डेड हुने पत्तो छैन ।

यस्तै, सन् २०२१ र सन् २०२२ मा निगमकै अर्को न्यारोबडी जहाज ९एन-एकेडब्लू दोहामा ७५ दिन र काठमाडौंमा ६२ दिन ग्राउन्डेड हुँदा निगमले ठूलो आर्थिक क्षति व्यहोर्नुपरेको थियो । एकेडब्लूका दुईवटा इन्जिन मर्मतमा करिब ५२ करोड र ६३ करोड गरी कुल एक अर्ब १५ करोडभन्दा बढी खर्च भएको थियो । अहिले पनि निगम व्यवस्थापनले एकेएक्सको इन्जिन मर्मतका लागि आइएआईलाई नै दिएको छ ।

निगम व्यवस्थापनले न्यारोबडी जहाजको लिजसहित इन्जिन मर्मतका लागि आइएआईसँग चार वर्षको एमआरओ सम्झौता गरेको छ । इन्जिन बिग्रिएको जानकारी गराएको सात दिनभित्र भाडाको इन्जिन दिने र ६० दिनभित्र इन्जिन मर्मत गरेर दिने सम्झौतमा उल्लेख रहेको स्रोतको भनाइ छ । तर, एकेएक्सको इन्जिन जनवरीसम्म मर्मत गरेर दिन सक्ने आइएआईले बताएको स्रोतको भनाइ छ । 'सम्झौताबमोजिम सात दिनभित्र भाडाको इन्जिन उपलब्ध गराउनुपर्छ, तर मिलेमतोमा छनोट भएको कम्पनीले समयमै इन्जिन दिनेमा शंका छ,' स्रोत भन्छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

मूल्य घट्ने पूर्वानुमानमा देशभरका पम्पले २०% मात्रै उठाए तेल



पेट्रोल-डिजेल खरिद गर्न लामबद्ध उपभोक्ता । फाइल तस्बिर : नयाँ पत्रिका

अजित अधिकारी/नयाँ पत्रिका

निर्धारित कार्यतालिकाअनुसार बिहीबार दिउँसो इन्डियन आयल कर्पोरेसन (आइओसी)बाट पेट्रोलियम पदार्थ खरिदको नयाँ सूची घटेर आउने अनुमान गर्दै देशभरका पेट्रोलपम्प व्यवसायीले आयल निगमको डिपोबाट निकै कम इन्धन खरिद गरेका छन् । उनीहरूले नाफा-नोक्सान हिसाब गरी 'गैरव्यावसायिक चरित्र' देखाउँदा शुक्रबार दिउँसो बजारमा पेट्रोल-डिजेल अभाव हुने उच्च जोखिम छ ।

पछिल्लो १५ दिनमा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ घटेका कारण आइओसीले ३० तारिख (बिहीबार)मा पठाउने मूल्य घटेर आउने पम्प व्यवसायीहरू जानकार थिए । त्यसैले उनीहरूले सामान्य अवस्थाको भन्दा न्यून तेल उठाएको आयल निगमका प्रवक्ता मनोज ठाकुरले बताए । निगमका अनुसार बिहीबार देशभर मागको तुलनामा मुस्किलले २० प्रतिशत मात्रै पेट्रोलियम व्यवसायीले खरिद गरेका छन् ।

काठमाडौंमा पेट्रोल-डिजेल वितरण गर्ने आयल निगमको थानकोटस्थित बागमती प्रादेशिक कार्यालयका प्रमुख अशोक साहका अनुसार बिहीबार एक सय ८७ किलोलिटर पेट्रोल र एक सय ७५ किलोलिटर डिजेल बिक्री भएको छ । जबकि, सामान्य अवस्थामा काठमाडौंमा दैनिक पेट्रोल सात सय किलोलिटर र डिजेल आठ सय किलोलिटर खपत हन्छ । निगमले पम्प व्यवसायीलाई प्रत्येक दिन बिहान खरिद गर्न चाहेको पेट्रोल-डिजेलको परिमाणबराबरको रकम भुक्तानी गर्न लगाएर मात्र तेल दिन्छ । जसकारण बिहान पैसा बुझाएका पम्प व्यवसायीले दिउँसो तेल पाउँछन् । बिहीबार भने बिहानदेखि नै मूल्य घट्ने आकलन गरी उनीहरूले तेल उठाएनन् । व्यवसायीको अनुमानअनुसार नै दिउँसो आइओसीले नयाँ मूल्यसूची पठाउँदा पेट्रोल २.१२ रुपैयाँ र डिजेल ४.०९ रुपैयाँ प्रतिलिटर घटेर आयो ।

मूल्य घट्ने अनुमानका आधारमा देशको सबैभन्दा ठूलो डिपो मधेश प्रादेशिक कार्यालय, अमलेखगन्जमा पनि व्यवसायीले न्यून परिमाणमा तेल खरिद गरेका छन् । अमलेखगन्ज डिपो प्रमुख विनीतमणि उपाध्यायका अनुसार बिहीबार सो डिपोबाट पेट्रोल ७५ किलोलिटर र डिजेल तीन सय ८० किलोलिटर वितरण भएको छ । जबकि, सामान्य अवस्थामा पेट्रोल तीन सय र डिजेल नौ सय किलोलिटरसम्म बिक्री हुने गरेको छ ।

कोशीका व्यवसायीले पनि बिहीबार कुल मागको २५ प्रतिशत मात्रै इन्धन खरिद गरेका छन् । निगमको कोशी प्रादेशिक कार्यालय, विराटनगरका प्रमुख पूर्ण रिजालका अनुसार बिहीबार पेट्रोल ५२ किलोलिटर र डिजेल एक सय ७२ किलोलिटर वितरण भएको छ । पूर्वमा दैनिक औसतमा दुई सय किलोलिटर पेट्रोल र पाँच सय किलोलिटर डिजेलको माग हुने गरेको छ ।

लुम्बिनी प्रदेशका पेट्रोलपम्प व्यवसायीले भने बिहीबार एक लिटर पनि पेट्रोल खरिद गरेका छैनन् । डिजेल भने एक सय ९६ किलोलिटर खरिद गरेको आयल निगमको लुम्बिनी प्रादेशिक कार्यालय, भैरहवाकी प्रमुख कमला न्यौपानेले जानकारी दिइन् । उनका अनुसार सो डिपोबाट सामान्य अवस्थामा दैनिक औसतमा साढे चार सय किलोलिटर पेट्रोल र आठ सय किलोलिटर डिजेलको माग हुने गरेको छ । देशभरका पम्प व्यवसायीको छाता संस्था पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनका अध्यक्ष लिलेन्द्रप्रसाद प्रधानले भने मूल्य घट्नेबारे आयल निगमका कर्मचारीले बिहीबार बिहानै सञ्चारमाध्यमबाट जानकारी दिएकाले असर देखिएको बताए । 'मूल्य घट्दै छ भन्ने कुराले व्यवसायी सशंकित भएका थिए । त्यसकै असर हो,' अध्यक्ष प्रधानले भने ।

पेट्रोल दुई र डिजेल-मट्टीतेल प्रतिलिटर चार रुपैयाँ घट्यो

नेपाल आयल निगम लिमिटेडले पेट्रोल दुई रुपैयाँ र डिजेल तथा मट्टीतेल समान चार रुपैयाँ प्रतिलिटरका दरले मूल्य घटाएको छ । निगम सञ्चालक समितिको बिहीबार साँझ बसेको बैठकले मूल्य घटाउने निर्णय गरेको हो । मूल्य घटेपछि काठमाडौंमा पेट्रोल एक सय ७० रुपैयाँ र डिजेल तथा मट्टीतेल एक सय ६० रुपैयाँ प्रतिलिटर कायम भएको छ ।

मंगलबारदेखि आयल निगम ऋण र बक्यौतालगायतका सबै दायित्वबाट मुक्त भएकाले यसपटक थोरै दरमा नाफा राखेर ठूलो अन्तरले मूल्य घटाउनुपर्ने दबाब थियो । निगमले ३१ असारदेखि लागू गरेको 'पेट्रोलियम पदार्थ तथा ग्यासको स्वचालित मूल्य प्रणाली कार्यविधि, ०८०' अनुसार पेट्रोलमा २.५ प्रतिशत र डिजेलमा २ प्रतिशत नाफा राख्ने व्यवस्था छ । निगमले ग्यासमा भने प्रतिसिलिन्डर तीन सय रुपैयाँ नोक्सान खेपिरहेको जानकारी दिएको छ ।

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय गोरखाको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०८/१५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय गोरखाबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादे भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

१. **ऋणीको विवरण:**
धन बहादुर विश्वकर्मा/राम कुमारी विश्वकर्माको नाति, मन बहादुर विश्वकर्मा/सन्त माया विश्वकर्माको छोरा, वि माया विश्वकर्माको पति, गोरखा जिल्ला, सिरनाचोक गा.पा. वडा नं. ०४ (साबिक छोप्राक गा.वि.स वडा नं.०८) बस्ने **सन्त बहादुर विश्वकर्मा** (ना.प्र.नं. २९४७७, जारी मिति २०४७/०६/२३, जिल्ला प्रशासन कार्यालय गोरखा) ।
व्यक्तिगत जमानीकर्ताको विवरण:
१. आईत बहादुर विश्वकर्माको नातिनी, निल बहादुर कामी/रन माया विश्वकर्माको छोरी, मन बहादुर विश्वकर्मा/सन्त माया विश्वकर्माको बुहारी, सन्त बहादुर विश्वकर्माको पत्नी, गोरखा जिल्ला, सिरानचोक गा.पा. वडा नं. ०४ (साबिक छोप्राक गा.वि.स वडा नं. ०८) बस्ने **वि माया विश्वकर्मा** (ना.प्र.नं. ४४३०२७/३५४, जारी मिति २०६३/१०/१४, जिल्ला प्रशासन कार्यालय गोरखा) ।
धितो सुरक्षणको विवरण
१. **सन्त बहादुर विश्वकर्मा**को नाममा मालपोत कार्यालय, गोरखामा दर्ता कायम रहेको गोरखा जिल्ला, छोप्राक गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९६५, ९६६, ९९६, ९६७ र ९९८ को क्षेत्रफल क्रमशः ०-५-२-३, ०-१०-२-३, १-१-०-२, ३-१२-०-१ र ०-१२-०-२ (रो-आ-पै-दा) को जग्गा तथा सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **ऋणीको विवरण:**
रण वहादुर मगर/फुल माया मगरको नातिनी, हरि वहादुर मगर/मिना थापाको छोरी, कामी रोका सार्की/छकु सार्कीको बुहारी, आचेन रोकाको पत्नी, गोरखा जिल्ला, गोरखा न.पा. वडा नं. ०७ बस्ने **एलिसा थापा रोका** (ना.प्र.नं. ४४-०१-७६-०३५५४, जारी मिति २०७६/०४/१४, जिल्ला प्रशासन कार्यालय गोरखा) ।
व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. रण ध्वज मगरको नाति, रण वहादुर मगर/फुल माया मगरको छोरा, मिना थापाको पति, रामेछाप जिल्ला, गोठगाँउ गा.वि.स, वडा नं.०७ स्थायी ठेगाना भई हाल गोरखा जिल्ला, गोरखा न.पा. वडा नं.०६ बस्ने **हरि बहादुर मगर** (ना.प्र.नं.२०२४, जारी मिति २०४६/०२/३०, जिल्ला प्रशासन कार्यालय रामेछाप) ।
२. राम वहादुर थापा/शु माया थापाको नातिनी, कृष्ण वहादुर थापा/चौमती थापाको छोरी, रण वहादुर मगर/फुल माया मगरको बुहारी, हरि वहादुर मगरको पत्नी, तनहुँ जिल्ला, व्यास न.पा., वडा नं. ०१ स्थायी ठेगाना भई हाल गोरखा जिल्ला, गोरखा न.पा. वडा नं. ०६ बस्ने **मिना थापा** (ना.प्र.नं. ४३१००१/११०३९५, जारी मिति २०६५/०८/०८, जिल्ला प्रशासन कार्यालय तनहुँ) ।
३. जिते रोकाको नाति, कामी रोका सार्की/छकु सार्कीको छोरा, एलिसा थापा रोकाको पति, गोरखा जिल्ला, गोरखा न.पा. वडा नं. ०७ बस्ने **आचेन रोका** (ना.प्र.नं. ४४१००१/४४३२, जारी मिति २०६९/०२/१२, जिल्ला प्रशासन कार्यालय गोरखा) ।
धितो सुरक्षणको विवरण:
१. **आचेन रोका**को नाममा मालपोत कार्यालय, गोरखामा दर्ता कायम रहेको गोरखा जिल्ला, गोरखकाली गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. २०९९ को क्षेत्रफल ०-१२-०-३ (रो-आ-पै-दा) को जग्गा तथा सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि
शाखा कार्यालय गोरखा फोन नं. ०६४-४२०७८१

कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८०/०८/१५ गते नयाँ पत्रिका दैनिक)

तपसिलमा उल्लेखित ऋणीले यस सहकारी संस्थाबाट लिएको ऋण कर्जाको शर्त बमोजिम नियमित बुझाउनु पर्ने किस्ताहरु, साँवा, ब्याज, हर्जाना रकम नतिरी नबुझाई बाँकी राख्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत निजले कर्जा किस्ताहरु चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगर्नु भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सम्पूर्ण किस्ता तथा कर्जा चुक्ता भुक्तान गर्नुहुन सूचित गरिन्छ । अन्यथा उल्लेखित मिति भित्रमा तिर्न बुझाउनु पर्ने ब्याज तथा हर्जाना रकम भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण बापत लेखी लेखाई दिएको तपसिल बमाजिमको चल/अचल सम्पति सहकारी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गर्ने, कालोसूचिमा समावेश गर्ने र ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगाएतका कर्जा असुल उपर गरी लिनका लागि अन्य आवश्यक कानूनी कारवाहिहरु समेत गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत ऋणी, जमानीकर्ता, धितो सुरक्षण दिने व्यक्तिहरु तथा अन्य सबैलाई जानकारी गराइन्छ ।

ऋणीको विवरण



ललित बहादुर खड्काको नाती, चन्द्र बहादुर खड्काको छोरा, जनकपुर अञ्चल, रामेछाप जिल्ला, भिरपानी गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल बागमती अञ्चल ललितपुर जिल्ला ईमाडोल वडा नं. १६ बस्ने वर्ष ४५ को **विष्णु बहादुर खड्का** (ना.प्र.प.नं. ३४७६५ जारी मिति २०५३/०९/२८ जि.प्र.का. रामेछाप)

धन जमानीकर्ताहरूको विवरण



गोरख बहादुर खड्काको नाती, श्याम बहादुर खड्काको छोरा, स्थायी ठेगाना, जनकपुर अञ्चल, सिन्धुली जिल्ला, कमलामाई वडा नं. ६ बस्ने वर्ष ३६ को **देव बहादुर खड्का** (ना.प्र.नं. ४४७५२ जारी मिति २०६२/०७/१४ जि.प्र.का. सिन्धुली)



गरुडध्वज थापाको नाती, नर बहादुर थापाको छोरा, स्थायी ठेगाना, जनकपुर अञ्चल, रामेछाप जिल्ला, मन्थली न.पा. वडा नं. १२ स्थायी घर भई हाल बागमती अञ्चल काठमाडौं जिल्ला का.म.न.पा वडा नं. २२ बस्ने वर्ष ४७ को **देव बहादुर थापा** (ना.प्र.नं. २८१३६ जारी मिति २०५२/०६/१० जि.प्र.का. रामेछाप)

धितो विवरण: चन्द्र बहादुरको नाती, ललित बहादुर खड्काको छोरा, जनकपुर अञ्चल, रामेछाप जिल्ला, भीरपानी गा.वि.स. वडा नं. ५ बस्ने वर्ष ६५ को चन्द्र बहादुर खड्का (ना.प्र.प.नं. ६२०१ जारी मिति २०४५/०२/०४ जि.प्र.का. रामेछाप)को नाममा मालपोत कार्यालय रामेछापमा दर्ता रहि तिरो कायम रहेको जनकपुर अञ्चल, रामेछाप जिल्ला, भीरपानी वडा नं. ५ को कित्ता नं. २९६, २९९, ३०१ र ६१ को क्षेत्रफल व.मी. क्रमशः ८-०-०-० (४०६९.९२), २-३-२-१ (११३०.७५), १-२-१-१ (५८२.२७) र ९-३-२-३ (४६९५.९१) को जग्गा

ऋणीको विवरण



विर वहादुर महर्जनको नाती, धन वहादुर महर्जनको छोरा, स्थायी ठेगाना बागमती अञ्चल, काठमाडौं जिल्ला, किर्तिपुर न.पा. वडा नं. १४, स्थायी घर भई हाल बागमती अञ्चल, काठमाडौं जिल्ला, का.म.न.पा. (कुलेश्वर) वडा नं. १४ बस्ने वर्ष ३९ को **विकास महर्जन** (ना.प्र.नं. १६०५५/५६५६९ जारी मिति २०५७/०३/२९ जि.प्र.का. काठमाडौं)

धन जमानीकर्ताहरूको विवरण



विन सिं महर्जनको नाती, विर बहादुर महर्जनको छोरा, स्थायी ठेगाना बागमती अञ्चल, काठमाडौं जिल्ला, किर्तिपुर न.पा. वडा नं. १४ स्थाई घर भई हाल बागमती अञ्चल, काठमाडौं जिल्ला, का.म.न.पा. (कुलेश्वर) वडा नं. १४ बस्ने वर्ष ७० को **धन बहादुर महर्जन** (ना.प्र.नं. ९०३०/४०८० जारी मिति २०५५/०३/३२ जि.प्र.का.काठमाडौं)



धन बहादुर महर्जनकी बुहारी, विकास महर्जनकी पत्नी, स्थायी ठेगाना बागमती अञ्चल,काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ५, स्थायी घर भई हाल बागमती अञ्चल, काठमाण्डौं जिल्ला, का.म.न.पा. (कुलेश्वर) वडा नं.१४ बस्ने वर्ष ३७ की **बसन्ती प्रजापती** (ना.प्र.प.नं. ६८५९ जारी मिति २०५९/१०/१० जि.प्र.का. काठमाडौं)

धितो विवरण: विन सिं महर्जनको नाती, विर बहादुर महर्जनको छोरा, स्थायी ठेगाना बागमती अञ्चल, काठमाडौं जिल्ला, किर्तिपुर न.पा. वडा नं. १४ स्थाई घर भई हाल बागमती अञ्चल, काठमाडौं जिल्ला, का.म.न.पा. (कुलेश्वर) वडा नं. १४ बस्ने वर्ष ७० को **धन बहादुर महर्जन** (ना.प्र.नं. ९०३०/४०८० जारी मिति २०५५/०३/३२ जि.प्र.का. काठमाडौं) को नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता रहि तिरो कायम रहेको बागमती अञ्चल, काठमाडौं जिल्ला, किर्तिपुर वडा नं. १४, सि.नं. १०२११४३१६ स्थित कित्ता नं. ३९२ को क्षेत्रफल ०-०-०-० (९७.१०) व.मी. को जग्गा

CASH क्याश सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड
CASH Saving & Credit Co-operative Ltd.
ज्याथा, काठमाडौं
फोन : ५३५१८७७, ५३५२३११, ५३५३२५२
Email :info@cashco-op.com.np

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

घतु गुरुङको नातिनी, कर्ण बहादुर गुरुङको छोरी लुम्बिनी प्रदेश बाँके जिल्ला खजुरा गाउँपालिका वडा नं. ३ बस्ने गंगा गुरुङले यस शाखामा बचत खाता नं. १९५१५२४००३६१०६ संचालन गर्दै आउनु भएकोमा मिति २०७९-०८-२५ मा निज खातावाला गंगा गुरुङको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने रन बहादुर गुरुङले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा ११९** बमोजिम निज मृतक गंगा गुरुङको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र आफ्नो स-प्रमाण दावी गर्न यस बैंकको नेपालगंज शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने बेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
नेपालगन्ज शाखा, बाँके
फोन नम्बर : ०८१-४१५१२५

अशोक विनायक बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न. पा २७ असन, भोटाहिटी, काठमाण्डौं ।

२६ औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना ।

यस संस्थाको सचालक समितिको मिति २०८०/०८/०८ को निर्णयानुसार संस्थाको २६ औं वार्षिक साधारण सभा तपसिल बमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय गर्न निम्न लिखित मिति, स्थान र समयमा हुने भएकाले सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ ।

छलफलका विषयहरू
क) संचालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने बारे ।
ख) लेखा समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरि पारीत गर्ने बारे ।
ग) आ.व. २०७९।८० को लेखा परिक्षण प्रतिवेदन पारित गर्ने बारे ।
घ) आ.व. २०८०।८१ वार्षिक योजना, कार्यक्रम तथा बजेट माथि छलफल गरि पारित गर्ने बारे ।
ङ) आ.व. २०८०।८१ को लागि लेखा परिक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने बारे ।
च) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि छनौट गर्ने बारे ।
छ) रिक्त रहेको संचालक समितिको पदपुर्ति सम्बन्धमा ।
ज) संस्था एकिकरण सम्बन्धी छलफल गर्ने सम्बन्धमा ।
झ) व्याजदर अनुमोदन तथा संसोधन गर्ने सम्बन्धमा ।
ञ) छाता संगठनको प्रतिनिधी तोक्ने सम्बन्धमा ।
ट) बाह्य दायित्व स्विकार गर्ने सम्बन्धमा ।
ठ) लाभांश तथा सरक्षित पुजिकोष वितरण सम्बन्धमा ।
ड) यस संस्थाले धितो लिलाम सकार गरी आएको सम्पति लिलाम गरि बिक्री वितरण गर्ने सम्बन्धमा ।
ढ) विविध ।

कार्यक्रम
मिति : २०८० मंसिर ३० गते शनिवार
स्थान : संस्थाको आफ्नै कार्यालय भवन ।
समय : बिहान १० बजे ।

हुन्डाईले ल्यायो 'अनबिटेबल एक्सचेन्ज' योजना

काठमाडौं/ नेपालमा हुन्डाई गाडीहरूको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले 'अनबिटेबल एक्सचेन्ज' योजना ल्याएको छ। कम्पनीले ग्राहकले आफ्नो कुनै पनि ब्रान्डको गाडी ल्याएर हुन्डाईको इन्धनयुक्त वा विद्युतीय गाडीसँग एक्सचेन्ज गर्न सकिने योजना ल्याएको हो।

हुन्डाईले आफ्ना ग्राहकको आवश्यकता र सन्तुष्टिलाई ध्यानमा राखी यो अफर ल्याएको जनाएको छ। योजना नेपालभरि नै लागू भएकाले कुनै पनि हुन्डाईको सोरुमबाट यो योजनाको फाइदा लिन सकिने जनाइएको छ। एक्सचेन्जमा ग्राहकले आफ्नो गाडीको बजारको प्रचलित मूल्यांकनभन्दा न्यूनतम ५० हजार रुपैयाँसम्म थप पाउनुका साथै विद्युतीय गाडीको खरिद गर्दा प्रोत्साहनस्वरूप ५० हजार रुपैयाँसम्मको गो ग्रिन बोनस पनि प्राप्त गर्न सक्ने कम्पनीले उल्लेख गरेको छ। विभिन्न मोडलहरूको खरिदमा ६ लाख रुपैयाँसम्म छुटका साथै हुन्डाई सोरुममा गएर आफ्नो गाडीको मूल्यांकन गराइ र हुन्डाई गाडीको टेस्ट ड्राइभ गरी आकर्षक उपहार पनि जित्न सकिने कम्पनीले जनाएको छ।



योजनामा सहभागी भई आफ्नो रोजाइ र आवश्यकताअनुसार हुन्डाइको गाडी छनोट गर्न सक्ने जनाइएको छ। हुन्डाईका कम्प्याक्ट एसयुभी, एसयुभी, इभी र ह्याचब्याक उत्कृष्ट प्रविधिद्वारा निर्मित र विभिन्न अन्तर्राष्ट्रिय पुरस्कारप्राप्त गाडी भएकाले उत्कृष्ट प्रविधिका रहेको कम्पनीको दाबी छ। सबै गाडीमा तीन वर्ष वारेन्टी र ६ वर्षको फ्री सर्भिसिङ उपलब्ध रहेको जनाइएको छ।

लक्ष्मी इन्टरकन्टिनेन्टलले नेपालभरि १७ सोरुम, १९ सर्भिस सेन्टर र ४३ चार्जिङ प्वाइन्टमार्फत ग्राहकलाई सेवा प्रदान गरिरहेको जनाएको छ।

कम्प्युटर सुरक्षा दिवसमा एसबिआई बैंकका कर्मचारीको प्रतिज्ञा

काठमाडौं/ कम्प्युटर सुरक्षा दिवसको अवसरमा नेपाल एसबिआई बैंक लिमिटेडका कर्मचारीले सुरक्षा तथा सचेतनासम्बन्धी प्रतिज्ञा गरेका छन्। कर्मचारीले बैंकको नीतिअनुरूप कम्प्युटर सुरक्षामा सजग, सचेत र अपडेट रहने र कार्यस्थल तथा कर्मचारीमा सुरक्षा सचेतना फैलाउने प्रतिज्ञा गरेका हुन्।

बैंकका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत दीपककुमार देले नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तीय अधिकृत राजेशकुमार पन्डा प्रमुख सञ्चालन अधिकृत यादवेन्द्र कान्त र अन्य उच्च पदाधिकारीको उपस्थितिमा बैंकका सम्पूर्ण कर्मचारीलाई प्रतिज्ञा गराएको बैंकले जनाएको छ। सन् १९८८ देखि विश्वभर कम्प्युटरसम्बन्धी सुरक्षा चासो जगाउने उद्देश्यले हरेक नोभेम्बर ३० तारिखका दिन 'कम्प्युटर सुरक्षा दिवस' मनाइँदै आएको छ।

टाटा मोटर्सको 'म्याक्सचेन्ज मेला'

काठमाडौं/ नेपालका लागि टाटा मोटर्सको अधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिले 'म्याक्सचेन्ज मेला' आयोजना गर्न लागेको छ। कम्पनीले जुनसुकै ब्रान्डका पुराना गाडीसँग टाटाको



नेक्सन म्याक्स साट्न सकिने मेला आयोजना गर्न लागेको हो।

ग्राहकको परिवर्तित जीवनशैली र अत्याधुनिक सवारीप्रतिको रुचि तथा चाहनालाई मध्यनजर गर्दै मेलाको आयोजना गरिएको कम्पनीले जनाएको छ। १५ देखि १७ मंसिरसम्म टाटा मोटर्सको सोरुम थापाथली र सल्लाघारी भक्तपुरमा मेला आयोजना हुने जनाइएको छ।

म्याक्सचेन्ज मेलामा निःशुल्क रूपमा इभी गाडीका लागि फास्ट चार्जर, एक वर्षको अटोप्लस इन्स्योरेन्स, एक वर्षको सवारी कर, एक्सेसरिज तथा एक्सचेन्ज बोनस प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ। साथै, प्रत्येक टेस्ट ड्राइभमा गिफ्ट ह्याम्पर, हरेक दिन लक्की ड्रमार्फत स्मार्ट वाच र बम्पर उपहारमा आइफोन १५ लगायतका आकर्षक उपहार रहेको उल्लेख छ। मेलामा ग्राहकले टाटा मोटर्सको नयाँ तथा अत्याधुनिक डिजाइनका उत्पादन अवलोकन तथा टेस्ट ड्राइभ गर्न सक्ने जनाइएको छ।

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

मन बहादुर पुन मगरको नाति, पुर्न बहादुर पुन मगरको छोरा लुम्बिनी प्रदेश बाँके जिल्ला खजुरा गाउँपालिका वडा नं. ०३ बस्ने रुद्र बहादुर पुन मगरले यस शाखामा बचत खाता नं. १९५१५२४१४०१८६० संचालन गर्दै आउनु भएकोमा मिति २०७९-०८-२८ मा निज खातावाला रुद्र बहादुर पुन मगरको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने पार्वती पुन मगरले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक रुद्र बहादुर पुन मगरको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको नेपालगंज शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
नेपालगन्ज शाखा, बाँके
फोन नम्बर : ०८१-४१५१२५

सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लिमिटेडको वार्षिक साधारणसभा सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशित मिति : २०८०/८/१५

यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णयअनुसार कम्पनीको वार्षिक साधारणसभा निम्न लिखितन मिति, स्थान र समयमा बस्ने भएको हुँदा सेयर धनी महानुभावहरूको जानकारी लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

साधारणसभा बस्ने मिति, स्थान र समय :

मिति : २०८०/०९/२१
स्थान : कोटेश्वर-३२ (कम्पनीको कार्यालय)
समय : ११:०० बजे

वार्षिक साधारण सभामा छलफल हुने निर्णयहरू

१. आ.व. २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने
२. आ.व. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब पारित गर्ने।
३. आगामी आ.व. २०८०/०८१ को लागि लेखा परीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमीक निर्धाराण गर्ने।
४. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सञ्चालक माध्यमबाट १ जना, सेयर धनीका माध्यमबाट २ जना गरी ३ जना प्रतिनिधि तोक्ने
५. विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

पुतलीबजारमा सानिमा बैंकको शाखा

काठमाडौं/ सानिमा बैंक लिमिटेडले स्याङ्जाको पुतलीबजारमा शाखा सञ्चालनमा ल्याएको छ। उक्त शाखा कार्यालयको उद्घाटन ब्रान्ड प्रवर्द्धक कलाकार मदनकृष्ण श्रेष्ठ, बैंकका सञ्चालक रमेशकुमार पोखरेल तथा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चलराज पाण्डेले संयुक्त रूपमा गरेका हुन्। शाखा उद्घाटन गर्दै बैंकका सञ्चालक रमेशकुमार पोखरेलले सानिमा बैंकलाई विश्वास गरी सबल अनि विश्वसनीय बैंकका रूपमा स्थापित हुन सहयोग गर्ने बैंकका ग्राहक तथा सरोकारवालालाई निरन्तर सहयोग तथा संरक्षणका लागि कृतज्ञता व्यक्त गरेका थिए। त्यस्तै, बैंकका सिइओ पाण्डेले स्याङ्जा जिल्लामा शाखा स्थापना गरेर बैंकले स्थानीय ग्राहकलाई विश्वसनीय एवं स्तरीय सेवा प्रदान गर्ने बताए।

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८०/०८/१५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरू लिलाम बिकी हुन नसकेकोले पुनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनका दिन अर्थात मिति २०८०/०८/२२ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखिदिनु हुने तथा ब्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रू. १००/- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

सि.नं.	कर्जा शिर्षक	ऋणी तथा ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
१.	१. ओभरड्राफ्ट कर्जा २. डिमाण्ड कर्जा ३. अपरिवर्त्य प्रतितपत्र ४. ट्रष्ट रिसिप्ट कर्जा	**ऋणीको नामः शिखर मेशिनरी एण्ड अटोमोबाइल प्रा.लि** (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: २०२४७६/०७५/०७६ दर्ता मितिः २०७५/०८/०२ स्थायी लेखा नं.: ६०६५४७८८२ ठेगानाः ललितपुर जिल्ला, ललितपुर म.न.पा., वडा नं १४। **संचालक/शेयरधनी तथा व्यक्तिगत जमानतकर्ताः** **केदार नाथ शर्मा** ना.प्र.प.नं (जारी मिति/स्थान): २१७३९ (२०५०/०८/०८/बाँके) बाजेको नामः रवि लाल शर्मा बाबुको नामः रत्नाखर शर्मा ठेगानाः बाँके जिल्ला, उढरापुर गा.वि.स, वडा नं. ०२ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं ४, सुकेधारा। **व्यक्तिगत जमानतकर्ताः** **गीता शर्मा** ना.प्र.प.नं (जारी मिति/स्थान): ९८१५ (२०५९/०४/०६/बाँके) बाबुको नामः भानुभक्त भट्टराई ससुराको नामः रत्नखर शर्मा पतिको नामः केदार नाथ शर्मा ठेगाना. बाँके जिल्ला, कोहलपुर न.पा., वडा नं. ०३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं ४, सुकेधारा।	१. रवि लाल शर्मा को नाति, रत्नाखर शर्मा को छोरा, बाँके जिल्ला, उढरापुर गा.वि.स, वडा नं. ०२ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं ४, सुकेधारा बस्ने **केदार नाथ शर्मा** को नाममा मालपोत कार्यालय म्याग्दी को लगतमा दर्ता श्रेष्ता कायम रहेको म्याग्दी जिल्ला, अर्थुङ्गे गा.वि.स, वडा नं. १ क स्थित कि.न. १३१३ र १३१४ को क्षेत्रफल क्रमशः ६१.६१ र २४४.४० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। २. ऋणीले धनी बैंकको नाममा लेखिदिएको हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको सम्पूर्ण माल सामान / स्टकहरुको मौज्दातहरु
२.	१. सवारीसाधन कर्जा २. बैंक जमानत	**ऋणीको नामः नटराज एग्रो प्रा. लि** (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: २१२२७३/०७५/०७६ दर्ता मितिः २०७५/१२/१९ स्थायी लेखा नं.: ६०६८४७४५० ठेगानाः मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं २। **संचालक/शेयरधनी तथा व्यक्तिगत जमानतकर्ताः** **केदार नाथ शर्मा** ना.प्र.प.नं (जारी मिति/स्थान): २१७३९ (२०५०/०८/०८/बाँके) बाजेको नामः रवि लाल शर्मा बाबुको नामः रत्नाखर शर्मा ठेगानाः बाँके जिल्ला, उढरापुर गा.वि.स, वडा नं. ०२ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं ४, सुकेधारा।	धनी एनएमबि बैंक लि. / ऋणी नटराज एग्रो प्रा.लि को नाममा प्रदेश नं. १ यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनहरु: **१. सवारीसाधनको विवरणः** कम्पनीः Mahindra & Mahindra मोडलः Bolero Camper–Sc 4WD सवारी दर्ता नः प्रदेश १-०४-००१ च ०११३ बनेको सालः २०२० च्यासिस नः MA1ZC4TBKL1H34312 इन्जिन नः TBL1H31087 **२. सवारीसाधनको विवरणः** कम्पनीः Mahindra & Mahindra मोडलः Mahindra Bolero Maxi Truck Plus सवारी दर्ता नः प्रदेश १-०२-००२ च- ४१७९ बनेको सालः २०१९ च्यासिस नः MA1ZP2TBKK2G97722 इन्जिन नः TBK4G70470 **३. सवारीसाधनको विवरणः** कम्पनीः Mahindra & Mahindra मोडलः Mahindra Bolero Maxi Truck Plus सवारी दर्ता नः प्रदेश १-०२-००२ च- ४१७८ बनेको सालः २०१९ च्यासिस नः MA1ZP2TBKK2G97441 इन्जिन नः TBK4G68494
३.	१. ओभरड्राफ्ट कर्जा २. सवारीसाधन कर्जा	**ऋणीको नामः सुप्रिया खाध्यान्न तथा मल्टिपर्पोज प्रा. लि.** (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय मा दर्ता रहेको) दर्ता नं.: २३६०१२/०७६/०७७ दर्ता मितिः २०७६/११/२३ स्थायी लेखा नं.: ६०९७३७६२० ठेगानाः काठमाडौं जिल्ला, गोकर्णश्वर न.पा., वडा नं. ६, सिर्जना टोल। **सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताः** **उशा देवी श्रीवास्तव** ना.प्र.प.नं (जारी मिति/स्थान): १७११०२/१२३(२०६५/०५/२३/धनुषा) बाबुको नामः चन्देश्वर प्रसाद सिंह ससुराको नामः तअखिला नन्द श्रीवास्तव पतिको नामः रंजीत कुमार श्रीवास्तव ठेगानाः धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, गोकर्णश्वर न.पा., वडा नं. ६, सिर्जना टोल। **व्यक्तिगत जमानतकर्ताः** **रंजीत कुमार श्रीवास्तव** ना.प्र.प.नं (जारी मिति/स्थान): ३९६९४९१९(२०६१/११/१४/धनुषा) बाजेको नामः जगदीश प्रसाद श्रीवास्तव बाबुको नामः अखिला नन्द श्रीवास्तव ठेगानाः धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ६, सिर्जना टोल।	१. अखिला नन्द श्रीवास्तवको बुहारी, रंजीत कुमार श्रीवास्तवको पत्नि धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, गोकर्णश्वर न.पा. वडा नं. ६, सिर्जना टोल बस्ने **उशा देवी श्रीवास्तव** को नाममा मालपोत कार्यालय जनकपुर को लगतमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. ७ स्थित कि.न. ३३४ को क्षेत्रफल ०-०-९-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। २. अखिला नन्द श्रीवास्तवको बुहारी, रंजीत कुमार श्रीवास्तवको पत्नि, धनुषा जिल्ला, जनकपुर, उ.म.न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, गोकर्णश्वर न.पा., वडा नं. ६, सिर्जना टोल बस्ने **उशा देवी श्रीवास्तव** को नाममा मालपोत कार्यालय चावहिलको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, जोरपाटी, गा.वि.स, वडा नं. ३ स्थित कि.न. १६१ को क्षेत्रफल १२७ वर्ग मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। ३. धनी एनएमबि बैंक लि. ऋणी सुप्रिया खाध्यान्न तथा मल्टिपर्पोज प्रा. लि. को नाममा यातायात व्यवस्था कार्यालय बागमती प्रदेशमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधन: **सवारीसाधनको विवरणः** कम्पनीः TATA MOTORS मोडलः XENON YODHA, सवारी दर्ता नंः प्रदेश ३-०१-०२४ च ३९४९ बनेको सालः 2020 च्यासिस नंः MAT464602LSR10340 इन्जिन नंः 4SPCRIONZX621169
४.	१. ओभरड्राफ्ट कर्जा २. डिमाण्ड कर्जा ३. पटके डिमाण्ड कर्जा	**ऋणीको नामः पाथीभरा सप्लायर्स** (नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगरमा दर्ता रहेको) दर्ता नं.: २४१२०/०६८/०६९ दर्ता मितिः २०६८/१०/१३ स्थायी लेखा नं.: ३०४३८९९८२ ठेगानाः मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा., वडा नं. २। **प्रोप्राईटरः** **जानुका राजभण्डारी** ना.प्र.प.नं (जारी मिति/स्थान): ०५२०२८/३८४० (२०६७/०३/१४/मोरङ, उर्लाबारी) बाबुको नामः तेज बहादुर श्रेष्ठ ससुराको नामः रिपु मर्दन राजभण्डारी पतिको नामः तेजेन्द्र प्रकाश राजभण्डारी ठेगानाः मोरङ जिल्ला, पथरी गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा., वडा नं १। **व्यक्तिगत जमानतकर्ताहरुः** **१. तेजेन्द्र प्रकाश राजभण्डारी** ना.प्र.प.नं (जारी मिति/स्थान): ०५२०२८/२५४६३ (२०६९/१२/१२/मोरङ, उर्लाबारी) बाजेको नामः लक्ष्मी सुन्दर राजभण्डारी बाबुको नामः रिपु मर्दन राजभण्डारी ठेगानाः मोरङ जिल्ला, पथरी गा.वि.स.वडा नं. २ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा., वडा नं १। **२. सुशिला राजभण्डारी** ना.प्र.प.नं (जारी मिति/स्थान): ४६१७ (२०५८/०९/०९/मोरङ, उर्लाबारी) बाबुको नामः तेज बहादुर श्रेष्ठ ससुराको नामः रिपु मर्दन राजभण्डारी पतिको नामः तेजेन्द्र प्रकाश राजभण्डारी ठेगानाः मोरङ जिल्ला, पथरी गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा., वडा नं १।	लक्ष्मी सुन्दर राजभण्डारीको नाति, रिपु मर्दन राजभण्डारीको छोरा, मोरङ जिल्ला, पथरी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा., वडा नं. १ बस्ने **तेजेन्द्र प्रकाश राजभण्डारी** को नाममा मालपोत कार्यालय मोरङ बेलबारी को लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, मधुमल्ला गा.वि.स./न.पा. वडा नं. ६ ध स्थित कि.न. ३६९८ र ३६९६ को क्षेत्रफल ०-०-२¹/⁸ र ०-१-१९ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७

माउन्टेन इनर्जी नेपाल लि.
Mountain Energy Nepal Ltd.

पोष्ट बक्स नं. २१७२९, वडा नं. ३०, डिल्लीबजार, काठमाण्डौ, नेपाल । फोन नं : ०१-४५३७७०५
फयाक्स नं. ०१-४५३०५६२ | E-mail: info@mountainenergy.com.np | URL: www.mountainenergy.com.np

Statement of Financial Position as on 30th Ashwin, 2080

Particulars	"As at 30th Ashwin, 2080 (Unaudited)"	"As at 31st Ashadh, 2080 (Previous Quarter) (Unaudited)"	"As at 31st Ashwin, 2079 (Previous year)"
ASSETS			
Non-current assets			
Property, plant and equipment	28,580,328	28,983,607	29,886,557
Intangible assets	5,922,993,245	5,987,123,346	6,120,471,491
Intangible assets under development	75,092,704	75,092,704	71,529,948
-Research on Mistri Khola Cascade Project	75,092,704	75,092,704	71,529,948
Goodwill (arising on acquisition of Aadhishakti)	14,525,290	14,682,604	15,154,544
Deferred tax assets	2,807,641	527,338	121,211
Total non-current assets	**6,043,999,208**	**6,106,409,599**	**6,237,163,751**
Current assets			
Trade and other receivables	839,077,700	748,366,228	530,789,286
Prepayments	39,594,671	40,604,899	144,256,696
Loan and advances	60,611,278	60,611,279	64,725,645
Cash and cash equivalents	148,401,024	87,885,128	397,214,325
Total current assets	**1,087,684,673**	**937,467,534**	**1,136,985,952**
Total assets	**7,131,683,881**	**7,043,877,133**	**7,374,149,703**
EQUITY AND LIABILITIES			
Equity			
Share capital	1,968,027,000	1,968,027,000	1,968,027,000
Retained earnings	1,436,153,705	1,175,047,577	1,284,605,779
Total equity	**3,404,180,705**	**3,143,074,577**	**3,252,632,779**
Liabilites			
Non-current liabilities			
Loans and borrowings	3,303,186,813	3,471,026,385	3,670,656,422
Total non-current liabilities	**3,303,186,813**	**3,471,026,385**	**3,670,656,422**
Current liabilities			
Trade and other payables	57,510,363	60,038,171	73,218,502
Loans and borrowings	366,806,000	369,738,000	377,642,000
Total current liabilities	**424,316,363**	**429,776,171**	**450,860,502**
Total liabilities	**3,727,503,176**	**3,900,802,556**	**4,121,516,924**
Total equity and liabilities	**7,131,683,881**	**7,043,877,133**	**7,374,149,703**

MOUNTAIN ENERGY NEPAL LTD.
Statement of Profit or Loss and other Comprehensive Income
For the period ended 30th Ashwin, 2080

Particulars	Upto 30th Ashwin, 2080 (Current Quarter)	Upto 31st Ashadh, 2080 (Previous Quarter) (Unaudited)	" Upto 31st Ashwin, 2079 (Previous Year) "
Revenue	454,851,522	1,182,383,269	472,399,720
Cost of sales			
-Amortization on Project Assets	(64,130,101)	(254,292,535)	(63,652,797)
-Other Direct Costs	(41,619,127)	(223,768,231)	(40,510,906)
Gross profit	**349,102,294**	**704,322,503**	**368,236,017**
Administrative expenses	(9,214,502)	(32,311,871)	(11,198,768)
Depreciation and amortisation	(435,778)	(1,934,013)	(626,697)
Operating profit	**339,452,014**	**670,076,619**	**356,410,552**
Finance income	2,029,373	10,906,907	3,135,850
Finance costs	(70,856,103)	(295,638,069)	(77,416,320)
Staff Bonus	(5,412,506)	(7,706,909)	(5,642,602)
Profit before tax	**265,212,778**	**377,638,548**	**276,487,480**
Current tax	(3,880,832)	(3,276,119)	(774,661)
Deferred tax income/(expense)	2,280,303	406,127	-
Profit for the period	**263,612,249**	**374,768,556**	275,712,819
Other comprehensive income	-	-	-
Total comprehensive income	**263,612,249**	**374,768,556**	275,712,819

1. Notes to quarterly unaudited financials.

1.1 The unaudited financial statements for the First Quarter ended Ashwin 2080 of the FY 2080/81 are reviewed by Audit Committee and authorized to publish by Board of Director of the Company.

1.1.1 Commercial Operation Date and Life of Hydropower Project:

Life (License Period):
- Tadi Khola (Thaprek), license period is valid till 2103 Mangsir 05.
- Mistri Khola license period is valid till 2103 Kartik 19.

Commercial Operation Date (COD):
- Tadi Khola (Thaprek) started commercial operation from 2069 Chaitra 14.
- Mistri Khola started its commercial operation from 2078 Ashadh 03.

1.2 Revenue:

1.2.1 Sale of Electricity: Revenue from sale of electricity is generated by Tadi Khola Project (5 MW) and Mistri Khola Project (42 MW). Tadi Khola Project invoiced Rs.48,646,433 and Mistri Khola Project invoiced Rs.406,205,089 for the period Shrawan to Ashwin end 2080, to Nepal Electricity Authority as per the terms of PPA.

1.2.2 Applicable Rate of PPA of Mistri Khola Project:
As per PPA dated 2067.10.20 (amended on 2073.01.15), the official date for Commercial date of Operation (COD) was 2076.05.14, but due to technical issues, commercial date of operation was revised to 2078.03.03. Accordingly, date of COD was delayed by 3 years and the effective license period is also reduced to 32 years from approved license period of 35 years.
At present, the company is recognizing revenue using the PPA rate of Fourth Year as per clause 12 of PPA after considering effect of delayed COD by 3 years, whereas NEA has been paying considering the revised COD (i.e., 2078.03.23) but applying the PPA rate of the first year and making payment accordingly. Different interpretation of applicable year rate of PPA has resulted in dispute over total booked Revenue of Rs.361,981,492 (Rs.174,180,195 till Shrawan 2079) of which Rs.56,436,754 is for the current year and balance of Rs.305,544,738 in previous years (2079/80, 2078/79 and 2077/78) before interest and both the parties to PPA agreed for arbitration proceeding for dispute settlement in Nepal Council of Arbitration (Tribunal) with details till Shrawan 2079. The Tribunal had decided that the contention of company is valid. Based on the decision of the Tribunal, the company had registered its claim to NEA on Mangsir 11, 2080 for release of the amount deducted by it.

1.2.3 Deduction of Energy associated with Tatopani SHP of NEA:
As per clause 38.18 of the PPA, there shall be no deduction of energy associated with Tatopani Small Hydropower System during the month of Ashad, Shrawan, Bhadra and Ashwin, due to sufficiency of water in the river system. Further, there is dispute in deduction of energy during contingency evacuation period. The Company had disputed with NEA and filed claim and both the parties to PPA agreed for arbitration proceedings for dispute settlement. NEA had deducted total of Rs.227,725,632/- till Ashwin 2080 (Rs.109,524,672 till Shrawan 2079). The Tribunal had decided that, out of the total deduction made by NEA Rs.19,626,800 (till Shrawan 2079) is valid compensation for the energy associated with Tatopani SHP and instructed NEA to make differential payment to the Company. Based on award of the Tribunal, the Company decided to charge Rs.35,517,323 in FY 2079/80 and Rs.4,462,355 in FY 2080/81 (till Ashwin 2080). Accordingly, Rs.208,098,832 is to be recovered by the Company from NEA towards excess compensation claimed by it.

1.2.4 Arbitral Award by NEPCA (Tribunal)
In regard to the dispute mentioned above in para 1.2.2 & 1.2.3 between Mountain Energy Nepal Limited & Nepal Electricity Authority, Nepal Council of Arbitration (NEPCA), the Tribunal has awarded the dispute in favor of Mountain Energy Nepal Limited via letter Ref No. 306/080/81 dated 27 October 2023.

1.2.5 Power Evacuation
The entire electricity generated could not be evacuated resulting in revenue loss due to constraint on Electricity Transmission Grid owned and operated by NEA, but the MOU for contingency plan entered on 2073.09.26 between NEA and the company provides that the company renounce the right to claim the compensation for the above revenue loss.

1.3 Amortization:
Both the Projects, Tadi Khola and Mistri Khola Project has recognised an Intangible Asset for the right to sell electricity to NEA as specified in PPA through construction of projects assets under the service concession agreement.

1.3.1 Tadi Khola Project Assets, accounted as Intangible assets, are amortized over remaining useful life (Operation License period) of 338 months. The useful life of project asset is the tenure calculated from commercial date of operation. The amortization expense is included in the Cost of Sales.

1.3.2 Mistri Khola Project Assets, accounted as Intangible assets, are amortized over remaining useful life (Operation License period) of 304.5 months. The useful life of project asset is the tenure calculated from commercial date of operation. The amortization expense is included in the Cost of Sales.
Final project construction completion certificate is dated Ashwin 12, 2078. Hence, all the expenses relating to the project up to Ashwin 12, 2078 has been capitalized.

1.4 Taxation:
Mistry Khola project is in tax holiday up to Ashad 02, 2088, then after for next five years, tax concession is 50% of applicable tax rate.
100% tax concession period of Tadi Khola HEP ended on Chaitra 13, 2079 and for the next five years, tax concession at the rate of 50% on applicable tax rate is availble. Accordingly, tax liability on taxable income of Tadi Khola project is calculated applying the concessional rate of 10% from Chaitra 14, 2079.
100% tax concession period of Mistri Khola HEP is available till Ashadh 02, 2088.
Interest income is not tax exempted as per Section 11 of Income Tax Act, 2058, consequently tax liability on Interest Income has been calculated at the rate of 25% on proportionate basis after deducting the staff bonus.

1.5 Related Party Transitions:
There is no related party transaction during the reporting period.

1.6 Key Financial Ratio: In NRs.

Period	Earnings Per Share (Quarterly)	Net Worth Per Share	Current Ratio	P/E Ratio
This Quarter End	13.39	172.97	2.56	57.13
Previous Quarter End (Restated)	19.04	159.71	2.18	44.01
Corresponding Previous year's Quarter End (Audited)	14.01	165.27	2.52	54.35

1.7 Challenges
Internal
- Retention of skilled human Resources
- Managing Operational Efficiency

External
- Impact of Climate Change on amount of Rain/Snow Fall in Catchment area
- Suppler Risk as vendors of major project assets is of foreign origin.
- Foreign exchange rate

2. Management Analysis
Operation of Tadi Khola (Thaprek) projects is satisfactory. The debt service of the project is satisfactory. Commercial operation of Mistri Khola Project started on Ashadh 03,2078. The operation of Mistri Khola Project is running smoothly. The debt servicing of the project is regular.

3. Analysis of Share Transactions:
The Major Highlights of Share Transactions During the Quarter are as follows:

Maximum Price NPR	Minimum Price NPR	Closing Price NPR	Total Turnover	Traded Volume	Transaction Days
1092.00	730.00	765.00	211,054,635.90	282,346	61

4. Corporate Governance
The Company has regular Board of Directors and Audit Committee meetings. The management team meet regularly for the smooth running of the Company.

5. Declaration from Management
I take the responsibility for the accuracy of financial and other information detailed in this report for the 3 months period up to Ashwin end 2080 of FY 2080/81 and hereby declare that financial and other information detailed in this report are true, based on records and facts, and are complete to the best of my knowledge and that information necessary for taking informed decision by the investors are not concealed.

■ केपी ओली कप टी-२० फाइनल आज

आर्मी र मधेशबीच उपाधि भिडन्त

रोहितराज पराजुली / नयाँ पत्रिका

नेपाली सेनाको त्रिभुवन आर्मी क्लब र मधेश प्रदेशले प्रथम केपी ओली कप राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताको उपाधिका लागि प्रतिस्पर्धा गर्ने भएका छन् । पोखरा रंगशालामा बिहीबार भएको सेमिफाइनलमा जित निकाली दुवै टोली फाइनल प्रवेश गरेका हुन् । उपाधि भिडन्त शुक्रबार (आज) हुनेछ । पोखरा रंगशालास्थित क्रिकेट मैदानमा भएको पहिलो सेमिफाइनलमा आर्मीले बागमती प्रदेशलाई चार विकेटले हरायो । अर्को खेलमा मधेशले राष्ट्रिय टोलीका खेलाडीले भरिएको नेपाल एपिएफ क्लबमाथि ११ रनको रोमाञ्चक जित निकाल्यो । पहिलो सेमिफाइनलमा बागमतीले सुरुवाती ब्याटिङ गर्दै २० ओभरमा सात विकेटको क्षतिमा १२७ रनको योगफल तयार गऱ्यो ।

प्रत्युत्तरमा आर्मीले १५ ओभरमा ६ विकेटको नोक्सानीमा १२८ रन बनायो । आर्मीले ३० बलअगाडि नै जित निकालेको हो । आर्मीको जितमा भीम सार्कीले सर्वाधिक ३९ रन जोडे । उनले ३५ बलमा पाँच चौका प्रहार गरे । कुशल मल्लले आठ बलमा चार छक्काको सहयोगमा २७ रनको योगदान दिए । ओपनर विनोद भण्डारीले १२ बलमा तीन चौका र दुई छक्कासहित २५ रन बटुले ।



बागमतीविरुद्ध आर्मीका सहाव आलमले चार ओभरमा एक मेडन राखी १४ रन खर्चेर चार विकेट लिए । उनी नै खेलका म्यान अफ दी म्याच भए । सोमपालले दुई विकेट लिए । विवेक यादवले एक विकेट हात पारे ।

लामो समयपछि घरेलु क्रिकेट खेलेका नेपाली राष्ट्रिय टोलीका लेग स्पिनर सन्दीप लामिछानेले बागमतीको कप्तानी गरेका थिए । उनले आर्मीविरुद्धको ब्याटिङमा दुई विकेट हात पारेका थिए । पहिलो ब्याटिङ गरेको बागमतीका लागि प्रतीक श्रेष्ठले अर्धशतकीय इनिङ खेलेका थिए । उनले ५० रन बनाउन ३५ बलमा तीन चौका र चार छक्का प्रहार गरे । कप्तान सन्दीपले २२ बलमा दुई चौका र एक छक्कासहित १९ रन बनाए । बागमतीको ब्याटिङमा चार खेलाडीले दोहोरो रन नै बनाउन सकेनन् ।

एपिएफमाथि मधेशको रोमाञ्चक जित

दोस्रो खेलमा मधेसले २० ओभरमा ६ विकेटको क्षतिमा १९७ रनको बलियो योगफल खडा गऱ्यो । एपिएफले २० ओभरमा नौ विकेट गुमाएर १८४ रन जोड्यो । मधेसका दुई ब्याट्सम्यानले अर्धशतक पूरा गरेका थिए । ओपनर अनिल शाहले ५७ रन बनाउन ३६ बलमा दुई चौका र ६ छक्का प्रहार गरे । इम्रान शेखले ३२ बलमा तीन चौका र चार छक्काको मद्दतमा ५० रन बटुलेका थिए । मधेशका पवन सराफले १९ बलमा चार चौका र दुई छक्काको सहयोगमा ३३ रन जोडे ।

एपिएफका ओपनर तथा कप्तान प्रदीप ऐरीले ५५ रनको इनिङ्स खेले पनि टोलीलाई फाइनल पुऱ्याउन सकेनन् । उनले ४२ बलमा तीन चौका र चार छक्का प्रहार गरेका थिए । आर्मीका सन्दीप जोराले ३१ बलमा तीन चौका र पाँच छक्का प्रहार गर्दै ५४ रन बनाए । उनले अन्तिम समयसम्म एपिएफलाई जितको आशा दिलाएका थिए ।

युगान्डा पहिलोपटक टी-२० विश्वकपमा

एजेन्सी

युगान्डाको क्रिकेट इतिहासमा बिहीबारको दिन ऐतिहासिक बन्यो । युगान्डा पहिलोपटक आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा छनोट भएको छ । युगान्डाले विश्वकपको टिकट काट्दा टेस्ट टोली जिम्बावे छनोट हुन असफल भयो । यसअघि जिम्बावेले यसै महिना भारतमा भएको एकदिवसीय विश्वकपको छनोट चरणसमेत पार गर्न सकेन । अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा आयोजना गर्ने टी-२० विश्वकपमा अफ्रिकाबाट युगान्डा र जिम्बावेमध्ये एक अन्तिम टोलीका रूपमा छनोट हुने थियो ।

छनोट चरणको अन्तिम दिन जिम्बावेले केन्यामाथि जित निकाल्दै विश्वकप खेल्ने सपना यथावत् नै राखेको थियो । तर, युगान्डाले रवान्डामाथि सानदार जित निकाल्दै टी-२० विश्वकप खेल्ने सपना पूरा गऱ्यो । रवान्डाले १८.५ ओभरमा सबै विकेट गुमाएर ६५ रन मात्र बनायो । सहज लक्ष्य पाएको युगान्डाले ८.१ ओभरमा पूरा मात्र गरेन, जिम्बावेलाई समेत विश्वकप छनोटबाट बाहिर पठायो । युगान्डा पराजित हुँदा जिम्बावे छनोट हुने समीकरण थियो । विश्वकपमा पश्चिम अफ्रिकाबाट छनोट हुने युगान्डा पहिलो राष्ट्र हो ।

जिम्बावेले केन्यासँगको खेलमा पहिलो ब्याटिङ गरी चार विकेटको क्षतिमा २१७ रन बनाएको थियो । जसमा सिकन्दर राजाले ४८ बलमा ८२ रनको योगदान दिएका थिए । यसैगरी, सिएन विलियम्सले २६ बलमा ६० रनको विस्फोटक इनिङ्स खेलेका थिए । केन्या आफ्नो अन्तिम खेलमा ११० रनले पराजित भयो । केन्याले २० ओभरमा आठ विकेट गुमाएर १०७ रन बनाएको थियो ।



विश्वकप खेल्ने २० टोली

वेस्ट इन्डिज, अमेरिका, अस्ट्रेलिया, इंग्ल्यान्ड, भारत, नेदरल्यान्ड्स, न्युजिल्यान्ड, पाकिस्तान, दक्षिण अफ्रिका, श्रीलंका, अफगानिस्तान, बंगलादेश, नामिबिया, युगान्डा, क्यानडा, नेपाल, ओमान, पपुवा न्युगिनी, आयरल्यान्ड र स्कटल्यान्ड ।

■ नेपाल सुपर लिग

धनगढीको लगातार दोस्रो जित

नयाँ पत्रिका

विदेशी खेलाडी आफिज अफिज ओलावालेले खेलकै अन्तिम इन्जुरी समयमा निर्णायक गोल गरेपछि साबिक उपविजेता धनगढी एफसी दोस्रो नेपाल सुपर लिग (एनएसएल)मा लगातार दोस्रो खेलमा विजयी भएको छ । दशरथ रंगशालामा बिहीबार भएको लिगकै आठौँ खेलमा धनगढीले बुटवल-लुम्बिनी एफसीलाई १-० ले हराउँदै महत्वपूर्ण ३ अंक जोडेको हो । धनगढी ६ अंकका साथ शीर्ष स्थानमा उक्लिएको छ । धनगढीले दुई खेलमा तीन गोल गरेको छ । पहिलो खेलमा वीरगन्ज युनाइटेडलाई धनगढीले २-१ ले हराएको थियो ।

बुटवल लुम्बिनीले लगातार दोस्रो हारको सामना गऱ्यो । यसअघि बुटवल पहिलो खेलमा ललितपुर सिटीसँग २-० ले पराजित भएको थियो । बुटबल र धनगढीबीचको खेलमा सात मिनेटको अन्तिम अतिरिक्त समय थप भएको



थियो । यसै समयमा आफिजले एक मात्र गोल धनगढीका लागि गरेका हुन् । इन्जुरी समयमा वैकल्पिक खेलाडी आफिजले हिजाजीले मैदानको मध्यभागबाट उपलब्ध गराएको बलमा उत्कृष्ट गोल गरेका हुन् ।

धनगढीका प्रशिक्षक युगलकिशोर राईले पहिलो हाफमा कमजोर भए पनि मध्यान्तरमा लय समातेको प्रतिक्रिया दिए । उनले रेफ्रीको निर्णयबाट यसपटक पनि असन्तुष्ट भएको जनाए । 'हामीले महत्त्वपूर्ण ३ अंक बटुलेका छौं,' राईले भने, 'आजको खेल निकै रमाइलो भयो, समर्थकले पनि मजा लिए, तर हाम्रो लागि यस्तो खेल नहोस् भन्ने कामना गर्छु ।'

लगातार दोस्रो हार सामना गरेपछि बुटवल-लुम्बिनीका प्रशिक्षक विजय महर्जनले भाग्यले साथ नदिएको बताए । उनले पनि रेफ्रीको निर्णयमा चित्त बुझाउने स्थान नरहेको बताए । 'हामीले बल पोसेसन राम्रो बनायौं, तर भाग्यले साथ दिएन,' महर्जनले भने, 'धनगढीको गोल स्पष्ट अफसाइड थियो, तर रेफ्रीले दिएनन् ।' धनगढीका लेबनानी गोलरक्षक मोहम्मद टाहा व्यस्त रहे । उनले लुम्बिनीका धेरै आकर्षक गोल प्रयास बचाएका थिए । 'जसरी हुन्छ प्रतियोगिता जित्न चाहन्छौं । यो जित निकै महत्त्वपूर्ण छ,' लेबनानको राष्ट्रिय टोलीबाट तीन खेल खेलेका टाहाले भने ।

संघको वर्गीकरण गर्ने तयारीमा राखेप

काठमाडौं / खेल क्षेत्रमा लामो समयदेखि क्रियाशील खेलविज्ञलाई समेट्दै राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले राष्ट्रिय खेल संघलाई वर्गीकरण गर्ने तयारी सुरु गरेको छ । राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ परिच्छेद २ को नियम ३ बमोजिम समिति र राखेपका सदस्यसचिवबाट खेलको वर्गीकरण र प्राथमिकता निर्धारण गरी परिषद्मा पेस गर्ने व्यवस्था रहेको छ । यसैअनुरूप राखेपका पूर्वसदस्यसचिव युवराज लामाको संयोजकत्वमा सात सदस्यीय खेलको वर्गीकरण र प्राथमिकता निर्धारण कार्यदल गठन गरिएको छ ।

सदस्यहरूमा राखेपका पूर्वउपाध्यक्ष एवं नेपाल ओलम्पिक कमिटी (एनओसी)का सहमहासचिव पीताम्बर तिम्सिना, एनओसीका महासचिव निलेन्द्रराज श्रेष्ठ, अखिल नेपाल फुटबल संघका पूर्वअध्यक्ष कर्माछिरिङ शेर्पा, माउन्टेन स्पोर्टस् फेडरेसन, नेपालका अध्यक्ष गोविन्दप्रसाद भट्टराई रहेका छन् । प्राविधिक प्रतिनिधिमा रञ्जन थापा तथा सचिवमा संघ संस्था समन्वय शाखाका प्रमुख चन्द्रकुमार राई छन् ।

खेल संघलाई क्रियाशील बनाई खेलकुद गतिविधिको कार्यान्वयनमा प्रभावकारिता ल्याउन बुधबार सदस्यसचिव टंकलाल घिसिङबाट कार्यदल गठन गर्ने निर्णय गरिएको हो । कार्यदलले विस्तृत अध्ययन गरी २१ दिनभित्र सदस्यसचिवलाई प्रतिवेदन पेस गर्नु पर्नेछ ।

घिसिङ राखेपको नेतृत्वमा आएपछि राष्ट्रिय खेल संघलाई प्रभावकारी ढंगले अगाडि बढाउन क्रियाशील छन् । उनको कार्यकालमा २४ संघले निर्वाचन सम्पन्न गरिसकेका छन् । कराँते, शारीरिक सुगठन, मुवाँथाई र पेन्टाथलन संघको एकीकरणसमेत भइसकेको छ । खेल संघको संख्यालाई २ अंकमा झार्ने अभियानमा सदस्यसचिव छन् ।

रेडियन्ट अन्तिम चारमा

काठमाडौं / आयोजक रेडियन्ट पब्लिकले नवौं रेडियन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुष र सिनियर महिलाको सेमिफाइनलमा स्थान पक्का गरेको छ । घरेलु कोर्टमा रेडियन्टले बिहीबार पुष्पसदनलाई २७-१० ले पराजित गऱ्यो । रेडियन्टको जितमा विदान कार्कीले ८ स्कोर गरे । जुनियर पुरुषमा दीप रोकायाको ६ अंकको सहयोगमा ग्रिनफिल्डले श्री नवीन ज्योतिलाई १७-८ ले हराउँदै अन्तिम चारको स्थान सुरक्षित गऱ्यो । सिनियर महिलामा रेडियन्ट पब्लिकले जेनिथमाथि २३-१७ को जित दर्ता गऱ्यो । रेडियन्टकी दिव्यान्शा कार्कीले १८ अंक जोडिन् । यसैगरी, सिनियर पुरुषमा जेनिथले विल्सन एकेडेमीलाई ५६-३१ ले हरायो । ज्ञानोदयले निसर्गलाई ५१-२० र एन्जल लर्डले ग्रिनफिल्डलाई ३६-२७ ले पाखा लगाउँदै अन्तिम चारको यात्रा पक्का गरे । जेनिथका सुशील शाहीले २०, ज्ञानोदयका दीपेश शाहीले २३ र एन्जल लर्डका रवि कार्कीले १७ स्कोर गरे ।

परवानीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिपनीमाल, बारा
मधेस प्रदेश, नेपाल

आ.व. २०८०/०८१ को लागि कबाडी मालसामान, जडीबुटी बिक्रि वितरण तथा उपयोगमा लाग्ने कर संकलन ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र आव्हानको सूचना

(दोस्रो पटक प्रकाशित मिति:- २०८०/०८/१५ गते)

यस परवानीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय लिपनीमाल बाराको आ.व.२०८०/०८१ को लागि मुख्य राजमार्ग समेत पालिकाको क्षेत्र भित्रका उद्योग कलकारखानाबाट निस्कने कबाडी माल, जडीबुटी र प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुहरूको हाड, सिंग, प्याँख, छाला वा यस्तै प्रकृतिको व्यवसायिक उपयोग गरे वापत बिक्री बितरण तथा उपयोगमा लाग्ने कर संकलनको लागि स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ६१ बमोजिम देहायको आन्तरिक आयसम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यस पालिकाले तोकेको शर्तहरूको अधिनमा रही इच्छुक व्यवसायी, फर्म, कम्पनी तथा व्यक्तिहरूबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी कर शुल्क संकलन गर्नका लागि यस पालिकाबाट जारी गरिएको तपशिल बमोजिमको बोलपत्र फाराम खरिद गरी तोकिएको म्याद भित्र बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

सि.नं.	ठेक्का नं.	किसिम	कर तथा मर्मत शुल्क संकलन क्षेत्र	न्यूनतम ठेक्का मुल्य रु. (भ्याट बाहेक)	बोलपत्र खरिद दस्तुर	कैफियत
१	PRM/001/2080/081	कबाडी माल, जडीबुटी तथा बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलन	मुख्य राजमार्ग समेत पालिकाको क्षेत्र भित्रका उद्योग तथा कलकारखानाहरू	१९,१०,०००।-	रु. ३,०००।-	

शर्तहरू:-

१) ठेक्का अवधि सम्झौता भएको मिति देखि २०८१ असार मसान्तसम्म हुने छ ।
२) बोलपत्र फारम र शर्तहरूको सूची यस कार्यालयको राजस्व शाखाबाट तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ ।
३) यस पालिका क्षेत्र भित्र स्थायी ठेगाना भएका बोलपत्र दाताहरूले अनिवार्य रुपमा पालिकामा व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
४) बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।
५) शिलबन्दी बोलपत्र फारम १६ औं दिनको १२:०० बजे भित्र तथा उक्त दिन बिदा परेमा सोको भोलि पल्ट दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गर्न सकिनेछ । दर्ता भएकै दिनको ०१:०० बजेपछि बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ।
६) नेपाली नागरिक भए ५% र गैर नेपाली नागरिक भए १०% आफूले कबुल गरेको रकमको धरौटीको रुपमा यस गाउँपालिकाको नबिल बैंक लिमिटेड शाखा कार्यालय परवानीपुरको धरौटी खाता नम्बर 21901017500026 मा जम्मा गरेको सक्कल भौचर वा १२० दिन सम्म म्याद भएको मान्यता प्राप्त बैंक जमानत (बैंक ग्यारेन्टी) फारम सँग संलग्न हुनु पर्नेछ ।
७) बोलपत्रदाता वा निजहरूको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
८) कार्यालयबाट बिक्री नभएको, बोलपत्रदाताको दस्तखत नभएको र शर्त राखि पेश भएको बोलपत्र मान्य हुने छैन ।
९) रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
१०) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
११) व्यक्तिको हकमा बोलपत्र स्वीकृत भए पछि सम्झौता गर्न आउदा मूल्य अभिवृद्धि करमा दर्ता गरेको प्रमाण पेश गर्नुपर्नेछ ।
१२) बोलपत्र फारम भर्दा आफूले कबुल गरेको रकम अंक र अक्षर दुबैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
१३) बोलपत्र खरिद गर्न इच्छुक व्यवसायी, फर्म तथा कम्पनीहरूले मु.अ.कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि, आ.व. २०८०/०८१ सम्मको फर्म नविकरण, आ.व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी र PAN CARD पेश गर्नुपर्नेछ ।
१४) बोलपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र सम्झौता गरी धरौटी बाहेक कबुल गरेको सम्पूर्ण रकमको ४०% प्रथम किस्ता कार्यालयको आन्तरिक राजश्व खातामा जम्मा गरी सक्कल भौचर सहित चलनपूर्जी लिन आउनु पर्नेछ । यदि एकमुष्ठ रुपमा रकम जम्मा गर्दा ५% छुट दिईनेछ ।
१५) बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा घरदैलोमा टाँस भएको मितिले ७ (सात) दिन भित्र नियमानुसार सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरी दोश्रो बोलपत्र दाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पूनः बोलपत्र आव्हान गर्ने अधिकार गाउपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।
१६) बन्द, हडताल लगायत जस्ता कुनै पनि कारणबाट ठेकेदारलाई क्षति पुग्न गएमा ठेकेदार स्वयमले जिम्मेवार हुनुपर्ने र त्यस वापत यस कार्यालयबाट कुनै क्षतिपूर्ति तथा मिनाहा दिईने छैन ।
१७) यस परवानीपुर गाउँपालिकाको आर्थिक ऐन, २०८०/८१ मा निर्धारित कबाडी माल, जडीबुटी तथा बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलनसम्बन्धी राजश्वका क्षेत्र तथा दररेट अनुसार ठेकेदारले कर असुल गर्नुपर्नेछ । तोकिएको क्षेत्र तथा दररेट भन्दा बढी कर असुल गरेको प्रमाण फेला परेमा ठेक्का रद्द गरिनेछ ।
१८) कर/शुल्क संकलनको दररेट बोलपत्र फारममा संलग्न गरिएको छ ।
१९) पालिका क्षेत्रभरिको कुनै पनि बाटोमा ढाँट लगाउन पाईने छैन ।
२०) यस सूचनामा उल्लेख नभएका अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ लगायत अन्य प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।
२१) यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

ठाटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

सूचना प्रकाशित मिति : २०८०/०८/१५ गते

यस ठाटीकाँध गाउपालिका अन्तर्गत तपसिल बमोजिमका निर्माण कार्यका लागि प्रकाशित बोलपत्र आवहानको सम्बन्धित सूचना अनुसार विद्युतीय माध्यामबाट पर्ने आएका तपशिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावकारी देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(१) बमोजिम स्विकृतका लागि छनौट गरिएकोले सोहि ऐनको दफा २७(२) र दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराईन्छ ।

तपसिल :

सि. नं	ठेकका नं.	योजनाको नाम	स्वीकृत फर्मको नाम ठेगाना	बोलपत्र धटी कबोल अङ्क
1	TRM/DLK/NCB/ TBDNKSNAS/ 03-2080/081	Thatikandh Bijare Dhankot Naulawan Kadha Sadak Naya Nirman And Staranoti Thatikandh Gaupalika ward no 01,06,04 Dailekh	Sachet NirmanSewa BI.NA.PA. 3 Surkhet, Karnali Province Nepal	96,50,818.62

प्रमुख प्रसाशकीय अधिकृत

राष्ट्रिय सहकारी विकास बोर्ड
पुल्चोक, ललितपुर
सम्पर्क फोन नं.: ०१-५०१०१३१

राष्ट्रिय सहकारी विकास बोर्डमा धितो मूल्यांकनकर्ताको रुपमा सूचीकृत हुन आवेदन दिने सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०८०/०८/१५)

यस बोर्ड अन्तर्गत रहेको सहकारी विकास कोषबाट सहकारी संघ/संस्थाहरुलाई प्रदान गरिने ऋण लगानीको सुरक्षण वापत लिईने धितोको मूल्यांकन गर्न बोर्डले तोके बमोजिमको स्थानहरुमा गई धितो मूल्यांकन गर्न मूल्यांकनकर्ताको रुपमा सूचीकृत हुन ईच्छुक योग्य व्यक्ति तथा ईन्जिनियरिङ्ग कन्सलटेन्सी फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस बोर्डको कोष व्यवस्थापन महाशाखा/शाखामा शिलबन्दी दरखास्त (आवेदन) पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

मूल्यांकनकर्ताले दरखास्त साथ निम्न कागजातहरुको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

क) इन्जिनियर/सव इन्जिनियरको (व्यक्ति) हकमा

अ) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
आ) अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
इ) नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
ई) इन्जिनियरको व्यक्तिगत विवरण (Bio-data),
उ) नेपाल इन्जिनियरिङ्ग परिषदबाट स्वीकृत प्राप्त गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
ऊ) PAN दर्ता र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
ए) पासपोर्ट साईजको फोटो २ प्रति,
ऐ) कालो सुचिमा नपरेको स्वघोषणापत्र,
ओ) सहकारी विकास बोर्डले माग गरेको अन्य कागजातहरुको प्रमाणित प्रतिलिपि ।

ख) कन्सलटेन्सी फर्म/कम्पनीको हकमा

अ) फर्म/कम्पनीदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नविकरण भएको),
आ) कम्पनीको हकमा आयकर दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नविकरण भएको),
इ) प्रोप्राईटर/संचालकहरुको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र अनुभव सहितको व्यक्तिगत विवरण,
ई) फर्म/कम्पनिको आवश्यक कागजातहरु (Profile) तथा कार्यालय संरचनाको विवरण,
उ) फर्म तथा कम्पनीमा कार्यरत इन्जिनियर तथा सव ईन्जिनियरहरुले नेपाल इन्जिनियरिङ्ग परिषदबाट स्वीकृत/प्राप्त गरेका लाइसेन्स प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
ऊ) VAT दर्ताको प्रमाण पत्रको प्रतिलिपि,
ए) कालो सुचिमा नपरेको स्वघोषणापत्र,
ऐ) सहकारी विकास बोर्डले माग गरेको अन्य कागजातहरुको प्रमाणित प्रतिलिपि ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com